नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

शुक्रबार, असोज ५, २०७५ | Friday, September 21, 2018 | www.newsofnepal.com | नेसं ११३८ ञलाथ्व १२ | वर्ष २४, अंक २५४ | पृष्ठ १२ | मूल्य रू १०/–

विदेशमा बस्ने नेपालीलाई मताधिकार

# आदेश पालना गर्न सरकारलाई कठिन

सुनील महर्जन, काठमाडौं

निर्वाचन आयोगले विदेशमा रहेका नागरिकलाई मतदानमा भाग लिन सक्ने विषयमा विस्तृत अध्ययन गर्नुपर्ने भन्दै सरकारलाई झकझक्याएको छ।

विदेशमा बस्ने नेपालीलाई निर्वाचनमा सहभागी गराउन नेपालसँग अनुभव नभएको भन्दै आयोगले थालेको औपचारिक तथा अनौपचारिक छलफलमा सरकारलाई कसरी अगाडि बढ्ने भन्ने बारेमा तयारी गर्न आग्रह गरेको छ।

सर्वोच्च अदालतले विदेशमा बस्ने नेपाली नागरिकको मतदानको अधिकार सुनिश्चित गर्न सरकारको नाउँमा हालै निर्देशनात्मक आदेश जारी गरेको थियो। सर्वोच्चको आदेशपछि आयोगले यसबारे थप चासो देखाउन थालेको छ। सर्वोच्चको आदेशका बारे विस्तृत अध्ययन हुनुपर्ने निर्वाचन आयुक्त ईश्वरी पौडेलले बताउनुभयो। आयोगले सन् २००९ मा तयार गरेको दीर्घकालीन कार्ययोजनामा पनि विदेशमा बस्ने नेपालीलाई मतदानमा सहभागी गराउने विषयलाई समावेश गरिएको थियो।

आयोगले सन् २०१४ मा गरेको सम्भाव्यता अध्ययनमा पनि विदेशबाट मत दिन सकिने निष्कर्ष निकालेको थियो। पूर्वनिर्वाचन आयुक्त दोलखबहादुर गुरुङको नेतृत्वमा खटिएको टोलीले अमेरिका, मलेसियालगायतका देशमा स्थलगत अध्ययन गरेर फर्केको थियो।

'अदालतले विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार सुनिश्चित गर्न सरकारलाई निर्देशनात्मक आदेश दिएको थियो। यो अधिकारको प्रयोग कसरी गर्ने भन्नेबारेमा अरू देशको अनुभवको अध्ययन गर्नुपर्दछ।' -आयुक्त पौडेलले भन्नुभयो। विदेशमा बस्ने नेपालीलाई मतदानमा सहभागी गराउन आवश्यक रहे पनि सो कार्य सहज नभएको आयुक्त पौडेलले बताउनुभयो। निर्वाचनमा भाग लिन नेपालीहरू कुन कुन देशमा कति छन् भन्ने वास्तविक लगत पत्ता लगाउनु आवश्यक रहेको पनि आयोगको भनाइ रहेको छ।

सो विषयमा दायर गरेको रिटमा ३५ लाखभन्दा बढी नेपाली विदेशमा रहेका दाबी गरिएको छ। कतिपयले ४० लाख नेपाली विदेशमा रहेको दाबी गर्दै आएका छन्।

विदेशमा कति नेपाली छन् भन्ने आधिकारिक अभिलेख कसैसँग नभएको पौडेलले जानकारी दिनुभयो। त्यसैगरी नेपाली पुगेको देशको संख्या पनि यकिन नभएको परराष्ट्र मन्त्रालयले जनाएको छ। कसैले १ सय १२, कसैले १ सय १४ त कसैले १ सय १५ देशमा नेपाली रहेको बताउने गरेका छन्। विदेशमा बसेको भए तापनि नेपाली नागरिकता नत्यागेको र अन्य कुनै पनि देशको नागरिकता नलिएको हुनुपर्ने आदेशमा उल्लेख गरिएको छ। 'शुरूमा नेपालीको संख्या कति छ, त्यो पत्ता लगाउनुपर्‍यो।' -आयुक्त पौडेलले भन्नुभयो।

आदेशमा मतदानका लागि कानुनबमोजिमको उमेर पूरा भई मतदाता परिचयपत्र भएको तथा विदेशमा रहेका नागरिकको सम्बन्धमा कूटनीतिक निकायले तयार गर्ने लगतमा अद्यावधिक भएको व्यक्तिलाई योग्य मानी सोहीअनुसारको व्यवस्था गर्न भनिएको छ।

(क्रमशः पृष्ठ ९ मा)

## अख्तियारमा घिमिरे

काठमाडौं, (नेस)



अख्तियार दुरुपयोगअनुसन्धान आयोगको प्रमुखमा पूर्वसचिव नवीनकुमार घिमिरे चयन हुनुभएको छ। संसदीय सुनुवाइ समितिको बिहीबार बसेको बैठकले आयोगका आयुक्त घिमिरेको नाम सर्वसम्मत अनुमोदन गरेको हो। गत भदौ २० गते बसेको संवैधानिक परिषद्को बैठकले घिमिरेलाई आयोग प्रमुखका लागि सिफारिस गरेको थियो।

समितिले उहाँको नाम अनुमोदन गरेसँगै उहाँलाई राष्ट्रपति विद्यादेवी भण्डारीले नियुक्त गर्ने संवैधानिक व्यवस्था छ।

घिमिरेविरुद्ध उजुरी आह्वान गरिए पनि कुनै उजुरी परेको थिएन। यसैबीच अख्तियार प्रमुखमा अनुमोदित भएलगत्तै घिमिरेले आयोगको कार्यालय पुगी पदभार ग्रहण गर्नुभयो।

प्रधानन्यायाधीश ओमप्रकाश मिश्रले उहाँलाई पद तथा गोपनीयताको शपथ गराएलगत्तै पदभार ग्रहण गराउनुभएको हो।

(क्रमशः पृष्ठ ९ मा)

## वरिष्ठ न्यायाधीश जोशीमाथि महाअभियोग तयारी

काठमाडौं, (नेस)



सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीश दीपकराज जोशीलाई महाअभियोग लगाउने तयारी थालिएको छ। वरिष्ठ न्यायाधीश जोशीले नैतिकताका आधारमा राजीनामा नदिएको भन्दै संसद्मा महाअभियोग लगाउने तयारी थालिएको संसदीय सुनुवाइ समितिका सदस्य शिवकुमार मण्डलले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो।

संविधानको धारा १३१ (ग) मा धारा १०१ बमोजिमको महाअभियोगको प्रस्ताव पारित भएमा अदालतका न्यायाधीश पदमुक्त हुने व्यवस्था छ। धारा १०१ मा प्रतिनिधिसभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्यले सर्वोच्च अदालतका न्यायाधीशविरुद्ध महाअभियोगको प्रस्ताव पेस गर्न सक्ने उल्लेख छ।

यस्तो प्रस्ताव प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतबाट पारित भएमा सम्बन्धित व्यक्ति पदबाट मुक्त हुने व्यवस्था पनि सो धारामा गरिएको छ। सदस्य मण्डलले भन्नुभयो- 'अस्वीकृत भएको व्यक्तिले नैतिकताका आधारमा राजीनामा दिनुपर्थ्यो। नियत राम्रो देखिएन। त्यही भएर हामीले कानुनी आधारमा महाअभियोग लगाउने तयारी गरेका हौं।'

प्रधानन्यायाधीशमा जोशीको नाम संवैधानिक परिषद्ले सिफारिस गरे पनि संसदीय सुनुवाइ समितीको बहुमतले गत साउन १८ गते अस्वीकृत गरेको थियो। जोशीले अध्ययन गरेको संस्थाबाट प्राप्त गरेको शैक्षिक प्रमाणपत्रहरू विवादित र जन्ममितिसमेत फरक-फरक प्रकृतिको रहेको भन्दै समितिले अस्वीकृत गरेको थियो।

(क्रमशः पृष्ठ ९ मा)

# सबै समितिका सभापति निर्विरोध

नेपाल समाचारपत्र
काठमाडौं

प्रतिनिधिसभाअन्तर्गतका १० वटा विषयगत समितिका सभापति बिहीबार निर्विरोध चयन भएका छन्।

प्रतिनिधिसभाका अर्थसमितिमा कृष्णप्रसाद दाहाल, अन्तर्राष्ट्रिय सम्बन्ध समितिमा पवित्रा निरौला खरेल, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा विमलप्रसाद श्रीवास्तव, कानुन, न्याय तथा मानव अधिकार समितिमा कृष्णभक्त पोखरेल, कृषि र सहकारी तथा प्राकृतिक स्रोत समितिमा पूर्णकुमारी सुवेदी सभापति बन्नुभएको छ।

यस्तै महिला तथा सामाजिक समितिमा निरुदेवी पाल, राज्य व्यवस्था समितिमा शशी श्रेष्ठ, विकास तथा प्रविधि समितिमा कल्याणी खड्का, शिक्षा तथा स्वास्थ्य समितिमा जयपुरी घर्ती र सार्वजनिक लेखा समितिमा नेपाली कांग्रेसका भरतकुमार साह सभापति बन्नुभएको छ।

संसद्को संयुक्त समितिका रूपमा रहेका सार्वजनिक सुनुवाइ समिति, राज्यका निर्देशक सिद्धान्त समिति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्यांकन समितिको निर्वाचन आइतबार हुने भएको छ।

सुनुवाइमा राजपाका सांसद लक्ष्मणलाल कर्ण र अनुगमन तथा मूल्यांकन समितिमा नेकपाकी निरादेवी जैरु सभापति हुने निश्चित भएको छ। सभापतिले राज्यमन्त्रीसरह सुविधा पाउनेछन्।

सभापतिमध्ये कर्ण, दाहाल, खरेल, श्रीवास्तव, पोखरेल, साह निर्वाचित सांसद हुनुहुन्छ।

> संसद्को संयुक्त समितिको रूपमा रहेका सार्वजनिक सुनुवाइ समिति र राज्यका निर्देशक सिद्धान्त समिति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिको निर्वाचन आइतबार

प्रतिनिधिसभा नियमावलीमा ३३ प्रतिशत सभापति महिला हुनुपर्ने व्यवस्था छ। तर प्रतिनिभिसभामा नै ६० प्रतिशत सभापति महिला भएका छन्। सबैभन्दा बढी सदस्य विकास तथा प्रविधि समिति र सार्वजनिक लेखा समितिमा रहेका छन्, यी समितिमा २७ जना सदस्य छन् भने कानुन, न्याय तथा मानव अधिकार समितिमा २३ सदस्यमात्र छन्।

आज शुक्रबार ११ बजेका लागि मतदानको सूचना प्रकाशित गरिएको थियो। निर्वाचन कार्यतालिकाअनुसार बिहीबार साँझ ५ बजेसम्म उम्मेदवार दर्ताको समयसम्म सबै समितिमा एक जनाको मात्र उम्मेदवारी परेको प्रतिनिधिसभाका सचिव गोपालनाथ योगीले जानकारी दिनुभयो।

आज ११ बजे सबै समितिको बैठक बोलाइएको छ। बैठकको सभापतित्व गरिरहेका सभापतिले निर्विरोध निर्वाचित सभापतिलाई सभापति घोषणा भएको जनाउँदै जिम्मेवारी सुम्पनेछन्। प्रतिनिधिसभाका सचिव गोपालनाथ योगीले २ बजे सभापतिको शपथ हुने सम्भावना रहेको जनाउनुभएको छ। भदौ ५ गते पहिलोपटक निर्वाचनको मिति तोकिएको थियो भने त्यसपछि १७ गतेका लागि तोकिएको निर्वाचन पनि अन्तिम अवस्थामा आएर सरेको थियो।

राष्ट्रियसभामा रहेका ४ वटा विषयगत समितिको निर्वाचनबाट सभापति चयन भइसकेका छन्। दिगो विकास तथा सुशासन समितिमा नेपाली कांग्रेसकी सांसद तारादेवी भट्ट सभापति हुनुहुन्छ, अन्य समितिमा नेपाल कम्युनिस्ट पार्टीका परशुराम मेघी गुरुङ, रामनारायण बिडारी र दिलकुमारी रावल थापा (पार्वती) सभापति हुनुहुन्छ।

## सिंहदरबारमा सुरक्षा थ्रेट

# पश्चिम गेट सर्वसाधारणका लागि बन्द

मधुसूदन रायमाझी
काठमाडौं

सुरक्षा कारण देखाउँदै देशको प्रमुख प्रशासनिक निकाय सिंहदरबार प्रवेश गर्ने पश्चिम उत्तरको दुई नम्बर गेट सर्वसाधारणका लागि बन्द गरिएको छ।

सर्वसाधारणका लागि पनि सञ्चालनमा रहेको दुई नम्बर (नेपाली सेना)को गेट निजामती कर्मचारीले मात्र प्रवेश पाउने गरी बन्द गरिएको छ।

सुरक्षाकर्मी र कार्यालय समयमा निजामती कर्मचारीले मात्र प्रयोग गर्ने गरी पश्चिम उत्तरतर्फको गेट बन्द गरिएको गृह मन्त्रालयका सूचना अधिकारी एकदेव अधिकारीले *नेपाल समाचारपत्र*लाई बताउनुभयो। उहाँले सिंहदरबारभित्र प्रवेश गर्न सहज बनाउनका लागि अध्ययन भइरहेको जानकारी दिनुभयो।

सिंहदरबार सुरक्षा समन्वय समितिले सूचना अधिकारीको संयोजकत्वमा सिंहदरबारस्थित नेपाली सेनाको सेनानी र महानगरीय सुरक्षा प्रहरी गण सिंहदरबारका



प्रहरी निरीक्षक रहेको तीन सदस्यीय समिति गठन गरेको छ। समितिले पेस गर्ने प्रतिवेदनका आधारमा केही समयभित्र नै सिंहदरबारमा सवारी र झोला चेक गर्न दक्षिण गेटमा एक्सरे मेसिन जडान गर्ने तयारी गरेको छ।

सिंहदरबारमा रहेको चारवटा गेटमध्ये दक्षिण गेट मात्र सर्वसाधारणका लागि सञ्चालमा रहेको छ। दक्षिण गेटबाट प्रवेश गरेर पश्चिम उत्तर (नेपाली सेना)को गेटबाट सर्वसाधारण बाहिर निस्कने गरेका थिए।

उक्त गेट बन्द भएसँगै दक्षिण गेटमा हाल ट्राफिक जाम अत्यधिक हुने गरेको छ। प्रवेश गर्ने र बाहिरिने दक्षिण गेटबाट मात्र हुँदा चेकचाँजमा समस्या हुने गरेको बताइएको छ।

महानगरीय सुरक्षा प्रहरी गण सिंहदरबारले दक्षिणबाट प्रवेश गरेपछि पूर्वी गेटबाट बाहिरिने व्यवस्था गर्दा राम्रो हुने बताएको छ। एक प्रहरी अधिकृतले भने- 'एउटै गेटबाट आउने/जाने गर्दा चेकजाँचमा समस्या भएको छ, सकेसम्म पूर्वी गेटबाट बाहिरिने व्यवस्था भए सुरक्षाको दृष्टिकोणले पनि राम्रो हुन्छ।'

सिंहदरबार सुरक्षा समन्वय समितिका अनुसार बिहान ९ देखि ११ र दिउँसो ४ देखि ६ बजेसम्मका लागि परिचयपत्रको आधारमा मात्र कर्मचारीलाई प्रवेश दिइने भएको छ। समितिले दक्षिणतर्फको तीन नम्बर गेट प्रयोग गर्न पनि सर्वसाधारणलाई आग्रह गरेको छ।




# महानगर

2018, SEP
Friday
21

अमेरिकाको मेजर लिग सकरलाई अनुसरण गरेर हो कि, एन्फाले पनि नेपालमा रेलिगेसन प्रणाली हटाएको छ। जसका कारण लामो समयपछि हुन लागेको लिगलाई क्लबहरूले गम्भीरतापूर्वक लिन नसकेको देखिएको छ। जसका कारण झारो टराइमा क्लबले तयारीलाई अघि बढाएका छन्।

कविरस शर्मा
kabirash2006@gmail.com




# पहिलोपटक रेलिगेसनविहीन लिग

यसपटक रेलिगेसन नहुने गरी सञ्चालन गर्ने सहिद स्मारक 'ए' डिभिजन लिग असोज १३ देखि पौष ३० गतेसम्म हुने भएको छ। लिगअगाडि त्रिपुरेश्वरस्थित दशरथ रंगशालाबाट एन्फाले सहिद स्मारकको ट्रफी टुरसमेत शुरू गरिसकेको छ। केही दिनपछि शुरू हुने लिगका खेलहरू राउन्ड रोविन लिग प्रणालीअनुसार खेलाइनेछ। आलोचना र समर्थनका बीच असोज १३ बाट लिग शुरू हुनेछ।

विभिन्न कारणले २०७० सालपछि पहिलोपटक हुन लागेको 'ए' डिभिजन लिगको ६४ वर्ष लामो यात्राले यसपाली नयाँ मोड लिँदै छ। लिगको ४२औं संस्करणमा घटुवा अर्थात् रेलिगेसन प्रणालीलाई हटाइएको छ। लिगमा यस्तो व्यवस्था पहिलोपटक लागू गर्न लागिएको हो। यसमा एन्फाका पदाधिकारीहरूले अहिले रेलिगेसन हुने लिग सञ्चालन गर्न नसकिने स्पष्ट पारिरहेका छन्।

विगत ४ वर्षदेखि हुन नसकेको 'ए' डिभिजन लिगले बल्ल निकास पाएको छ। त्यस अन्तरालमा विभिन्न मितिमा गर्ने भनिए पनि अखिल नेपाल फुटबल संघको आन्तरिक किचलोका कारण लिगले गति पाउन सकेको थिएन। पछिल्लोपटक २०७० मा 'ए' डिभिजन लिगको ४१औं संस्करण सम्पन्न भएको थियो। यसअघि थुप्रैपटक आयोजनाको मिति तोकिए पनि हुन नसकेको लिगलाई पुनर्जीवन दिने निर्णय गर्दा एन्फा नेतृत्व आफैंले उठाएका मुद्दामा चुकेको थियो।

एन्फाको तत्कालीन नेतृत्वले २०७१ मा राष्ट्रिय लिगको अवधारणा ल्याएको थियो। मोफसलका चार क्लबसमेत समावेश गरिएको राष्ट्रिय लिग चल्दै गर्दा २०७२ मा भूकम्प गएपछि २ वर्ष लगाएर त्यो प्रतियोगिता सम्पन्न गरिएको थियो। त्यसपछि एन्फाले 'ए' डिभिजनको लिग गर्न सकेको थिएन। तर अहिले कर्मा छिरिङ शेर्पाको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएपछि एन्फाले असोजमा लिग गर्ने घोषणा गरेको हो।

यसबीच केही प्रतिभावान खेलाडीसमेत पलायन भए। तर ती सबै कुरालाई चिर्दै अन्ततः शेर्पाको अध्यक्षतामा चयन भएको एन्फाको नयाँ कार्यसमितिले लिगको आयोजनाको अन्तिम टुंगो लगाउन सफल भएको छ।

यसपटक भने लिगको स्वरूपमा केही फेरबदल भएको छ। सधैं हुँदै आएको घटुवा र बढुवा प्रणाली हटाइएको छ। अमेरिकाको मेजर लिग सकरलाई अनुसरण गरेर हो कि, एन्फाले पनि नेपालमा रेलिगेसन प्रणाली हटाएको छ। जसका कारण लामो समयपछि हुन लागेको लिगलाई क्लबहरूले गम्भीरतापूर्वक लिन नसकेको देखिएको छ। जसका कारण झारो टराइमा क्लबले तयारीलाई अघि बढाएका छन्। प्रायः जस्तो क्लबहरूले यसपाली घटुवा भइएला कि भन्ने सबैभन्दा ठूलो भयबाट मुक्ति पाएका छन्।

सके उपाधि नसके 'बी' डिभिजनमा घटुवा नहुने निश्चित भएपछि क्लबहरू अहिले तनावमुक्त भएका छन्। रेलिगेसन नहुने भएपछि 'ए' डिभिजनको हैसियत जोगाउनेमात्र लक्ष्य बोकेका अधिकांश क्लबलाई आफ्नो टिम बलियो बनाउन लगानी गर्नुपर्ने दबाबबाट समेत राहत मिलेको छ। तर यस्तो प्रणालीले नेपाली फुटबलको स्तरलाई माथि उकास्न के कति सहयोग पुग्ला भन्ने विषयमा भने प्रश्न चिह्न खडा भएको छ।

जसरी एसएलसीमा अनुत्तीर्ण हुने प्रणालीलाई हटाएर ग्रेड व्यवस्था लागू गरियो, त्यसैको सिको अहिले नेपाली घरेलु फुटबल लिगले पनि गरेको छ। शैच्छिक क्षेत्रमा नियम परिवर्तन गरिएजस्तै 'ए' डिभिजन लिगको पुछारमा रहने टोलीको ग्रेड घटेर 'बी' डिभिजनमा नझर्ने भएपछि फुटबलको स्तर गिर्ने शंका उत्पन्न भएको हो। रेलिगेसनबिनाको प्रतियोगिताले लिगको औचित्य समाप्त गर्ने प्रश्न उठिरहेका बेला एन्फाले गतमहिना पुरानो निर्णयमा केही परिमार्जन गऱ्यो।

त्यसअनुसार लिगको पुछारमा रहने तीन टोलीले अर्को सिजन लिगमा तिर्नुपर्ने गरी क्रमशः ३, २ र १ अंक खोस्ने निर्णय गरेको थियो। तर एन्फाको पछिल्लो निर्णयअनुसार अब पुछारका दुई टोलीले मात्र कमजोर प्रदर्शनको मूल्य चुकाउनुपर्ने नियम अघि सारेको छ।

१४ टोलीले सहभागिता जनाउने यस लिगमा १३औं र १४औं स्थानमा रहेका टोलीका लागि घाटा हुनेछ। रेलिगेसनबिना सञ्चालन हुने लिगको १३औं स्थानमा रहने टोलीको अर्को वर्ष १ अंक घटाइनेछ। सो टोलीलाई दिइने सहयोग रकममा २ लाख पनि काटिनेछ। त्यस्तै अन्तिम स्थान प्राप्त गर्ने टोलीको अर्को वर्ष २ अंक घटाइनेछ र ३ लाख सहयोग रकम पनि कट्टा गरिनेछ। तर फेयर प्ले घोषित टोलीलाई १ लाख नगद पुरस्कारले सम्मानित गरिने परिपाटीलाई भने कायमै राखेको छ।

घटुवा प्रणाली रोकिएसँगै 'बी', 'सी' र 'डी' डिभिजनका फुटबल क्लबको औचित्य पनि एन्फाले स्पष्ट पार्न सकेको छैन। यदि कुनै पनि क्लबको घटुवा र बढुवा हुँदैन भने 'बी' बाट 'ए', 'सी' बाट 'बी' र 'डी' बाट 'सी' डिभिजनमा पुग्नका लागि खेल्ने क्लबको अस्तित्वको विषयमा एन्फाले आफ्नो धारणा सार्वजनिक गर्नुपर्दछ। एन्फाले यसरी फुटबलको दायरा खुम्च्याउनाले मोफसल तथा अन्य स्तरका खेलाडीसमेत अन्यायमा पर्ने देखिन्छ।

यसअघि रेलिगेसन प्रणाली भएकै कारण अहिलेका थुप्रै क्लबहरूले 'ए' डिभिजनमा सफलताको तहल्का मच्चाउने अवसर पाएका छन्। जसमध्ये लिगको सर्वाधिक उपाधि विजेता मनाङ मर्स्याङ्दी क्लबको उत्कृष्टता यसको राम्रो उदाहरण हो। यस्तै आरसीटीजस्ता अन्य केही चर्चित क्लबलाई भने रेलिगेसनविहीन अहिलेको लिग प्रणालीले चोट दिने काम गरेको छ। रेलिगेसन नहुने प्रणालीले यी क्लबको 'ए' डिभिजन भविष्य अनिश्चित बनेको छ।

## विभागीय टोली बढी सक्रिय

लिगमा प्रतिस्पर्धा गर्ने तयारीमा रहेका १४ क्लबमध्ये ३ विभागीय क्लबमात्र नियमित अभ्यासमा छन्। बाँकी तयारी शुरू गर्ने कोसिसमा छन्। लिग शुरू हुन एक हप्तामात्र बाँकी रहँदा पनि लिग हुने काठमाडौंको माहौल फुटबलमय बन्न सकेको छैन। एन्फाको तयारी जोडतोडले चलिरहे पनि क्लबको तयारी भने सुस्त छ।

कतिपयले तयारी थालेको केही समयमात्र भएको छ भने कतिपयले भर्खरै मात्र शुरू गरेका छन्। केहीले विदेशी खेलाडी भित्र्याउने प्रयास गर्दैछन् भने केहीको नेपाली खेलाडी अनुबन्ध हुने क्रम शुरू भइसकेको छ। हतारको तयारीले लिग खेल्ने सबै टोलीको तयारीमा प्रतिकूलता छाएको छ। जसमध्ये केही सफल र विभागीय टोलीहरू पनि अछुतो छैनन्।

सर्वाधिक ७ पटक लिगको उपाधि उचालेको मनाङ मर्स्याङ्दी क्लबले लिग शुरू हुन दुई साताअघिबाट मात्र प्रशिक्षण शुरू गरेको छ। विदेशी प्रशिक्षक र ३ विदेशी खेलाडी भित्र्याएको मनाङले भदौ ३१ गतेबाट मात्र तयारी थालेको हो। सानो गौचरण मैदानमा मनाङ टोलीले तयारी गरिरहेको छ। मोफसलमा हुने गोल्डकप प्रतियोगितामा पनि सर्वाधिक उपाधि उचाल्ने मनाङ २०७० सालको लिग विजेता पनि हो।

यस्तै अर्को प्रभावशाली टोली थ्रीस्टार क्लबले दुई साताअघिबाट मात्र प्रशिक्षण शुरू गरेको छ। सातोदोबाटोस्थित चर्च ग्राउन्डमा मेघराज केसीले टोलीलाई प्रशिक्षण दिइरहेका छन्। दुई विदेशी खेलाडी मार्टिन र पिटर पहिलेदेखि टिममा रहेका छन्। गत संस्करणको राष्ट्रिय लिग च्याम्पियन थ्रीस्टारले ४ पटक सहिद स्मारक 'ए' डिभिजन लिगको उपाधि जितिसकेको छ।

एन्फाको लापरबाहीका कारण एएफसी क्लब च्याम्पियनसिपको दोस्रो चरणमा सहभागिता जनाउन नपाएको थ्रीस्टार झन्डै १ वर्ष फुटबल गतिविधिबाट टाढिएको थियो। एन्फालाई चेतावनी दिँदै फुटबलबाहिर बसेको थ्रीस्टारले क्षतिपूर्ति पाएपछि पुनः खेलमा फर्कियो र उपाधिहरू पनि भित्र्यायो।

तीनपटक लगातार सहिद स्मारक 'ए' डिभिजन लिग उपाधि जितेको नेपाल पुलिस क्लबले भने यसपालीका लागि विशेष तयारी थालेको छ। पछिल्लो समय केही सुस्ताएझैं देखिएको पुलिस क्लब फेरि पुरानो लय समात्ने रणनीतिका साथ तयारीमा जुटेको हो। विभागीय क्लबको नियमित प्रशिक्षण हुने भए पनि पुलिसले लिग केन्द्रित गर्दै विशेष तयारी थालेको छ। यो वर्ष मोफसलमा भएका प्रतियोगितामा ७ पटक फाइनल पुगेर तीन उपाधि उचाल्दै लयमा फर्किएको संकेत गरेको पुलिसले लिग च्याम्पियन बन्ने दाबी गरेको छ।

नियमित प्रशिक्षणमा रहने विभागीय क्लब एपीएफले पनि तयारी तीव्र बनाएको जनाएको छ। पहिलोपटक लिगमा उपाधि जित्ने लक्ष्यका साथ तयारी थालेको छ। त्रिभुवन आर्मी क्लब पनि नियमित अभ्यासमा रहने टिम हो। तथापि टोलीले पछिल्लो समय नियमित अभ्यासलाई लिगको विशेष तयारीमा रूपान्तरण गरेको छ।

नेपालमा राणा शासनको अन्त्य भएको ४ वर्षपछि नै सहिद स्मारक नामबाट लिगको थालनी गरिएको हो। २०११ बाट शुरू भएको लिगको स्वरूपमा घटुवा र बढुवा प्रणाली हटाइएको यो पहिलोपटक हो। विगतमा दुईपटक राष्ट्रिय लिगको प्रयोग पनि भयो तर रेलिगेसनबिना निरन्तरता खोजेको भने यो नै पहिलोपटक हो।

यसअघि एकल, दोहोरो, सुपर लिगका साथै सुपर सिक्स, प्लेअफजस्ता विभिन्न ढाँचा अपनाए पनि पुछारको टोली 'ए' डिभिजनमा नै रहिरहने नियम भने थिएन। जसका कारण 'ए' डिभिजनको पुछारमा रहने कम्तिमा पनि एक टोली 'बी' डिभिजनमा घटुवा हुने प्रावधान रहँदै आएको थियो। यस्तै 'बी' डिभिजनमा शीर्ष स्थान हासिल गर्ने कम्तिमा पनि एक टोलीले 'ए' डिभिजन खेल्ने अवसर पाउँथ्यो। तर अहिले सामान्य भाषामा न घटुवा न बढुवा हुने लिग आयोजनाको निर्णय सर्वत्र आलोचनाको विषय बनेको छ।

## पुरस्कार राशीमा कटौती


२०७० सालमा उपाधि विजेता टोलीले ७५ लाख नगद पुरस्कार प्राप्त गरेको थियो। यसपटक भने विजेता बन्ने टोलीले २५ लाख कम अर्थात् ५० लाख नगद पुरस्कारमै चित्त बुझाउनुपर्ने भएको छ। तर दोस्रोदेखि छैटौं स्थानका लागि भने पहिलेकै रकम पुरस्कार दिइनेछ।

दोस्रो हुने टोलीलाई ३५ लाख र तेस्रो हुने टोलीलाई २५ लाख नगद प्रदान गरिनेछ। यसै गरी चौथोदेखि छैटौं स्थानसम्म रहने टोलीले क्रमशः १५ लाख, ७ लाख र ५ लाख नगद हासिल गर्नेछन्। व्यक्तिगत पुरस्कारमा उत्कृष्ट फरवार्ड, मिडफिल्डर, रक्षक, गोलकिपर र प्रशिक्षकले जनही एक थान मोटरसाइकल पुरस्कार पाउनेछन्।

| २०७० लिगको नतिजा | | पुरस्कार राशी |
|---|---|---|
| मनाङ मर्स्याङदी क्लब | विजेता | ७५ लाख |
| मच्छिन्द्र क्लब | उपविजेता | ३५ लाख |
| थ्रीस्टार क्लब | तेस्रो | २५ लाख |
| नेपाल पुलिस क्लब | चौथो | १५ लाख |
| संकटा क्लब | पाँचौं | ७ लाख |
| नेपाल एपीएफ क्लब | छैटौं | ५ लाख |
| फेयर प्ले उपाधि | संकटा क्लब | १ लाख |







## साली भिना

नायिका नीता ढुंगाना बलिउड अभिनेता गोविन्दाका साथ। नीताले गोविन्दासँगको भेटमा उनलाई भिनाजु सम्बोधन गरेकी थिइन्।

PAGE3

## बर्थडे सेलिब्रेसन

हास्य अभिनेता सिताराम कट्टेल बिहीबार रेडियो अडियोले आयोजना गरेको बर्थडे सेलिब्रेसनमा।



# इन्टु मिन्टु लन्डनमा र बाँध मायाले

## सहित एकै साता ३ फिल्म




चाडबाडको रौनक बढ्दै जाँदा फिल्म रिलिजमा पनि त्यसको असर देखिन थालेको छ। चाडबाडको रौनक बढेसँगै एकै साता २ वा त्योभन्दा बढी फिल्म रिलिज हुन थालेका छन्। यसै क्रममा यस साता एकसाथ ३ फिल्म रिलिज हुने भएका छन्। आज शुक्रबारबाट *इन्टु मिन्टु लन्डनमा, बाँध मायाले* र *धुम ३* एकसाथ रिलिज हुन लागेका हुन्।

*इन्टु मिन्टु लन्डनमा* कोरियोग्राफर रेनेशा वान्तवा राईको डेब्यु निर्देशनमा बनेको छ भने *बाँध मायाले* सविर श्रेष्ठ र *धुम ३* जयकिशन बस्नेतले निर्देशन गरेका छन्। लन्डन र नेपालका मनोरम दृश्यमा खिचिएकाले *इन्टु मिन्टु लन्डनमा*का दृश्यले आँखालाई लोभ्याउँछ। बिहीबार साँझ राजधानीमा प्रिमियर शो गरिएको फिल्म रोमान्टिक प्रेमकथामा बनेको छ। प्रज्वल शमशेर जबरा र रेनेशा वान्तवा राईको कथा रहेको फिल्ममा आभाष कर्माचार्य र रेनेशा वान्तवा राईकै संवाद रहेको छ। आइकोर फिल्मसको ब्यानरमा प्रज्जवल शमशेर जबरा र प्रभु शमशेर जबराद्वारा निर्देशित फिल्ममा धिरज मगर, सारुक ताम्राकार, साम्राज्ञी राज्यलक्ष्मी शाह, रुबी राणा, अर्जुन श्रेष्ठ, विजय लामा, विवेक लिम्बु, सुनिता ठाकुर श्रेष्ठ, सुनिशा बजगाईं, मेनिशा गुरुङलगायतले अभिनय गरेका छन्। वसन्त सापकोटा, संजिल कर्माचार्य, हर्कुलस बस्नेत र स्वप्न सुमनसमेतको संगीतकार रहेको फिल्म शैलेन्द्रध्वज कार्कीले छायांकन गरेका छन् भने कृष्ण भण्डारीको सम्पादन रहेको छ। निर्देशक रेनेशा वान्तवा राईले आफूले सधैं गुणस्तरमा विश्वास गर्ने गरेको र *इन्टु मिन्टु लन्डनमा*लाई परीक्षाका रूपमा लिएको बताएकी छिन्। उनले दर्शकको प्रतिक्रिया हेर्दा राम्रो काम गरेको रहेछु भन्ने महसुस भएको पनि बताइन्।

*बाँध मायाले* नामक फिल्म भावनात्मक प्रेम कथामा बनेको छ। यसलाई लिएर *पूर्व मिस नेपाल* तथा नायिका सृष्टि श्रेष्ठ उत्साहित छिन्। *बाँध मायाले* आफ्नो तेस्रो फिल्म भएकाले सृष्टि उत्साहित भएकी हुन्। *गाजल*जस्तो हिट फिल्म दिएपछि *रोमियो एन्ड मुना*मा अभिनय गरेकी उनले *बाँध मायाले*मा एक अनाथ युवतीको भूमिकामा अभिनय गरेकी छिन्। फिल्ममा सृष्टिका साथमा आर्यन अधिकारी, नवअभिनेता किशोर खड्का, राजाराम पौडेल, रवीन्द्रप्रताप सेन, विशाल चाम्लिङलगायतले अभिनय गरेका छन्। रामहरि धिताल र विभीषिका श्रेष्ठद्वारा निर्मित फिल्ममा केदार धिताल कार्यकारी निर्माता र महेन्द्र अधिकारी सहनिर्माता रहेका छन् भने अर्जुन पोखरेलको संगीत रहेको फिल्ममा कविराज गहतराज र रामजी लामिछानेको नृत्य निर्देशन, बाबु श्रेष्ठको छायांकान र राजु ढुंगानाको सम्पादन रहेको छ। निर्देशक सविर श्रेष्ठले आफ्नो यो पछिल्लो फिल्म *बाँध मायाले*ले दर्शकलाई बाँधेर राख्ने बताए।

*धुम ३* जयकिशन बस्नेतको लेखन निर्माण तथा निर्देशन रहेको फिल्म हो। फिल्म जयकिशन बस्नेत फिल्म्स प्रालिको ब्यानरमा जान्हवी बस्नेत र ब्रबीन बस्नेतद्वारा प्रस्तुत फिल्मलाई हास्यप्रधान भनिएको छ। जयकिशन बस्नेतको साथमा एलिना रायमाझी, प्रज्वल गिरी, लय संग्रौला, शोभित बस्नेत, उत्तम केसी, शुरवीर पण्डित, सिमरन कार्कीलगायतले अभिनय गरेको फिल्ममा टंक बुढाथोकी र ओम सुनारको संगीत, हिमाल केसीको द्वन्द्व, जीवन श्रेष्ठको छायांकन तथा तुलसी बास्कोटाको सम्पादन रहेको छ।



# ओस्कारलाई पञ्चायत सिफारिस



*९१औं एकेडेमी ओस्कार अवार्ड*को विदेशी भाषी फिल्म विधामा प्रतिस्पर्धी बन्न नेपालको छनोट समितिले *पञ्चायत* नामक फिल्मलाई सिफारिस गरेको छ।

नेपालको छनोट समितिले *ओस्कार*मा सहभागिताका लागि आह्वान गरेबमोजिम *तान्द्रो, पञ्चायत* र *माइ लभ : प्रोमिस फर काठमाडौं* दर्ता भएकामा प्राविधिक, कथ्यको प्रस्तुति, भावनात्मक विश्लेषण पक्ष तथा प्रस्तुतिको कलात्मक बनोटलाई दृष्टिगत गरी *पञ्चायत*लाई छनोट गरिएको समितिले जनाएको छ। छनोट समितिमा बिमल पौडेल संयोजक तथा प्रदीपकुमार उपाध्याय, लक्ष्मीनाथ शर्मा, राजेन्द्र शलभ, सामीप्यराज तिमल्सेना, लोकेन्द्र पराजुली (कपिल) र चीरञ्जीवी गुरागाईं रहेका छन्।

# मिसेस नेपालको ट्यालेन्ट



रिवन इन्टरटेनमेन्ट प्रालिको आयोजनामा राजधानीमा हुन लागेको विवाहित महिलाबीचको चौथो संस्करणको सौन्दर्य प्रतियोगिता *मिसेस नेपाल इन्टरनेसनल २०१८* का प्रतियोगिले आ-आफ्ना प्रतिभा प्रदर्शन गरेका छन्।

प्रतियोगीले *मिसेस ट्यालेन्ट* उपाधिका लागि आयोजित ट्यालेन्ट राउन्डमा आफ्ना प्रतिभा प्रदर्शन गरेका हुन्। ट्यालेन्ट सोमा प्रतियोगीले अभिनय, नृत्य, गीत संगीत, चित्रकला, वक्तृत्वकलालगायतका कला प्रदर्शन गरेका थिए। ट्यालेन्ट शोमा रंगकर्मी वीरेन्द्र हमाल, नृत्य निर्देशक गोविन्द राई, अभिनतृ अरूणा कार्की र निर्देशक सुमन दाहाल निर्णायक रहेका थिए। विभिन्न पेसामा आबद्ध तथा गृहिणीका रूपमा रहँदै आएका विवाहित महिलालाई समाजप्रति उत्तरदायी बनाउँदै उनीहरूको आत्मविश्वास र व्यक्तित्व विकासमा सघाउ पुर्‍याउन यो प्रतियोगिता गर्न लागिएको इभेन्ट निर्देशक निशुकान्त झाले बताए। उनका अनुसार यस वर्षको विजेताले सिंगापुरमा आयोजना हुने मिसेस इनटरनेसनल २०१८ मा भाग लिन पाउने छिन् भने पुरस्कारस्वरूप एक शानदार स्कुटर पाउने छिन्।





सम्मान चलचित्रको उत्सव उत्कृष्टताको




कामना फिल्म अवार्ड्स् २०७५

मन परेको फिल्म र फिल्मकर्मीलाई SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSORS: Pashupati BISCUITS, Norvic INTERNATIONAL HOSPITAL नर्भिक इन्टरनेशनल हस्पिटल

OFFICIAL DRINK: GOLDEN OAK

OFFICIAL BANK: prabhu Bank

RED CARPET: YETI PVC FLOORING Live with honour...

OFFICIAL VEHICLE: SUZUKI

विधा: सर्वोत्कृष्ट चलचित्र
ब्लाइन्ड रक्स (KFA 1A)
घामपानी (KFA 1B)
कृ (KFA 1C)
लीली बीली (KFA 1D)
शत्रु गते (KFA 1E)

विधा: सर्वोत्कृष्ट निर्देशक
दीपाश्री निरौला - छक्का पञ्जा २ (KFA 2A)
मिलन चाम्स - लीली बीली (KFA 2B)
नवल नेपाल - मंगलम (KFA 2C)
प्रदीप भट्टराई - शत्रु गते (KFA 2D)
सुरेन्द्र पौडेल - कृ (KFA 2E)

विधा: सर्वोत्कृष्ट अभिनेता
दीपकराज गिरी - छक्का पञ्जा २ (KFA 3A)
दयाहाङ राई - घामपानी (KFA 3B)
सौगात मल्ल - झ्यानाकुटी (KFA 3C)
अनमोल केसी - कृ (KFA 3D)
प्रदीप खड्का - लीली बीली (KFA 3E)
पुष्प खड्का - मंगलम (KFA 3F)

विधा: सर्वोत्कृष्ट अभिनेतृ
बेनीषा हमाल - ब्लाइन्ड रक्स (KFA 4A)
मेनुका प्रधान - शेरबहादुर (KFA 4B)
नीता ढुंगाना - पञ्चायत (KFA 4C)
प्रियंका कार्की - शत्रु गते (KFA 4D)
सारा सिरपाली - पिंजडा ब्याक अगेन (KFA 4E)
शील्पा पोखरेल - मंगलम (KFA 4F)

विधा: सर्वोत्कृष्ट खलपात्र
अनुपविक्रम शाही - कृ (KFA 5A)
विपीन कार्की - नाका (KFA 5B)
प्रशान्त ताम्राकार - ऐश्वर्य (KFA 5C)
पुकार भट्टराई - पिंजडा ब्याक अगेन (KFA 5D)
रमेश रञ्जन झा - संरक्षण (KFA 5E)

विधा : सर्वोत्कृष्ट हास्य कलाकार
केदार घिमिरे - छक्का पञ्जा २ (KFA 6A)
जयनन्द लामा - छक्का पञ्जा २ (KFA 6B)
बुद्धी तामाङ - दुई रूपैंया (KFA 6C)
राजाराम पौडेल - म यस्तो गीत गाउँछु (KFA 6D)
शिवहरी पौडेल - शत्रु गते (KFA 6E)

विधा: सर्वोत्कृष्ट संगीतकार
बसन्त सापकोटा -
मलाई आँखामा/ए मेरो हजुर २ (KFA 7A)
अर्जुन पोखरेल -
तिमी रोएको पल/ऐश्वर्य (KFA 7B)
हरी लम्साल -
उड्यो मन/ब्लाइन्ड रक्स (KFA 7C)
राजनराज शिवाकोटी -
कुटुमा कुटु/दुई रूपैंया (KFA 7D)
दीपक शर्मा -
पर्ख पर्ख/मंगलम (KFA 7E)

विधा: सर्वोत्कृष्ट पार्श्वगायक
कालीप्रसाद बास्कोटा -
ओडौंला पिरतीको/शत्रुगते (KFA 8A)
कृष्ण काफ्ले -
पर्ख पर्ख/मंगलम (KFA 8B)
सुगम पोखरेल -
भन्छु आज/म यस्तो गीत गाउँछु (KFA 8C)
सुगम पोखरेल -
तिमी रोएको पल/ऐश्वर्य (KFA 8D)
स्वरूपराज आचार्य -
सम्झनाको सारंगी/संरक्षण (KFA 8E)

विधा: सर्वोत्कृष्ट पार्श्वगायिका
अञ्जु पन्त -
भन्छु आज/म यस्तो गीत गाउँछु (KFA 9A)
बानिका प्रधान -
उड्यो मन/ब्लाइन्ड रक्स (KFA 9B)
विन्दु परियार -
पर्ख पर्ख/मंगलम (KFA 9C)
मेलिना राई -
कुटुमा कुटु/दुई रूपैयाँ (KFA 9D)
मीना निरौला -
रूपै मोहनी/शत्रु गते (KFA 9E)

विधा : सर्वोत्कृष्ट नवअभिनेता
सलीनमान बानीया - ए मेरो हजुर २ (10A)
स्वरूपपुरूष ढकाल - छक्कापञ्जा २ (10B)
आशीरमान देशराज श्रेष्ठ जोशी - ग्याङस्टर ब्लुज (10C)
सुरज पाण्डे - लभ लभ लभ (10D)
शारूक ताम्राकार - रानी (10E)

विधा : सर्वोत्कृष्ट नवअभिनेतृ
अदिती बुढाथोकी - कृ (11A)
दिपीका प्रसाईं - ऐश्वर्य (11B)
जसिता गुरूङ - लीली बीली (11C)
सारा सिरपाली - रूद्र (11D)
सीपोरा गुरूङ - भुइँमान्छे (11E)

विधा : सर्वोत्कृष्ट नवनिर्देशक
झरना थापा - ए मेरो हजुर २ (12A)
नवराज बुढाथोकी - भुइँमान्छे (12B)
घामपानी - दिपेन्द्र लामा (12C)
पुर्णेन्दु झा - संरक्षण (12D)
आर. राजवंशी - शेरबहादुर (12E)

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३७७२२ मा पठाउनुहोस् । जस्तै,सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परे को चलचित्रको कोड नम्बर टाइप गरी ३७७२२ मा पठाउनुहोस् ।

# विचार

> एक पुरुषलाई शिक्षा दिनु, एकजनालाई शिक्षा दिनु हो, तर एक महिलालाई शिक्षा दिनु एक परिवारलाई शिक्षा दिनु हो।
>
> – महात्मा गान्धी

> अरूको भलो चिताउने, कसैको हानि–नोक्सानी नगर्ने अनि सरल र इन्द्रिय वशमा राख्ने व्यक्ति नै उत्तम पुरुष हो।
>
> – वेदव्यास

## सम्पादकीय

नेपाल समाचारपत्र

### समस्यै समस्याको खात


यतिखेर मुलुक बलात्कार, हत्या, हिंसा, महँगी र अभावले ग्रस्त छ । सर्वसाधारणले निरीहजस्तै भएर जीवन व्यतीत गर्नुपरिरहेको छ । 'न्याय नपाए गोर्खा जानु' भनेजस्तै छोरीको बलात्कारपछिको हत्याका अपराधी पत्ता लगाइदेऊ भन्दै बाबुआमा पश्चिम कञ्चनपुरदेखि राजधानी काठमाडौंमा आउनुपरेको छ । राजधानी आएर न्याय माग्दा पनि न्याय पाउने छाँटकाँट देखिँदैन । यता ३३ किलो सुनकाण्डका अपराधी अहिलेसम्म पत्ता लाग्न सकेका छैनन् । अनुसन्धानका लागि पक्राउ गरिएकाहरू पनि क्रमशः छोडिँदै छन् । बजारक्षेत्र हेर्ने हो भने दैनिक उपभोग्य वस्तुको चर्को मूल्यवृद्धिले आकाश छोएको छ । बिचौलियाका कारण तरकारीको मूल्य उत्तिकै चर्को छ । शहरबजारमा विषादी नभएको फलफूल, तरकारी पाउनै मुस्किल छ । काभ्रेमा तीजको दर खाने कार्यक्रममा सामेल भएका झन्डै २ सय जना विषादीकै कारण बिरामी परेर अस्पताल भर्ना हुनुपरेको अवस्था छ । दुई तिहाइ बहुमतको स्थिर सरकार भनिए पनि व्यक्तिगत र दलीय स्वार्थका कारण मुलुकको अवस्था झनै दयनीय बन्दै गएको छ ।

यता सरकारले यातायात क्षेत्र सुधार्न कोशिश गरे पनि सफल हुन सकेको छैन । यातायात क्षेत्रमा सिन्डिकेट अद्यापि छ । आफ्ना माग पूरा नभए यातायात व्यवसायीहरू आफ्नो सवारीसाधनको साँचो सरकारलाई बुझाउने भनेर दबाब दिइरहेको चर्चा छ । अब दशैंको अवसरमा यो र त्यो बहानामा यातायात व्यवसायीले सरकारलाई निहुँर्‍याएर वा लोभलालचमा पारेर आफ्नो हात माथि नपार्लान् भन्न सकिन्न । यसो भयो भने यात्रुले महँगो भाडा तिरेर पनि कष्टकर यात्रा गर्न बाध्य हुनुपर्ने देखिन्छ । यता हेर्‍यो समस्या, उता हेर्‍यो समस्या । सरकार हुनु र नहुनुमा नागरिकका लागि उस्तै छ ।

सरकारी कार्यालयमा जाँदा आफ्नो काम गराउन कि त चिनेको मान्छे हुनुपर्ने, कि आफू पार्टीको सक्रिय हुनुपर्ने वा पार्टीको पहुँच हुनुपर्ने, होइन भने टेबुलमुनि गरिने कार्य अपनाउनुपर्ने स्थिति छ । यावत् कुरा हेर्दा हरक्षेत्रमा समस्यै समस्याको खात लागेको छ । सन्तोष गर्ने ठाउँ नै कतै छैन भन्दा पनि हुन्छ । यी सबै कुरा सरकारमा रहनेहरूलाई अवगत भए पनि सुधार गर्ने मनसाय देखिँदैन । सुधार गर्ने मनसाय भए पनि दबाब र लोभलालचले गर्दा केही गर्न सक्ने सरकारको हुत्ती देखिँदैन । जनताको मन जित्ने कुनै काम अहिलेसम्म गरेको देखिँदैन । जनताको विश्वास जित्न नेतृत्ववर्गले आफ्नो आचरण, प्रवृत्ति र कार्यशैली सुधार्न सक्नुपर्छ । यस अवस्थामा नेताहरू व्यक्तिगत र दलगत स्वार्थका पछि मात्र दौडिरहने हो भने उनीहरूको संविधान कार्यान्वयनको सामूहिक जिम्मेवारी पनि ओझेलमा पर्ने निश्चित छ । अहिलेको सवालमा संविधान कार्यान्वयनसँगै पुनर्निर्माण कार्य र मुलुकमा भइरहेको बेथिति, भ्रष्टाचार, कालोबजारीको अन्त्य गरी नागरिकलाई सरकार भएको अनुभूति गराउनु सरकारको जिम्मेवारी हो । सरकार यस कार्यबाट विमुख नहोस् ।

## बलात्कारको बढ्दो शृङ्खला

# छोरीको सुरक्षा सवालमा गम्भीर चिन्ता



नगेन्द्रराज पौडेल

> आफू बलात्कृत हुने अवस्थामा सतित्व रक्षाका लागि बलात्कार हुनुअघि वा भैसकेपछि प्रतिरक्षाका क्रममा हातपात गर्दा बलात्कार गर्ने व्यक्ति १ घन्टाभित्र मर्न गएमा यसरी मार्नेवाला (पीडित) लाई कार्वाही नहुने प्रावधानलाई नयाँ ऐनले हटाएको छ। यसले गर्दा बलात्कारीलाई नै थप प्रेरणा मिलेको छ भने पीडित अझै अन्यायमा नै परेको अवस्था छ।

समाजमा यति बेला बलात्कारको बिगबिगी छ। महिला हुनु के अपराध नै हो त ? जतासुकै चिन्ता छ। महिलाको जन्म बलात्कारकै लागि हो त ? प्रश्न उठ्न थालेका छन्। बलात्कार भन्नु जबर्जस्ती करणी गर्नु, ललाइफकाइ यौनशोषण गर्नु तथा सतित्व हरण गर्नुसमेत हो। कुनै पनि समाजमा यसलाई राम्रो मानिदैन। हरेक दृष्टिकोणबाट यस्तो कार्य निन्दनीय मात्र होइन, घृणित र अमानवीय नै ठहर्छ। आजकल बलात्कार एक किसिमले विश्वव्यापी समस्या हो। कतै धेरै हुन्छ त कतै कम। मात्रामा फरक होला, तथापि घटनाका रूपमा भने यो सर्वत्र घट्छ। १६ डिसेम्बर २०१२ मा भारतको दिल्लीमा ज्योति सिंह नामकी एक युवतीलाई बसमा बसका कर्मचारीद्वारा सामूहिक बलात्कार गरिएको थियो। पछि ती युवतीको घटना भएको १३ दिनपछि २९ डिसेम्बर २०१२ मा सिंगापुरमा उपचारको क्रममा मृत्यु भएको थियो। मुम्बईकी चर्चित अभिनेत्री डेजी इरानीले आफू ६ वर्षको हुँदा बाबुसरहको मान्छेबाट बलात्कृत भएको बताएकी थिइन्। सन् २०१३ को अगस्त १५ मा ७७ वर्षीय भारतीय धर्मगुरु आशारामले आफ्नै भक्तकी छोरी १६ वर्षीया किशोरीलाई आफ्नै आश्रममा बलात्कार गरेको घटना सार्वजनिक भएको थियो। यही अभियोगमा उनलाई अदालतले आजीवन कारावासको सजायँ सुनाएको थियो।

हिजोआज हामीकहाँ पनि यस प्रकारका घटना धेरै मात्रामा घट्ने गरेका छन्। कञ्चनपुर, पोखरालगायत देशका अन्य प्रमुख शहरमा पछिल्ला दिन घटेका बलात्कारका घटनाले प्रहरी प्रशासनलाई नै चुनौती दिएको छ। केही महिनाअघि ६० वर्षीय क्यानेडियन नागरिक पेटेर जोन डग्लिस काभ्रेको मण्डन देउपुर नगरपालिका वडा नं. १ बाट यौन दुराचार गरेको अभियोगमा पक्राउ परेका थिए। यौन मामलामा कुरा नमिलेर हुनुपर्छ, ट्राफिक प्रहरीका नायब निरीक्षक रामचन्द्र खनियाले चितवनकी २८ वर्षीया कल्पना श्रेष्ठमाथि भरतपुर महानगरपालिका वडा नं. १० स्थित त्रिचोकमा एसिड खन्याई घाइते बनाएको समाचार वैशाख ९ गतेको गोरखापत्रमा लेखिएको थियो। आज पनि बलात्कार एउटा लत बनेर देखिएको छ। यसले आमा, छोरी, छात्रा, शिष्य, नागरिक, अपाङ्ग केही देख्दैन, केही भन्दैन। यो प्रवृत्ति बढेपछि आफन्त, पराइसम्मै हुन्छ भन्ने कुरा हालैका कतिपय घटनाबाट पुष्टि हुन्छ। ९ महिने शिशुदेखि ६५ वर्षीया वृद्धासमेत बलात्कारको सिकार भएका घटना सुनिन्छन्।

कञ्चनपुरमा भीमदत्त नगरपालिकाकी १३ वर्षीया निर्मला पन्तको बलात्कारपछि हत्या भएको र यसको छानबिन पूरा हुन नपाउँदै कञ्चनपुरमै बेलडाँडी गाउँपालिकाकी १५ वर्षीया अर्की किशोरीको गत भदौ १४ गते राति बलात्कार भएको समाचार छ। केही समयअघि पोखरा महानगरपालिका लामाचौरकी १३ वर्षीया बालिका पुष्पा के.सी.को मृत्यु रहस्यमय बनेको छ। उनी विद्यालयबाट अध्ययन सकेर बहिनीसँगै घर फर्कने क्रममा घरभन्दा एक सय मिटर वरै स्कुल बसबाट ५:३० बजे एक्लै ओर्लिएकोमा अर्को दिन साँझ गाउँनजिकै मृत फेला परेकी थिइन्। विन्ध्यवासिनी मावि बाटुलेचौरमा कक्षा ६ मा अध्ययनरत विद्यार्थी के.सी.लाई बलात्कारपछि हत्या गरिएको आशंकामा प्रहरीले छानबिन गर्दै छ।

त्यसै गरी महोत्तरीको औराही नगरपालिका वडा नं. १ मा हालै ९ महिने बालिकाको रहस्यमय हत्या गरिएको छ। चिकित्सकहरूको प्रारम्भिक अनुसन्धानले ती बालिकाको बलात्कारपछि हत्या भएको अनुमान गरिएको छ। यसरी एकपछि अर्को बलात्कारका समाचारहरू आइरहेका छन्। यसले गर्दा हाम्रो समाज कतातिर जान खोजेको छ, चिन्ता उठ्नु स्वाभाविक पनि हो। यसो हुनुमा बलात्कारीका लागि कडा कानुन नहुनु हो। बलात्कार गर्नेलाई शून्य सहनशीलता अपनाई कडाभन्दा कडा कार्वाही हुने गरी कानुन बनाउनुपर्ने देखिन्छ। अन्यथा कञ्चनपुर घटना बारम्बार पुनरावृत्ति नहोला भन्न सकिँदैन। खासगरी बलात्कारसम्बन्धी कानुन कमजोर हुनु, भएको कानुन पनि दृढतापूर्वक कार्यान्वयन नगरिनुजस्ता कारणले बलात्कारीहरू हौसिन पुगेको देखिन्छ।

भारतले घटनाको गाम्भीर्यता हेर्दै जघन्य बलात्कारीलाई मृत्युदण्डसमेतको व्यवस्था गरेको छ। आजीवन कारावासको कानुन बनाएको छ। कानुनी दायराबाट त्यहाँ मै हुँ भन्नेहरूसमेत उम्कन नपाउने अवस्था छ। तर हामीकहाँ बलात्कारजस्तो संवेदनशील विषयमा पनि कानुनी पालना राम्रोसँग गरिँदैन। अपराधअनुसारको सजायँ तोकिँदैन। जबसम्म कडा कानुन बनेर कार्यान्वयनमा आउँदैन तबसम्म अपराधीहरूको मनोबल उच्च रहन्छ। हामीकहाँ एक त बलात्कारका लागि कानुनी साहारा लिने चलन नै कम छ। समाजको डर, मान, इज्जतको सवाल र घर-परिवारसमेतको डरका कारण घटनालाई गोप्य राख्ने, अन्त्यमा गुपचुपमा मिलापत्र गराएर टुंग्याउने गरिन्छ। अर्को कुरा उजुरी गरिहालेको खण्डमा पनि कानुनमा कडा कार्वाहीको व्यवस्था नै छैन। ऐनले जबर्जस्ती करणी र त्यसका विरुद्ध सजायँका प्रावधानहरू तोकेको छ। तर बलात्कारजस्तो अक्षम्य अपराधलाई उमेर, नाता आदिका कारण सजायमा अनेक रूप गरेको छ। सजायको अनुपात घटीबढी गराएको छ। गत १ भदौदेखि लागू भएको मुलुकी अपराध संहिता (ऐन) २०७४ को दफा २१९ को उपदफा ३ (क) ले १० वर्षभन्दा मुनिका बालिका करणी गर्नेलाई १६ देखि २० वर्षसम्मको कैद व्यवस्था गरेको छ। सोही दफाको उपदफा ७ ले सामूहिक बलात्कारका हकमा ५ वर्ष थपी २५ वर्ष पुर्‍याएको छ। उक्त ऐनको २२० दफामा हाडनाता करणीलाई जन्म कैद भनेको छ। तर यो मात्र पर्याप्त छैन। यस्ता अपराधीलाई फाँसीकै सजाय तोकिनुपर्छ। तब मात्र बलात्कारका घटनामा कमी आउँछन्। साबिकको जबर्जस्ती करणी महलको ८ नम्बरमा भएको आफू बलात्कृत हुने अवस्थामा सतित्व रक्षाका लागि बलात्कार हुनुअघि वा भैसकेपछि प्रतिरक्षाका क्रममा हातपात गर्दा बलात्कार गर्ने व्यक्ति १ घन्टाभित्र मर्न गएमा यसरी मार्नेवाला (पीडित) लाई कार्वाही नहुने प्रावधानलाई नयाँ ऐनले हटाएको छ। यसले गर्दा बलात्कारीलाई नै थप प्रेरणा मिलेको छ भने पीडित अझै अन्यायमा नै परेको अवस्था छ। बलात्कारवाला आनन्दपूर्वक जेलमा ५ देखि बढीमा २० वर्षसम्म बस्छ। बलात्कृत हुने जिन्दगीभर मानसिक रूपमा घायल हुँदै नारकीय जीवनमा बाँच्नुपर्ने बाध्यता हुन्छ। यो परस्पर नमिल्दो र पीडितलाई भन्दा पीडकलाई सहज हुने कानुनी व्यवस्था हो। यसले गर्दा बलात्कारीको मनोबल उच्च हुन जान्छ।

छिमेकी भारतलगायतका कतिपय देशमा बलात्कारीका विरुद्ध केमिकल क्यास्ट्रेसन (नपुंसक बनाउने) कानुनसमेतको व्यवस्था छ। पोल्यान्डमा बाल यौन दुराचारीलाई कैद सजाय भुक्तान भएपछि पनि केमिकल क्यास्ट्रेसन गर्नै पर्ने कानुनी व्यवस्था छ। अमेरिकाका केही राज्यहरूमा पनि यस्तै व्यवस्था छ। दक्षिण कोरियाले पनि यस्तै कानुन बनाएको छ। मेसिडोनियामा पनि नाबालक करणी गर्नेलाई केमिकल क्यास्ट्रेसन गर्ने कानुन छ। रुसलगायत कतिपय देशले यही कानुन अपनाएका छन्। तर हामीकहाँ बलात्कारविरुद्ध कानुन नै फितलो हुँदा महिलालाई देख्नै नहुने अवस्था आएको छ। देख्यो कि बलात्कार गर्‍यो भनेजस्तो भएको छ। यसले गर्दा आमा, दिदी, बहिनीहरू त्राही-त्राहीको स्थितिमा छन्। उनीहरूको मनमा पुरषप्रति नकारात्मकता उब्जिएको छ। प्रत्येक आमाबाबुलाई छोरीको सुरक्षाको सवालमा गम्भीर चिन्ता हुन थालेको छ। तसर्थ बलात्कार गर्ने र गराउन उद्यत् गर्ने दुवै थरीलाई जन्मकैद, मृत्युदण्ड, फाँसी, लिंगछेदन, केमिकल क्यास्ट्रेसनजस्ता सजाय हुने गरी कानुन बनाउन अब विलम्ब गर्न हुँदैन। राज्यतहबाट कानुन बनेर कार्यान्वयनमा नआएसम्म प्रत्येक समाजले यसरी बलात्कार र यससम्बन्धी कार्यमा संलग्न हुनेहरूलाई सामाजिक बहिष्कार गरेर समाजबाट नैतिक रूपमा एक्ल्याउनुपर्छ।

## पाठक पत्र

### दधिचिले जिउँदै हाड दान गर्दा हामीले मृत्युपछि आँखा दान किन नगर्ने ?

नेपालमा प्रतिहजारमा एकजना दृष्टिविहीन रहेको सरकारी तथ्यांक छ। सरकारद्वारा गरिएको अन्धोपन सर्वेक्षणले प्रस्तुत गरेको सो तथ्यसँगै विश्वमा प्रतिसेकेन्ड एकजनाले दृष्टि गुमाइरहेको प्रतिवेदन पनि सार्वजनिक भएको छ। मानवअंगहरू सबैका आ-आफ्नै विशेषता छन्, तिनले आ-आफ्नो जिम्माको काम निरन्तर गरिरहन्छन्। एकले अर्काको काममा बाधा नपुर्‍याउने भएका कारण मानवजीवन प्राकृतिकरूपमा मृत्युपर्यन्त एकनाश चलिरहन्छ। सबै अंगको आ-आफ्नै भूमिका रहँदारहँदा पनि आँखालाई सर्वाधिक महत्वको मानिन्छ, किनकि यसकै माध्यमबाट संसार देख्न सकिन्छ।

आँखाको दृष्टि गुणलाई अनुभूत गर्दै व्यक्तिको दृष्टिविहीनताका कारण भएको फरक क्षमता भएकालाई अरूसरह बनाउन सामूहिक आँखा दान कार्यक्रम विभिन्न ठाउँमा आयोजना हुन जरुरी छ। मरणोपरान्त शरीरका विभिन्न अंगहरू दान गर्ने प्रचलन पछिल्लो समय बढ्दै गएको छ। तर दान गरिएका अंग ग्रहण गर्नुपर्ने संस्था र प्रविधिको अनुपस्थितिले दाताले दान गरेको अंगले अपेक्षित काम गर्न पाएको छैन। निधनपछि मात्र आँखा निकालिने भएकाले व्यक्तिले जीवितावस्थामै आँखा दानको इच्छापत्र फाराम भर्नुपर्नेछ। त्यस्तो इच्छापत्र गर्नुअघि सम्बन्धित दाताले आफ्नो परिवारको सहमति र स्वीकृति लिनुपर्ने कानुनी व्यवस्था हुन्छ।

मानवजीवन महत्वपूर्ण छ। वैदिक सनातन धर्ममा चौरासी लाख जुनीमा एकपटक मात्र मानवजीवन पाइने मान्यता रहेको छ। लोकोपकारका लागि जीवित अवस्थामै आफ्नो शरीरको हड्डी दान गर्ने दधिचि ऋषिको कथा पढेका, सुनेका र त्यही दर्शनका अनुचरहरूले पुण्य कहाँबाट पाइन्छ भन्ने कुरा बुझाउन जरुरी देखिन्छ। यस्तो अभियानमा हेपाटाइटिस, एचआईभी, क्षयरोग, आँखा पाक्ने र क्यान्सरलगायतका रोगीहरूबाहेकले सहभागिता जनाउन सक्ने भएकाले मृत्युपछि प्रदान गरिने आँखाले नयाँ शरीरमा प्रवेश गरेर फेरि संसार देख्न पाउने सुखद अवस्था नै हुनेछ। सबैले यस्तो पुण्यको काम गर्न पछि नहटौं।

*- सुनिता पहाडी।*

### नारायण नगरपालिकाको सकारात्मक काम

नारायण नगरपालिका दैलेखले यो वर्षबाट नगरपालिकाभित्र रहेका ऐतिहासिक, धार्मिक, पुरातात्विक वस्तुहरूको खोजी गर्ने र इतिहास लेखन कार्यलाई पूर्णता दिने अभियान थालेपछि दैलेखभित्र लुकेर रहेका ऐतिहासिक वस्तुहरूको थप खोजी कार्य शुरू गरिएको छ। यति मात्र हैन, विगतमा दैलेख जिल्लाभित्र रहेका तर विशेष कारण देखाउँदै जिल्लाबाहिर लगिएका ऐतिहासिक वस्तुहरूको खोजी कार्य पनि शुरू गरिएको छ।

दैलेखका विभिन्न पुराना सम्पदाहरू चोरीसमेत भएका छन्। कतिपयको इतिहासलाई फेरबदल गरेर आफू अनुकूल व्याख्या र विश्लेषण गर्ने कार्यहरू शुरू भएपछि इतिहाससमेत ओझेलमा पर्ने खतरा पनि उत्तिकै देखिएको छ। यस्ता सबै विषयहरूलाई मध्यनजर गर्दै नारायण नगरपालिकाले नयाँ अभियानको शुरूवात गर्नुपर्ने देखिएको छ। दैलेखको ऐतिहासिक कोतगडीभित्र ३ वटा घरहरू रहेका थिए, घरभित्रको बारेमा कसैले पनि जानकारी पाउन सकेका छैनन्। कोतगडीकै वास्तवकि इतिहास पनि अहिलेसम्म बाहिर आउन सकेको छैन। धेरैले २२ से र २४ से राजा रजौटाको पालामा भन्ने गरेका छन् भने कसैले पाण्डवहरू वनबासका बेलामा लुकेको स्थान दैलेख भएकोले धेरै एतिहासिक वस्तुहरू ढुंगाबाट बनेको कथन सुनाएका छन्। कोतगडीभित्रै रहेका तामा र पितलका अर्ना र सुन्दरी नामका तोपहरू अब दैलेख ल्याउनुपर्ने अहिलेको आवश्यकता हो। किनकि कोतगडीको ऐतिहासिक महत्व दुईवटा तोपसँग जोडिएको छ। यसका लागि प्रदेश सरकार र केन्द्र सरकारले पनि तत्काल सुर्खेतमा राखिएका तोपहरू दैलेख ल्याउनेबारे चासो बढाउनुपर्ने देखिएको छ।

जनताले अधिकार सम्पन्न निर्वाचित गराएको स्थानीय सरकारले यसबारे ठोस निर्णय गर्दै कार्यान्वयनतर्फ लाग्नुपर्ने अहिलेको आवश्यकता हो। यस विषयमा सबै चनाखो हुनुपर्ने देखिन्छ।

*- शरद पोखेल, दैलेख।*

### प्रचण्ड सचेत बन

नेपाली राजनीतिमा खेलिरहन बानी परेको भारतले प्रचण्डलाई भारत बोलाएर ललिपप खुवाउन खोजेको प्रस्ट भएको छ। नेकपाभित्र विकल्पको रूपमा उभ्याउने प्रयास गरेको देखिएको छ। योसँगै तत्कालीन एमालेभित्र प्रयोग गर्दा सफल नभएको सूत्रलाई दिल्लीले नवगठित नेकपाभित्र कार्यान्वयन गर्ने कोशिश पनि गरेको छ। उता दाहालका लागि पनि आफ्ना पछाडि बलियो साथ छ भनेर देखाउने अवसर बनेको छ भ्रमण।

दिल्लीसँग प्रचण्डको सम्बन्ध विगतदेखि नै रहस्यमय र उतारचढावयुक्त छ। भारतमा बसेर नेपालमा हिंसात्मक युद्ध निर्देशन गरिरहँदा होस् वा पहिलोपटक प्रधानमन्त्री हुँदा र बाहिरिंदा, दोस्रोपटक प्रधानमन्त्री हुँदा होस् वा एमालेसँग एकता गर्दा उनको दिल्लीसँगको सम्बन्ध भिन्दाभिन्दै आयाममा प्रकट भएको छ।

आगामी दुई वर्षभित्र पार्टी अध्यक्ष र प्रधानमन्त्रीमध्ये एक पद लिने र त्यसका आडमा अर्को पद पनि हत्याउने योजनामा रहेका दाहालले वर्तमान सरकारको बढ्दो अलोकप्रियता, सरकारप्रति छिमेकीको अरूचि र पूर्वएमालेभित्रको अन्तरविरोधलाई उपयोग गर्न सक्दा आफू अनुकूल वातावरण बन्ने आँकलन गरेका हुनसक्छन्। नत्र केन्द्रमा एकताको घोषणा भए पनि देशभर पार्टी एकतालाई असरल्ल छाडेर र एकीकृत पार्टीभित्रको आन्तरिक समीकरणको पूर्ण चित्र नआइपुग्दै दिल्ली दर्शनका लागि उनी हतारिने थिएनन्। दाहालको दिल्ली भ्रमणले प्रधानमन्त्री ओलीलाई त झस्काएको हुनुपर्छ नै, अरू नेताहरूलाई पनि एकठाउँमा उभिएर सोच्न बाध्य बनाएको हुनुपर्छ।

*- हरि कार्की, काठमाडौं।*

### हावातालमा निर्णय नगरौं

भरतपुर महानगरपालिकाले नगरक्षेत्रमा बन्ने भनेको सिटी हल भरतपुर महानगरपालिका वडा नम्बर १० मा रहेको गेस्ट हाउस चौरमा बनाउने भनेर निर्णय गरेको छ। यसअगाडि भरतपुर-७ मा रहेको बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको जग्गामा सिटी हल बनाउने निर्णय गरेको थियो। नेपाली कांग्रेसको लगातारको विरोधपछि महानगरपालिकाले क्यान्सरको जग्गामा सिटी हल बनाउने निर्णयबारे पछाडि हट्न बाध्य भयो।

क्यान्सरको जस्तो धेरै क्षेत्रफल भएको जग्गामा सिटी हल बनाउन नमिल्ने कुरा गर्ने, फेरि शहरको बीचमा सिटी हल बनाउन उपयुक्त हुन्छ ? जुँगाको लागि लडाइँ गर्नुभन्दा बरु विकासका लागि सहकार्य गरेर अगाडि बढ्नु उपयुक्त हुन्छ यहाँका राजनीतिक दलहरूको। गेस्ट हाउस चौरको अगाडि जिल्ला प्रहरी कार्यालय छ। शहीद मञ्च बनाउने भनेर लागिएको ठाउँलाई रातारात किन सिटी बनाउने निर्णय गरियो ?

बजारको बीचभागमा खालि ठाउँ चाहिन्छ भन्ने हेक्का नभएको हो महानगर र यहाँका राजनीतिक दलहरूलाई ? विपद्को बेलामा खुला ठाउँ आवश्यक पर्छ भन्ने कुरा त २०७२ सालमा गएको विनाशकारी भूकम्पबाट पनि चेत खुलेको हुनुपर्ने हो। फेरि किन खुला ठाउँ मासेर सिटी हल बनाउने निर्णय गरिँदै छ ?

सिटी भनेको कुनै केटाकेटीको खेल होइन। पाँच हजार मानिस अटाउने सिटी बनाउनका लागि त्यसै अनुसारको संरचना पनि आवश्यक छ। कम्तीमा पनि सयवटा ठूला सवारी, चार-पाँच सयको संख्यामा हलुका सवारी साधन र एक हजारभन्दा बढीको संख्यामा मोटरसाइकल अटाउने गरी पार्किङ क्षेत्र बनाउनुपर्छ।

विभिन्न कार्यक्रम भइरहेको ठाउँलाई मासेर सिटी बनाउन खोज्नु भनेको हतारको काम लतार मात्रै हुन सक्छ। निकाशा भएको ५० करोड रुपियाँ फ्रिज हुने डरले जस्तोसुकै निर्णय पनि लिने ? सिटी हल भनेको दीर्घकालीन सोच राखेर बनाउनुपर्छ। नगरको बीच भागमा सिटी हल निर्माण गर्ने सहमतिबाट पछि हट्दै अन्य ठाउँमा ठूलो क्षेत्रफलमा सिटी हल बनाउने निर्णय गर्नु दीर्घकालिन र उपयुक्त हुन्छ।

*- सुदन संसार, चितवन।*

## सामाजिक सञ्जाल



नेता, पुलिस र गुन्डा ! यी तीनै डफ्फासित चिनजान छ भने यो देशमा खासै डराउनुपर्दैन। चिनजान छैन ? भित्रैबाट काँप्नुस्।

**Buddhisagar**
**@buddhisagar**



बदलाको भावना लिने मान्छेले निको भैसकेको घाउ पनि आलो देख्छ अनि आफ्नो सिकार आफैं गरिरहेको हुन्छ।

**करिष्मा ढकाल**
**@Its_karishma**



'नाम' र 'बदनाम'मा बस् यति नै फरक छ कि 'नाम' आफैं कमाउनुपर्छ र 'बदनामी' दुनियाँ तपाईंका लागि कमाइदिन्छ।

**स्पन्दन राजा**
**@SpandanHTT**

पुनले मेलामा सहभागी विभिन्न देशका लगानीकर्तालाई नेपालमा लगानी बढाउन आग्रह गर्दै भन्नुभयो- 'नेपालको प्रचलित ऐन कानुन र नीति लगानीमैत्री छन्, विदेशी लगानीको सुरक्षाको पूर्ण प्रत्याभूति गरिएको छ।'



# वैदेशिक लगानी बढाउन उपराष्ट्रपति पुनको आग्रह

**नेपाल समाचारपत्र**

काठमाडौं



चीन भ्रमणमा रहनुभएका उपराष्ट्रपति नन्दबहादुर पुनले एक चीन नीतिप्रति नेपाल प्रतिबद्ध रहेको बताउँदै नेपालको भूमि कुनै पनि हालतमा चीनविरुद्ध प्रयोग हुन नदिने प्रतिबद्धता जनाउनुभएको छ। चीनको छेन्दुमा शुरू भएको १७औं पश्चिम चीन अन्तर्राष्ट्रिय मेला तथा नवौं पश्चिम चीन अन्तर्राष्ट्रिय सहकार्य मञ्चलाई बिहीबार सम्बोधन गर्दै पुनले यस्तो विचार व्यक्त गर्नुभएको हो। दुवै मुलुकबीचको पारवहन, यातायात र रेलसँगै बेल्ट एन्ड रोड इनिसिएटिभ्स् (बीआरआई) सम्बन्धी सम्झौता महत्त्वपूर्ण रहेको उपराष्ट्रपति पुनले बताउनुभयो। सडक सञ्जाल, रेल्वे, ऊर्जा, अन्तरदेशीय प्रसारणलाइनजस्ता क्षेत्रको लगानी र सहकार्यले नेपालको व्यापार घाटा सन्तुलनमा आउने उहाँको भनाइ थियो।

बीआरआईसम्बन्धी समझदारीको कार्यान्वयनमा तीव्रता दिन हिमालय वारपार बहुआयामिक सम्पर्क सञ्जालको बृहत्तर संरचनाभित्र सहयोग अगाडि बढाउन दुवै देश प्रतिबद्ध रहेको पुनले बताउनुभयो। सरकारले तय गरेको 'समृद्ध नेपाल, सुखी नेपाली'को लक्ष्य हासिल गर्न स्वदेशभित्र भौतिक पूर्वाधारको विकास गर्दै छिमेकी देश मुलुकहरूसँग कनेक्टिभिटीको विकास गर्न आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो।

पुनले मेलामा सहभागी विभिन्न देशका लगानीकर्तालाई नेपालमा लगानी बढाउन आग्रह गर्दै भन्नुभयो- 'नेपालको प्रचलित ऐन कानुन र नीति लगानीमैत्री छन्, विदेशी लगानीको सुरक्षाको पूर्ण प्रत्याभूति गरिएको छ।' पर्यटन क्षेत्रमा नेपाल तथा चीनबीच सहकार्यका प्रशस्त सम्भावना औंल्याउँदै पुनले सन् २०२० लाई नेपाल भ्रमण वर्षका रूपमा मनाउने घोषणा गरिसकेको जानकारी दिँदै प्रचार-प्रसारमा सघाउन चिनियाँ पर्यटन व्यावसायीलाई आग्रह गर्नुभयो।

# सिड प्रतिवेदन तयार गर्न नेपालको ढिलासुस्ती

**नेपाल समाचारपत्र**

काठमाडौं

महिला अधिकारसम्बन्धी महासन्धि (सिड) लाई ३ महिनाअगावै बुझाउनुपर्ने प्रतिवेदन नेपालले बल्ल तयार गरेको छ। आगामी कात्तिक पहिलोसाता स्विजरल्यान्डमा सिड कमिटीले नेपालसँग रचानात्मक संवाद गर्ने भएसँगै विभिन्न ८० संघ-संस्थाले रिपोर्ट तयार गरेका हुन्।

महिला कानुन र विकास मञ्चलगायतका संघ-संस्थाले तयार पारेको रिपोर्ट बिहीबार सरकारलाई हस्तान्तरण गरे। उक्त संवादका लागि सरकारले ३ महिनाअघि नै प्रतिवेदन बुझाइसक्नुपर्ने थियो तर मन्त्रिपरिषद्ले पारित गरेको छैन। 'रिपोर्ट जुलाई महिनाभित्रै तयार हुनुपर्ने थियो तर मन्त्रिपरिषद्ले अल्मल्याउँदा नेपाल पछि परेको छ।' -महिला कानुन र विकास मञ्चका कार्यकारी निर्देशक तथा अधिवक्ता सुविन श्रेष्ठले भन्नुभयो।

उहाँका अनुसार सिड कमिटीले सरकारले २०४८ मा महिला अधिकारसम्बन्धी महासन्धिमा गरेको सम्झौताअनुसार के-के काम भए भन्ने बारेमा बुँदागत रूपमै प्रश्न गरेको छ। नेपालका तर्फबाट प्रत्येक ५ वर्षमा एकपटक सम्झौताअनुरूप प्रतिवेदन बुझाउनुपर्ने हुन्छ। नेपालले सन् २०११ मा रिपोर्ट बुझाएको थियो भने त्यसपछि सन् २०१५ मा बुझाउनुपर्ने भए पनि बुझाएको छैन। सरकारले गत वर्ष बुझाएको बैकल्पिक रिपोर्टमा नेपालमा महिला अधिकारका क्षेत्रमा भएको विकासलाई औंल्याउँदै संसद्मा ३३ प्रतिशत महिलाको सुनिश्चित गरेको उल्लेख गरिएको थियो।

उक्त रिपोर्ट अध्ययन गरी न्यायपालिकामा महिलाको संख्या कति छ भनेर सोधेको प्रश्नमा सरकारले प्रतिशत तोक्दा अप्ठ्यारो पर्ने ठानी संख्या तोकेर पठाएको थियो। उक्त संख्यालाई सिड कमिटीले २ प्रतिशत मात्र भएकाले संख्यामा गुणात्मकरूपमा वृद्धि गर्नसमेत सुझाव दिएको छ। सिडले गैरसरकारी संस्थाका तर्फबाट दिने वैकल्पिक प्रतिवेदनका लागि आगामी महिनासम्म म्याद दिएको छ। त्यसैले सातै प्रदेशमा छलफल गरी निकालेको १६ बुँदे निष्कर्ष बिहीबारदेखि काठमाडौंमा शुरु भएको राष्ट्रिय सम्मेलनमा प्राप्त हुने सल्लाह र सुझावका आधारमा पारित गरेर पेस गर्ने तयारी गरिएको छ।

सरकारले प्रतिवेदन नबुझाएपछि पटक-पटक थपिएको म्याद यही सेप्टेम्बर महिनासम्म मात्र बाँकी रहेको सिड कमिटीका सदस्य तथा महिला अधिकारकर्मी वन्दना राणाले जानकारी दिनुभयो। सिडले नेपाललाई सोधेका प्रश्नको जवाफ शालिन, सभ्य ढंगबाट नेपाल र नेपालीको छविलाई कायम राख्दै कूटनैतिक तरिकाले दिनसमेत उहाँले सरकारलाई सुझाव दिनुभयो।

सम्मेलनलाई सम्बोधन गर्दै महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री थममाया थापाले सबै रिपोर्ट तयार पारिसकेको र मन्त्रिपरिषद्बाट पारित भएलगत्तै पेस गरिने बताउनुभयो। उहाँले कमिटीका सदस्य राणाले भने जस्तै रिपोर्ट बुझाउन सबैको सहयोगको खाँचो रहेकाले समन्वय र सल्लाहको अपेक्षा गर्नुभयो।

# राष्ट्रियसभामा ३ सांसद सिफारिस

काठमाडौं, (नेस)

राष्ट्रियसभाले राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिमा ३ जना सांसदको नाम सिफारिस गरेको छ। संघीय संसद्को संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावलीअनुसार राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले बिहीबार ३ सांसदलाई सिफारिस गर्नुभएको हो।

तिमिल्सिनाले राधेश्याम अधिकारी, रामलखन चमार र कालिबहादुर मल्लको नाम सभामा सुनाएपछि सभाले अनुमोदन गरेको थियो। अधिकारीले नेपाली कांग्रेसबाट, चमार तत्कालीन नेकपा एमालेका तर्फबाट र मल्ल नेकपा माओवादी (केन्द्र) बाट प्रतिनिधित्व गर्नुभएको छ। प्रतिनिधिसभाले सोमबार नै ११ जनाको नाम सिफारिस गरेको थियो। १५ सदस्य रहने यो समितिमा प्रतिनिधिसभाका १ जना थपिने प्रतिनिधिसभाका सचिव गोपालनाथ योगीले जानकारी दिनुभयो। नियमावलीअनुसार समितिमा १५ सदस्य रहनेछन्। समितिको निरादेवी जैरु सभापति बन्ने सम्भावना छ।

# ऐतिहासिक पक्ष झल्काउने दुई कृति सार्वजनिक

**नेपाल समाचारपत्र**

भक्तपुर



भक्तपुरको ऐतिहासिक पक्ष झल्काउने दुई कृति सार्वजनिक भएका छन्। साहित्यकार तथा लेखक जितेन्द्र रसिकको कृति 'अलकापुरी भक्तपुर' र संस्कृतिविद् ओम धौभडेलको 'भक्तपुर दरबारका मल्लकालीन भारदारहरू' नामक दुई कृति एकै साथ सार्वजनिक गरिएको हो।

भक्तपुरको सूर्यविनायकमा आयोजित कार्यक्रममा बोल्दै पुरातत्व विभागका महानिर्देशक भेषनारायण दाहालले विभागको नजर पुग्न नसकेका सम्पदा र संस्कृतिलाई कृतिमा समेटिएकोमा खुसी व्यक्त गर्नुभयो। संस्कृतिविद् तेजेश्वरबाबु ग्वंगले भानुभक्त आचार्य भक्तपुरसम्म नआउँदा काठमाडौंलाई मात्र अलकापुरी देखेको तर रसिक भक्तपुरसम्म पुग्दा अलकापुरी भक्तपुर सिर्जिएकाले सिंगो भक्तपुर गौरवान्वित भएको धारणा राख्नुभयो।

हालसम्म प्रकाशित भक्तपुरका सबै पुस्तकमा मण्डपशैलीका मन्दिरलाई प्यागोडा लेख्दै आएकोमा आपत्ति जनाउँदै उहाँले भन्नुभयो- 'अलकापुरी भक्तपुर कृतिले त्यो भ्रम चिरेर मण्डपशैलीका सम्पदाका विषयमा स्पष्ट पारेकाले यो पुस्तक निकै महत्त्वपूर्ण रहेको छ।' कुनै समयमा साँखु सम्पदासँगै साँखु पनि पहिले भक्तपुर नै थियो भन्ने तथ्यलाई उजागर गरेको उहाँको भनाइ छ।

धौभडेलको कृति 'भक्तपुर दरबारका मल्लकालीन भारदारहरू'ले अहिलेका पुस्तालाई आफ्ना पुर्खा चिन्ने मौका मात्र नभई भक्तपुरका संस्कृति र सम्पदाका क्षेत्रमा कुन भारदारको योगदान कस्तो रहेको थियो भन्नेसमेत जानकारी दिनेछ। वरिष्ठ समालोचक डा. देवीप्रसाद सुवेदीले भक्तपुरसँग जोडिएका दुवै कृति मौलिक र यथार्थ विवरण, इतिहास र सम्पदाको नालीबेली भएकाले सम्पदा र मल्लकालीन भारदारका विषयमा जान्न र खोज अनुसन्धान गर्न चाहनेलाई उपयोगी कृति भएको बताउनुभयो।

धौभडेलले भन्नुभयो- 'आफू भारदारका सन्तान हुँ भन्ने बिर्सिएका सन्ततीलाई समेत पूर्खाको योगदान जान्ने अवसरसमेत सो कृतिले दिनेछ।' दुबै पुस्तकमा योगदान गरेका फोटो पत्रकारहरू रामगोपाल तमखु, विनोद कोजु, आवरण डिजाइनर तथा साहित्यकार मनोज केसी समय, महाकवि चन्द्रप्रसाद न्यौपाने र डा. भगवानचन्द्र ज्ञवालीलगायतलाई सम्मान गरिएको थियो।

# स्वास्थ्य बीमालाई व्यवस्थित गर्न जोड

काठमाडौं, (नेस)

सामाजिक सुरक्षाअन्तर्गत सरकारले ल्याएको स्वास्थ्य बीमालाई सामाजिक न्याय र समानताको आधारमा थप व्यवस्थित गर्नुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन्।

प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्रले बिहीबार राजधानीमा आयोजना गरेको सामाजिक सुरक्षा र स्वास्थ्य बीमासम्बन्धी कार्यक्रमका वक्ताले यस्तो बताएका हुन्। कार्यक्रममा बोल्दै स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. गुणराज लोहनीले प्रत्येक नेपाली स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुनैपर्ने कानुनी प्रावधान रहेको र सरकारले प्रवाह गर्ने स्वास्थ्य सुविधामा सहभागी हुनुपर्ने बताउनुभयो। स्वास्थ्य बीमाले धनी र गरिबको पर्वाह नगरी सबैलाई समान रूपमा हेरेको र बीमा नगरेमा भविष्यमा स्वास्थ्यका अलावा अन्य क्षेत्रमा समेत राज्यले कडाइ गर्ने उहाँको भनाइ छ।

गरिब परिवारको बीमा रकम सरकारले तिरिदिने प्रावधान रहेको बताउँदै लोहनीले भन्नुभयो- 'नवजात शिशु, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अशक्तलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गर्नु निजको संरक्षक तथा अभिभावकको कर्तव्य हुनेछ।' गरिब परिवार पहिचान गर्ने परिचयपत्र नहुँदा निजी अस्पतालमा १० प्रतिशतको निःशुल्क सुविधा हुनेखानेले नै पाइरहेका उहाँको भनाइ थियो।

स्वास्थ्य बीमा कार्यक्रम लागू भएका ४० जिल्लामध्ये कुनैमा ५४ प्रतिशतको सहभागिता रहेको र कुनैमा २ प्रतिशतको मात्रै सहभागिता रहेको बताइएको छ। प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्रका कार्यकारी निर्देशक शान्तलाल मुल्मीले राजनैतिक परिवर्तनसँगै स्थानीय तहले नमुना स्वास्थ्य कार्यक्रमलाई परिणाममुखी बनाउनुपर्ने धारणा राख्नुभयो। जनस्वास्थ्य अभियन्ता प्राडा. शरदराज वन्तले स्वास्थ्य बीमालाई समानतामा आधारित र सबैको सहज पहुँचको आधारमा विकसित गर्नुपर्ने बताउनुभयो।

अहिले १२ लाख जनता मात्र बीमामा आवद्ध रहेको र अढाइ करोड जनता स्वास्थ्य बीमाबाट वञ्चित रहेको भन्दै उहाँले सरोकारवालाहरूको ध्यानाकर्षण गराउनुभयो। उहाँले भन्नुभयो- 'अहिलेको कार्यक्रमले धनी र गरिब छुट्याउँदैन, शहर र गाउँ छुट्याउँदैन अनि सुगम र दुर्गम छुट्याउँदैन। यसैले यसलाई परिमार्जन गरी हुनेसँग बढी लिने र नहुनेसँग कम लिनुपर्ने सिद्धान्तमा जानुपर्छ।'

कार्यक्रममा बोल्दै उपभोक्ता मञ्चका अध्यक्ष ज्योति बानियाँले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क हुनेछ भनेर संविधानमा उल्लेख गरिए पनि संविधानको धज्जी उडाउँदै राज्यले वेइमानीपूर्वक कानुन बनाएर पैसा असुली रहेको बताउनुभयो। नेपाल हेल्थ इकोनोमिक एसोसिएसनका अध्यक्ष बद्रीराज पाण्डेले राज्यको कुल बजेटको १० प्रतिशत स्वास्थ्य बजेट हुनुपर्नेमा जोड दिनुभयो। त्यसैगरी पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्वडिन तथा जनस्वास्थ्य अभियन्ता डा. अर्जुन कार्कीले स्वास्थ्य सेवा जसले प्रवाह गरे पनि गुणस्तरीय मापन गर्ने बोर्ड हुनुपर्ने आवश्यकता औंल्याउनुभयो।


**महाकाली नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
७ नं. प्रदेश, नेपाल

**करार सेवामा पदपूर्ति गर्ने सम्बन्धि सुचना**

(सुचना प्रकाशित मिति २०७५/०६/०५ गते)

यस कार्यालयमा काम गर्ने गरि देहाय बमोजिमका पदहरुमा करार सेवामा कर्मचारी नियुक्ति गर्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा रित पूर्वक आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद तह र श्रेणी | पद संख्या | न्यूनतम् शैक्षिक योग्यता | तलब स्केल | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | १-२०७५/०७६ | ईन्जिनियर रा.प.तृ. (विविध) | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट BE Civil/B.Arch विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको | नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम | १०००।- |
| २ | २-२०७५/०७६ | सब-ईन्जिनियर | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सब-ईन्जिनियरिङ विषयमा प्रमाण पत्रतह वा सो सरह उत्तीर्ण गरेको | नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम | ८००।- |
| ३ | ३-२०७५/०७६ | सर्वेक्षक | १ | जुनियर नापी तालिम वा सो सरह | नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम | ८००।- |

१. **दरखास्त दिने स्थान:-** महाकाली नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला।
२. **परिक्षाको किसिम:-** लिखित तथा अन्तरवार्ता
३. **संलग्न गर्नु पर्ने कागजातहरु:-** नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, न्यूनतम् शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्र र कार्य अनुभव भएमा सोको प्रतिलिपि, विदेशी बोर्डबाट शैक्षिक योग्यता प्राप्त गरेको उम्मेदवारको समकक्षता निर्धारण गरेको प्रमाणपत्र संलग्न राख्नु पर्नेछ।
४. **दरखास्त दिने तरिका:-** बुदा नं. ३ मा उल्लेखित कागजातहरु स्वयं प्रमाणित गरि दरखास्त दस्तुर बापतको रकम महाकाली नगरपालिका, दार्चुलाको खाता नं. ४०९०३०४०।=।०२ मा जम्मा गरेको सक्कली भौचर संलग्न गरि हुलाक, इमेल-(mmdarchula@gmail.com) वा स्वयं उपस्थित भई आवेदन दिन सकिने।
५. परिक्षा मिति दरखास्त म्याद सकिएको भोलिपल्ट तोकिनेछ।
६. **उमेर हद:-** ईन्जिनियरको हकमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तथा सब-ईन्जिनियर र सर्वेक्षकको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तर महिलाको हकमा ४० वर्ष ननाघेको।
७. **करार अवधी:-** २०७५ चैत्र मसान्त सम्म।
८. सुचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु यस कार्यालयको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।
९. थप जानकारीका लागि महाकाली नगरपालिकाको कार्यालय दार्चुलाको इमेल (mmdarchula@gmail.com) वा फोन नं. ०९३-४२०१३७ मा सम्पर्क गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**


## सिनेमा कर्नर












**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ (शम्भु)

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३



## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : शारीरिक सुखको अनुभूति, गरेका काम सफल, स्वास्थ्य लाभ।
**वृष** : राजनीतिमा सफलता, पुरस्कृत-सम्मानित, सुखानुभूति।
**मिथुन** : स्वास्थ्य खराबी, धन क्षति, पढाइ-लेखाइमा बाधा-व्यवधान।
**कर्कट** : धनलाभ, व्यक्तित्व विकास, नेतृत्वमा सफलता, कार्य पूर्णता।
**सिंह** : पैसा प्राप्ति, परीक्षा, खेलकुद आदिमा जीत, सम्मान।
**कन्या** : आँटेका कार्य सफल, आर्थिक लाभ, बौद्धिक क्षमतामा वृद्धि।
**तुला** : पाचन समस्या, आलस्यता, के गरौं के नगरौंको अवस्था।
**वृश्चिक** : द्रव्यलाभ, मान वृद्धि, व्यापारिक सफलता, ज्ञान वृद्धि।
**धनु** : आर्थिक लाभ, सुख, मानसिक सन्तुष्टि, व्यवसायबाट लाभ।
**मकर** : धनलाभ, पुरस्कार-सम्मान प्राप्ति, कार्य सफल, शुभ यात्रा।
**कुम्भ** : आर्थिक अभाव, चोटपटकको भय, आफन्तबाट धोका, विवाद।
**मीन** : आर्थिक लाभ, मिष्ठान्न भोजन, साथीभाइबाट प्रसन्नता।



# प्रदेश-३



{ नयाँ संहिता कानुनले बेपत्ता व्यक्तिहरूको परिभाषा गरिसकेको छ। त्यस्तो अवस्थामा द्वन्द्व सकिएको दशक नाघिसक्दा बेपत्ताकै सूचीमा राखिरहने कि नरहने ?

# सशस्त्र द्वन्द्वमा बेपत्ता भएकाको अझै अत्तोपत्तो छैन

मोतीराम तिमल्सिना, काभ्रे

सशस्त्र द्वन्द्वका समयमा प्रभावित परिवारको विवरण जिल्ला प्रशासन कार्यालयमार्फत प्रदेश नम्बर ३ को आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा पठाइएको छ। शान्ति प्रक्रिया शुरू भई मुलुक नयाँ संरचनामा गएको लामो समय भइसक्दासमेत द्वन्द्वमा बेपत्ताहरूको टुंगो नलागेको हो।

सशस्त्र द्वन्द्वका क्रममा जिल्लाबाट अझै २८ जना बेपत्ता छन्। बेपत्तामध्ये एक जना चौरीदेउराली गाउँपालिकाकी महिलासमेत छिन्। नयाँ संहिता कानुनले बेपत्ता व्यक्तिहरूको परिभाषा गरिसकेको छ। त्यस्तो अवस्थामा द्वन्द्व सकिएको दशक नाघिसक्दा बेपत्ताकै सूचीमा राखिरहने कि नरहने ? राजनीतिक र कानुनी प्रश्नका बीच बेपत्ताको सूची पठाइएको छ।

नयाँ कानुन भदौ १ गतेपछि बेपत्ता हुनेहरूका लागि मात्रै हो कि ? बेपत्ताका परिवारले मृत्यु भएका व्यक्तिसरह राज्यबाट सहायता रकम लिइरहेका छन्। द्वन्द्वकै कारण जिल्लामा ८० जना घाइते/अपांग रहेकामा २१ जना महिला छन्। २ सय ३२ जना सहिद छन्। नमोबुद्ध नगरपालिकामा सहिदको संख्या शून्य छ। सबैभन्दा धेरै सहिद भएको स्थानीय सरकार रोशी गाउँपालिका हो। जहाँ २८ जना सहिद भएका छन्। खानीखोला दोस्रो स्थानीय तह हो जहाँ २५ जना व्यक्ति सहिद भएका थिए। तेमाल गाउँपालिकामा २४ जना सहिद भएका छन् भने पाँचखाल, पनौती, चौरीदेउरालीमा २३/२३ जना सहिद भएका छन्।

जिल्लामा द्वन्द्वका कारण १ सय २४ जना विस्थापित भएका थिए। सबैभन्दा धेरै चौरीदेउराली गाउँपालिकाबाट विस्थापित भएका छन् भने दोस्रोमा तेमाल गाउँपालिकाबाट विस्थापित भएका छन्। चौरीदेउरालीमा २८ जना विस्थापित भए भने तेमालमा २० जना विस्थापित भएका थिए। प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतले जिल्लामा रहेका १३ वटै स्थानीय तहमा रहेका द्वन्द्व प्रभावित परिवारको विवरण आइतबार प्रदेश सरकारलाई पठाएका हुन्।

स्थानीय तहअनुसार धुलिखेल नगरपालिकामा बेपत्ता २ जना छन् भने घाइते/अपांग ६, सहिद ११ र विस्थापित १७ जना छन्। त्यस्तै बनेपा नगरपालिकामा बेपत्ता ३, घाइते/अपांग ४, सहिद २३ जना रहेका छन्। बनेपा नगरपालिकामा विस्थापित छैनन्। पाँचखाल नगरपालिकामा बेपत्ता ४, घाइते/अपांग ३, सहिद २३ र विस्थापित १४ जना रहेका छन्। नमोबुद्ध नगरपालिकामा बेपत्ता २, घाइते/अपांग ३ र विस्थापित १३ जना रहेका छन्। नमोबुद्ध नगरपालिकामा सहिदको संख्या शून्य छ। मण्डनदेउपुर नगरपालिकामा बेपत्ता १, घाइते/अपांग ५, सहिद १८ र विस्थापित ३ जना रहेका छन्। तेमाल गाउँपालिकामा बेपत्ता २, घाइते/अपांग ९, सहिद २४ र विस्थापित २० जना रहेका छन्।

त्यस्तै भुम्लु गाउँपालिकामा घाइते/अपांग १, सहिद १२ र विस्थापित १ जना रहेका छन्। उक्त गाउँपालिकामा बेपत्ता हुनेहरूको संख्या छैन। चौरीदेउराली गाउँपालिकामा बेपत्ता ६, घाइते/अपांग ११, सहिद २३ र विस्थापित २८ जना रहेका छन्। महाभारत गाउँपालिकामा घाइते/अपांग १७, सहिद १७ र विस्थापित ६ जना रहेका छन्। बेथाञ्चोक गाउँपालिकामा बेपत्ता ३, घाइते/अपांग २, सहिद ११ र विस्थापित ५ जना रहेका छन्। रोशी गाउँपालिकामा बेपत्ता ३, घाइते/अपांग ८, सहिद २८ र विस्थापित १५ जना रहेका छन्। खानीखोला गाउँपालिकामा घाइते/अपांग ८, सहिद २५ र विस्थापित २ जना रहेका छन्।

## सुरुङमार्ग निर्माण कम्पनीलाई मुख्यमन्त्रीको जवाफ

# ‘तपाईंहरूप्रति जनता विश्वस्त छैनन्’

नेपाल समाचारपत्र


हेटौंडा

प्रदेश-३ का मुख्यमन्त्री डोरमणि पौडेलले नेपाल पूर्वाधार विकास कम्पनीले निर्माण गर्ने भनेको सुरुङमार्ग निर्माण हुनेप्रति जनता विश्वस्त नभएको बताउनुभएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय हेटौंडामा भएको कम्पनीका प्रतिनिधिसँगको छलफलमा उहाँले कम्पनीले निर्माण गर्ने भनेको हेटौंडा-कुलेखानी-काठमाडौं सुरुङमार्ग निर्माण गर्ने आधार नै नभएको भन्दै जनता विश्वस्त हुन नसकेको बताउनुभयो।

धेरै वर्षअगाडि नेपाली जनताले सुरुङमार्गको सपना देखेको भए पनि कम्पनीले जनतालाई निराश तुल्याएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो- ‘अब प्रदेश सरकारले सुरुङमार्ग निर्माण गर्छ।’ उहाँले पूर्वाधार कम्पनीले सुरुङमार्ग बनाउने कुरा अनिश्चित भएको भन्दै निर्माण गर्ने आधार पनि भएको बताउनुभयो।

२० वर्ष अघिदेखिको सुरुङमार्ग निर्माणको सपना भएको भन्दै मुख्यमन्त्री पौडेलले प्रदेश सरकारको




गौरवको आयोजना भएको पनि उहाँले बताउनुभयो। उहाँले भन्नुभयो- ‘तपाईंहरूले निर्माण गर्ने समयावधिमा काम शुरू गरेको भए हामी अहिले सुरुङबाट हेटौंडा काठमाडौं गरिरहेका हुन्थ्यौं।’ कम्पनीले अझ पनि सुरुङमार्ग निर्माण गर्ने भनेर अलमल गर्न खोजेको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो- ‘अहिले नयाँ सम्झौता भएको छ भनेर एक वर्ष, दुई वर्ष अलमलाउनु होला। यतिका वर्ष त अलमलाउनुभयो, त्यसैले अब विश्वास गर्न सकिँदैन।’ प्रदेश सरकारले २ देखि साढे २ वर्षमा सुरुङमार्ग निर्माण सक्ने उहाँले दाबी गर्नुभयो। उहाँले परियोजना निर्माणका लागि क्षण/क्षणको महत्त्व रहेको भन्दै यसलाई कसैले रोकेर नरोकिने स्पष्ट पार्नुभयो।

गैरआवासीय नेपाली संघ अध्यक्षसमेत रहनुभएका कम्पनी अध्यक्ष भवन भट्ट, संस्थापक अध्यक्ष कुशकुमार जोशी, निवर्तमान अध्यक्ष लालकृष्ण केसीलगायत टोली सुरुङमार्ग आफैं निर्माण गर्ने भन्दै सहयोग गर्न आग्रह गर्दै मुख्यमन्त्रीकहाँ पुगेको थियो।

सुरुङमार्ग निर्माणको विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) का लागि प्रदेश सरकारले ५ करोड रकम विनियोजन गरेको छ। सरकारले पोष्टबहादुर बोगटी हेटौंडा-काठमाडौं सुरुङमार्ग नाम दिएको परियोजना निर्माण गर्ने यसअघि घोषणा गरिसकेको छ।

## विकासलाई मुख्य आधार बनाउन प्रदेश प्रमुखको आग्रह

हेटौंडा, (नेस)

प्रदेश-३ प्रमुख अनुराधा कोइरालाले चौथो संविधान दिवस मनाइरहँदा राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गरेको जनआन्दोलन, त्याग र बलिदानको प्रतिफलस्वरुप ऐतिहासिक संविधानसभामार्फत वर्तमान नेपालको संविधान प्राप्त गरेको बताउनुभएको छ । संविधान दिवसको अवसरमा उहाँले शुभकामना दिनुभएको हो।

उहाँले जनआकांक्षा र जनभावनाअनुरुप सामाजिक तथा आर्थिक विकासलाई मुख्य आधार बनाएर अघि बढ्न सबै क्षेत्रलाई अनुरोध गर्नुभयो। लोकतन्त्रको स्थापना र संस्थागत विकास तथा प्रदेशको सामाजिक तथा आर्थिक रुपान्तरणको अभियानमा प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा सहयोग पुर्‍याउनेलाई धन्यवाद दिँदै प्रदेशबासीलाई संविधान दिवसको शुभकामना व्यक्त गर्नुभयो। कोइरालाले जनअपेक्षाअनुसार काम गर्न सम्बद्ध पक्षलाई आग्रह गर्नुभयो।

कार्यक्रममा प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेल, सभामुख सानुकुमार श्रेष्ठ, उपसभामुख राधिका तामाङ, प्रदेश मन्त्रीहरू, प्रदेश सांसदहरू, प्रदेश प्रमुख सचिव, सुरक्षा निकायका प्रमुखलगायत विभिन्न सरकारी कार्यालय प्रमुखहरूको उपस्थिति थियो। संविधान दिवसको शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम प्रदेश प्रमुखको कार्यालयमा भएको थियो।

# विद्यालय जान किशोरीलाई साइकल



नेपाल समाचारपत्र

हेटौंडा

विद्यालयबाट टाढा घर रहेका तथा जेहेन्दार छात्रालाई माइती नेपालले साइकल वितरण गरेको छ। एन्टिमा फाउन्डेसनको सहयोग तथा माइती नेपालको आयोजनमा किशोरी शिक्षामा सहज पहुँचका लागि साइकल वितरण भन्ने नारासाथ मंगलबार ३ नम्बर प्रदेश मुख्यमन्त्री डोरमणि पौडेलले हेटौंडा-१९ को बालउज्ज्वल माविका १५ छात्रालाई साइकल हस्तान्तरण गर्नुभएको हो।

पौडेलले बालजागृति युवावर्ष मावि, जनज्योति मावि र उज्ज्वल मावि गरी ५ विद्यालयका विद्यार्थीलाई साइकल हस्तान्तरण गर्नुभएको थियो। मकवानपुरका ८ विद्यालयलाई लक्षित गरी प्रत्येक विद्यालयमा ५ वटाका दरले ४० छात्रालाई साइकल वितरण गरिने माइती नेपाल कार्यवाहक अध्यक्ष विश्व खड्काले जानकारी दिनुभयो।

कार्यक्रममा मुख्यमन्त्री पौडेलले सैद्धान्तिक शिक्षाले मात्र नपुग्ने भएकाले विद्यार्थीलाई प्रयोगात्मक शिक्षासहित प्राविधिक शिक्षामा जोड दिनुपर्ने बताउनुभयो। प्रत्येक विद्यालयमा प्राविधिक शिक्षा हुनुपर्ने मापदण्ड प्रदेश सरकारको नीति तथा कार्यक्रममा रहेको पौडेलले जानकारी गराउनुभयो।

विद्यालयको वातावरणअनुसार विद्यार्थीले ज्ञान आर्जन गर्ने भएकाले राम्रो तथा स्तरीय शिक्षा दिन पौडेलले आग्रह गर्नुभयो।

# पनौतीमा ‘पशुपालन र खेती’ अनिवार्य बिमा

नेपाल समाचारपत्र

काभ्रे

कृषि शहर पनौतीलाई व्यावसायिक खेती र पशुपालनमार्फत पर्यटनमा जोड्ने उद्देश्यले कृषि र पशु विकासका लागि नगरपालिकाले विनियोजन गरेको झन्डै २ करोड बजेटका कार्यक्रम सार्वजनिक गरिएको छ।

व्यावसायिक खेतीका लागि अनिवार्य बिमा र बिमामा अनुदान कार्यक्रम नगरपालिकाले सार्वजनिक गरेको छ। ‘कृषि बिमा गर्ने कृषकहरूलाई उनीहरूले तिर्ने २५ प्रतिशत प्रिमियममा ५० प्रतिशत नगरपालिकाबाट अनुदान उपलब्ध गराइनेछ’, नगरपालिकाका बाली संरक्षण अधिकृत रीतिक्षा पौडेलले भनिन्- ‘सामूहिक र व्यक्तिगतरुपमा गरिएका खेतीको अनिवार्यरुपमा बिमा गर्नुपर्नेछ।’ कृषिको व्यावसायीकरण तथा आधुनिकीकरण, उत्पादन र उत्पादकत्व बढाउन सामूहिक खेतीलाई प्रोत्साहन, एक गाउँ एक उत्पादन कार्यक्रमलाई सबै वडामा सञ्चालन गरी नमुनारुपमा सञ्चालन गर्ने, रोजगारीको सिर्जना, जैविक खेती प्रवर्द्धन, माटोको उर्वराशक्ति संरक्षण र बिषादी न्यूनीकरणका लागि सचेतना, उपभोक्तालाई गुणस्तरीय कृषिजन्य पदार्थ उपलब्ध गराउने मुख्य लक्ष्य राखिएको अधिकृत रीतिक्षा पौडेलले बताइन्।

पुशपक्षीतर्फ नगरपालिकाले विद्यमान पशुधनलाई संरक्षण र सम्बर्द्धन गर्न, स्थानीय पशुहरूको गुणस्तरीय सुधार गर्न, पशुजन्य पदार्थ (दूध, अण्डा, मासु, उन र छाला) को उत्पादन बढाउन, पशुपालनको माध्यमबाट अतिरिक्त आय र रोजगारीको सिर्जना गर्न, उपभोक्तालाई गुणस्तरीय पशुजन्य पदार्थ उपलब्ध गराउन, पशुजन्य उद्योगको स्थापना गर्न प्रोत्साहित गर्न, पशु नस्ल सुधारको माध्यमबाट उत्पादनशील पशुको वृद्धि गर्न तथा पुशजन्य पदार्थको उत्पादन लागत कम गर्ने कार्यक्रम सञ्चालन गर्न कार्यक्रम तयार गरिएको पशु चिकित्सक मणिप्रसाद सापकोटाले बताए। ‘कृषि पशु क्षेत्रमा व्यावसायीकरण र आधुनिकीरणका लागि नगरपालिकाका कार्यक्रम केन्द्रित भएका छन्’, पशु चिकित्सक मणिप्रसाद सापकोटाले भने- ‘दूधमा आत्मनिर्भर बन्न गोठ सुधार, भकारो तथा टाट्नो सुधार, पशु नस्ल सुधार, खोप, स्वास्थ्य शिविर गरिनेछ। मासुका लागि बोयर बोका वितरण गरिनेछ।’

आर्थिक वर्ष २०७५/७६ मा स्वीकृत कृषि तथा पशुपक्षी विकासतर्फको कार्यक्रम तथा बजेट सरोकारवालालाई जानकारी गराइएको थियो। नगर उपप्रमुख गीता बञ्जाराको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा वडाध्यक्ष एवं कृषि उपसमितिका संयोजक गुणनाथ सापकोटाको अध्यक्षता रहेको थियो।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत ध्यानकुमार थापा, जिल्ला भेटेनरी अस्पतालका प्रमुख डा. नारायणबहादुर श्रेष्ठ, नेपाल पत्रकार महासंघ काभ्रेका अध्यक्ष मोतीराम तिमल्सिना, पनौती उद्योग वाणिज्य संघका सचिव महेश पौड्याल, नगरपालिकाका वरिष्ठ प्रशासकीय अधिकृत ईन्द्र अधिकारी, उपभोक्ता सन्तोष केसीलगायतले कृषि र पुशपक्षीका क्षेत्रमा विनियोजन गरेका कार्यक्रमलाई सकारात्मक कार्यान्वयन गरिनुपर्ने बताए।

पशु विकास शाखाका प्रमुख मणिप्रसाद सापकोटाले ९९ लाख ९८ हजारको बजेटमार्फत गाईबाट बाच्छी मात्रै जन्माउने गरी बीज राख्न लागिएको बताए। मासुमा आत्मनिर्भर बनाउने, पहिलो बेत ब्याएको भैंसीलाई ५ हजार र दोस्रो बेत ब्याएका भैंसीलाई सुत्केरी भत्ता, पहिलोपटक जन्मेका पाडापाडीलाई पुनः ब्याउने हुँदासम्म पाल्दा ब्याएको दिन नै १५ हजार भुक्तानी गरी भैंसीपालनतर्फ नगरबासीलाई आर्कषण गरिएको सापकोटाले बताए। अनिवार्यरुपमा बिमा गरिएका पशुहरूलाई मात्रै उक्त कार्यक्रममा सहभागी गराउने सापकोटाले बताए। मेयर उत्कृष्ट कृषक पुरस्कार, नगरस्तरीय प्रयोगशाला सुविधा सम्पन्न पशुपक्षी अस्पताल खोल्ने योजना रहेको सापकोटाले बताए। बाली संरक्षण अधिकृत रीतिक्षा पौड्यालले नगरले सञ्चालन गर्ने ७६ लाख रुपियाँ बराबरको कार्यक्रम प्रस्तुत गरेकी थिइन्।


**वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको**

**अनलाईन बोलपत्र (इ-टेण्डर) आव्हानको सूचना ।**

यस प्रतिष्ठानलाई आवश्यक तपसिलका मर्मत/निर्माण कार्यहरू बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म, संस्था तथा कम्पनी बाट फर्म दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र र आ.व. ०७३।०७४ को करचुक्ता प्रमाणपत्रको स्क्यान प्रति सहित अनलाईन बोलपत्र (e-tender) आव्हान गरिएको छ । अनलाईन बोलपत्र सम्वन्धी बिस्तृत सूचना, ठेक्का पट्टाका शर्तहरू, फाराम भर्ने तरिका आदि बारे सार्वजनिक खरिद अनुगमन कार्यालयको बोलपत्र सम्वन्धी वेबसाइट www.bolpatra.gov.np/egp मा राखिएको छ । सोही सूचना, शर्त आदिको आधारमा अनलाईन ई बोलपत्र मिति २०७५।०७।०४ गते (तदनुसार अक्टुबर २१, २०१८) दिउंसो १२:०० बजे भित्र पेश गर्न सूचित गरिन्छ । ईबोलपत्र प्रकाशित मिति २०७५।०६।०५, ई बोलपत्र खोल्ने मिति र समय २०७५।०७।०४ अपरान्ह २:०० बजे ।

| सि.नं. | बोलपत्रको विवरण | फारम दस्तुर | बिडबण्ड रकम |
|---|---|---|---|
| १ | Repair Maintenance and Painting work of Postnatal and Gynae Ward (IFB No.: BPKIHS/075/076/013) | रू.३०००।- | रू. ६६,०००।- |
| २ | Repair and maintenance work of Hostel No. 1 and 2 (IFB No.: BPKIHS/075/076/015) | रू.३०००।- | रू.१,४३,५००।- |



**कागेश्वरी मनोहरा नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं

३ नं. प्रदेश, नेपाल

**आशय सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति २०७५/०६/०५

यस नगरपालिका अन्तर्गत ठेक्का नम्बर Kadaghari DWSS /W/NCB/04/ 2074 -075 मा उल्लेखित Construction of RCC over head and underground reservoir tank for Kadaghari DWSS, Kageshwori Manohara Municipality, ward no 9, Kathmandu कार्यको लागि मिति २०७४ साल माघ १७ गतेको राजधानी दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार Two Envelope System मा e-bidding मार्फत दर्ता हुन आएका बोलपत्रहरू मध्ये श्री बाबु रत्न कन्स्ट्रक्सन, खपिङ्छे - ९ ललितपुरले पेश गरेको रू २,४२,५९,२५८/०६ (अक्षरेपि दुई करोड बयालिस लाख उनान्साठी हजार दुई सय अन्ठाउन्न पैसा छ मात्र) मु.अ.कर बाहेकको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही देखिएकोले स्वीकृतीको प्रक्रियामा रहेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०७५, असोज
शुक्रबार
५

गाउँपालिका अध्यक्ष बमले स्थानीय नागरिकको पीरमर्कालाई मध्यनजर गर्दै निर्वाचित भएदेखिको भत्ता, पारिश्रामिक, दशैं पेस्कीलगायतबाट स्थानीय पालिकाका लागि एम्बुलेन्स खरिद गर्ने घोषणा गरेका हुन्।

# नेपाल

## जतातत्तै म्याद सकिएका अखाद्य वस्तु बिक्री

**नेपाल समाचारपत्र**

लमजुङ

लमजुङको जिल्ला सदरमुकाम बेंसीशहरका होलसेल पसलहरूमा म्याद सकिएर अखाद्य बनेको वस्तु बिक्रीमा राखिएको पाइएको छ। जिल्ला प्रशासन कार्यालयको अगुवाइमा गरिएको अनुगमनका क्रममा त्यस्तो फेला परेको हो।

जिल्ला प्रशासन कार्यालय लमजुङको अगुवाइमा गरिएको बजार अनुगमनको क्रममा बेंसीशहर नगरपालिका-७ स्थित मनाङे चौतारा टोलमा रहेको भरत रावलले सञ्चालन गर्नुभएको दिनेश ट्रेडर्समा खाने तोरीको तेलमा लेदो भेटिएको जिल्ला प्रशासन कार्यालय लमजुङका सहायक प्रमुख जिल्ला अधिकारी मनोहर थापाले बताउनुभयो। उहाँका अनुसार सुशील वनस्पती प्रालि पर्साबाट उत्पादित उत्तम तोरीको तेलमा लेदो फेला परेको हो।

खाने तोरीको तेल त्यस्तो अवस्थामा भेटिएपछि सोही पसलबाट ४९ कार्टुन उत्तम तोरीको तेल र १६ पोका तेल अनुगमन टोलीले जफत गरेको सहायक प्रजिअ थापाले बताउनुभयो। सो तेल प्रतिलिटर ८० रुपियाँमा बिक्री गर्ने गरिएको सो पसलका धनी भरत रावलले जानकारी दिनुभयो। सो तेलको प्याकेटको लेवलमा उक्त तेल गत जेठमा तयार गरिएको र आउँदो माघ महिनासम्म वैध मिति रहेको उल्लेख छ।

यसअघि लमजुङको सुन्दरबजार नगरपालिकाको सुन्दरबजारका पसलमा पनि सोही तेलमा लेदो भेटिएको राष्ट्रिय उपभोक्ता मञ्च लमजुङका अध्यक्ष डम्बरबहादुर अधिकारीले बताउनुभयो। उहाँका अनुसार लेदो भेटिएको उत्तम तोरीको तेल जाँचका लागि खाद्य, प्रविधि तथा गुण नियन्त्रण विभागमा पठाइएपछि अखाद्य प्रमाणित भन्ने पुष्टि भई आएको छ। सो तेल उत्पादक कम्पनीको डिलरसँग सम्पर्क गर्दा कम्पनी बन्द भइसकेको जानकारीमा आएको अधिकारीले बताउनुभयो।

उक्त अनुगमनका क्रममा मामा, माई, रारालगायतका चाउचाउदेखि कुरकुरे, बिस्कुट र वनस्पती र डेरीको घ्यूमा समेत मिति सकिएको भेटिएको अनुगमनमा सहभागी पत्रकार अनुज अधिकारीले बताउनुभयो। उहाँका अनुसार २ बोरा चामलको पीठोसमेत मिति सकिएको अवस्थामा फेला परेको हुँदा त्यस्तो सबै वस्तु बरामद गरिएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी मनोहर थापाको नेतृत्वमा बेंसीशहर बजारका १५ वटा ठूला होलसेल किराना पसलको अनुगमन गरिएको थियो। अनुमगनको क्रममा अधिकांश पसलमा म्याद गुज्रेको खाद्य सामग्री भेटिएको थियो। म्याद गुज्रेका खाद्य सामग्री अनुगमन टोलीले जफत गरेको छ।

चाडपर्व नजिकिँदै गर्दा व्यापारीले उपभोक्तालाई ठग्ने, म्याद गुज्रेका तथा अखाद्य सामग्री बिक्री-वितरण गर्ने भएकाले अनुगमनमा कडाइ गरिएको सहायक प्रमुख जिल्ला अधिकारी मनोहर थापाले बताउनुभयो। उपभोक्ता सचेतना सबैभन्दा बढी महत्त्वपूर्ण रहेको बताउँदै थापाले भन्नुभयो- 'शंकास्पद वस्तु नकिन्ने, कुनै पनि सामग्री किन्नुअघि त्यसको वैध मिति हेरेर यकिन गर्ने गर्नुपर्छ।'

सरोकारवाला निकायले अनुगमनलाई थप व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने राष्ट्रिय उपभोक्ता मञ्च लमजुङका अध्यक्ष डम्बरबहादुर अधिकारीले बताउनुभयो। सामान खरिद गर्दा उपभोक्ता आफैं सचेत हुनुपर्ने, सामान खरिद गर्दा म्याद भए/नभएको जाँच गरेर मात्र सामान खरिद गर्नुपर्ने उहाँको भनाइ छ।

जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा भएको बजार अनुगमनमा उपभोक्ता मञ्च, उद्योग वाणिज्य संघ, अधिकारकर्मी, सञ्चारकर्मी प्रहरीलगायत सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिहरू सहभागी हुनुहुन्थ्यो।

उत्पादक वा कम्पनीलाई उपभोक्ता संरक्षण ऐन, काला बजारी ऐन र खाद्य ऐनअन्तर्गत कारबाही गर्न सक्ने कानुनी प्रावधान रहेको छ। उपभोक्ता संरक्षण ऐन-२०५४, नियमावली-२०५६ अनुसार कारबाही गरिएमा बढीमा १४ वर्ष कैद र ५ लाख रुपियाँसम्म जरिवाना हुन सक्ने कानुनी प्रावधान छ।

यसै गरी, काला बजारी ऐनअन्तर्गत १० वर्ष कैद र ५ लाख जरिवाना, खाद्य ऐनअन्तर्गत ६ महिना कैद र ५ हजार रुपियाँसम्म जरिवाना हुन सक्ने प्रावधान छ। जनताको स्वास्थ्यमाथि खेलवाड गर्ने कम्पनीलाई उपभोक्ता संरक्षण ऐनअन्तर्गत कारबाही प्रक्रिया चलाउनुपर्ने उपभोक्ताले माग गरेका छन्।

## घूससहित तीन जना पक्राउ

वीरगन्ज, (नेस)

एक लाखसहित वीरगन्ज महानगरपालिकाका शिक्षा शाखा अधिकृतसहित तीन जनालाई अख्तियारले नियन्त्रणमा लिएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान अयोगको हेटौंडा कार्यालयबाट खटिएको टोलीले उनीहरूलाई पक्राउ गरेको हो। शिक्षा शाखा अधिकृत (विद्यालय निरीक्षक) मञ्जुर आलम, प्राविधिक सहायक नायव सुब्बा शशिभूषणप्रसाद साह र अरुण साह पक्राउ परेका हुन्।

अरुणलाई लाठगल्लीमा रहेको विसमिल्लाह होटलबाट नियन्त्रणमा लिइएको र अन्य दुई जनालाई महानगरपालिकाको कार्यालयबाटै नियन्त्रणमा लिइएको अख्तियारले जनाएको छ।

स्थलगत मुचुल्कापछि अख्तियारको कार्यालय हेटौंडा हुँदै उनीहरूलाई आवश्यक कारबाहीका लागि काठमाडौं पठाइनेछ। फारुक इन्टरनेसनल एकेडेमीको कक्षा १ देखि ५ सम्म अनुमति दिने प्रायोजनका लागि १ लाख घूस लिएको स्रोतले जनाएको छ। थप अनुसन्धान भइरहेको अख्यिारका अधिकारीहरूले बताएका छन्।

## कृत्रिम गर्भाधान प्रयोगशालाबाट सेवा शुरू

**विनोदसिंह विष्ट, बैतडी**

जिल्लाकै पहिलो बैतडीको गोकुलेश्वर कृषि तथा पशु विज्ञान कलेजमा स्थापना गरिएको कृत्रिम गर्भाधान प्रयोगशालाबाट स्थानीय किसानले सेवा लिन थालेका छन्। गाई-भैंसीमा कृत्रिम गर्भाधान गराउने उद्देश्यका साथ स्थापना भएको प्रयोगशालाबाट किसानले सेवा लिन थालेका हुन्।

प्रयोगशालामा जानकी थलालको जर्सी गाईमा सफलतापूर्वक कृत्रिम गर्भाधान गरिएको सामाजिक चेतना तथा विकास संघ (साडा) नेपाल बैतडीका परियोजना संयोजक नागेन्द्रप्रसाद भट्टले जानकारी दिए।

मर्सिकोर नेपालको आर्थिक सहयोगमा सामाजिक चेतना तथा विकास संघ (साडा) बैतडीद्वारा सञ्चालन गरिएको आर्थिक विकासमार्फत विपद् जोखिम व्यवस्थापन परियोजना दोस्रो चरणले डिलासैनी गाउँपालिकाका ८ वटा समुदायमा र दोगडाकेदार गाउँपालिकाको २ वटा समुदायमा कार्यक्रम सञ्चालन गरिरहेको छ। यसै क्रममा परियोजनाले आर्थिक विकास र विपद् जोखिम न्यूनीकरणसम्बन्धी कार्यक्रमलाई नियमितिता दिई समुदायलाई उत्थानशीलतातर्फ अग्रसर गराइरहेको छ।

डिलासैनी र दोगडाकेदार गाउँपालिकाका पशुपालनमा संलग्न घरधुरीले यस व्यवसायबाट अपेक्षित फाइदा लिन सकेका छैनन्। स्थानीय नश्लका पशुबाट कम दूध उत्पादन, उन्नत जातका पशुको उच्च मूल्य पर्ने, आहारा, गोठ सुधारको कमी तथा परम्परागत पशुपालन पद्धति आदि यस व्यवसायबाट व्यावसायिकरूपमा फाइदा लिन नसक्नुका मुख्य कारण हुन्। पशुपालन कार्यलाई व्यावसायिकरूपमा सञ्चालन गर्न किसानलाई पशु नश्ल सुधारतर्फ आकर्षित गरी उन्नत नश्लका पशुपालनमा संलग्न गराई यसबाट किसानलाई फाइदा पुग्ने देखिन्छ।

यसै सिलसिलामा परियोजनाले डिलाशैनी गाउँपालिका, गोकुलेश्वर कृषि तथा पशु विज्ञान कलेज, र स्थानीय एग्रोभेटहरूसँगको निरन्तर सहकार्य र समन्वयमा ७ वटा समुदायमा कृत्रिम गर्भाधानको बारेमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ, जसमा १ सय ८० पशुपालक किसान लाभान्वित भएका परियोजनाका जीविकोपार्जन सुपरभाइजर दीपेन्द्र बोहराले बताए।

यसै गरी किसानलाई पशुपालनका सँगसँगै कृषि पेसालाई दिगो, सशक्तीकरण र व्यवस्थापन गर्नका लागि अर्गानिक खेती प्रणालीलाई जोड दिएको छ, जसमा परियोजनाले समुदायमा रहेका किसानलाई यस क्षेत्रमा बढ्दो मात्रामा रसायनिक विषादिको प्रयोग रोक्न, मानव स्वास्थमा प्रत्यक्ष असरबाट बचाउन र वातावरणलाई प्रदूषणबाट जोगाउनका लागि स्थानीयस्तरमा सहजरूपमा उपलब्ध हुने वनस्पती र पशुको मुत्र संकलनबाट जैविक विषादि तयार गरेर खेती प्रणालीमा सुधार ल्याउनका लागि जैविक विषादि तयार गर्ने सीपमूलक तालिम पनि परियोजनाको कार्यक्षेत्रमा सञ्चालन गरिएको जसमा १ सय ४४ जना किसानको सहभागिता रहेको थियो।

यसै गरी कृत्रिम गर्भाधानको सेवा विस्तार र जनचेतनाका लागि अझ समन्वय र सहकार्यमा जोड दिई अन्य समुदाय र वडाहरूमा सञ्चालन गरिने र साथै अर्गानिक खेती प्रणालीका लागि पनि आवश्यक पहल गरिने कुरा साडा नेपाल बैतडीका परियोजना संयोजक नागेन्द्रप्रसाद भट्टले बताए।

गत भदौमा मर्सीकोर नेपालको आर्थिक सहयोगमा डिलासैनी गाउँपालिकाको समन्वय तथा गोकुलेश्वर कृषि तथा पशु विज्ञान कलेजको सहयोगमा स्थापना भएको कृत्रिम गर्भाधान प्रयोगशालाले सजिलो भएको किसानहरूले बताएका छन्। प्रयोगशाला नजिकै स्थापना भएपछि किसानलाई उन्नत जातको पशुचौपायाको पालनपोषण गर्न सहज हुने विश्वाससमेत गरिएको छ।

## लागूऔषधसहित शिक्षिका र विद्यार्थी पक्राउ



**ललित सिंह, बझाङ**

जिल्लाको मस्टा गाउँपालिकाबाट बोकेर ल्याउँदै गरेको अवस्थामा १८ केजी लागूऔषध चरेससहित शिक्षिका र विद्यार्थी प्रक्राउ परेको जिल्ला प्रहरी कार्यालय बझाङले जनाएको छ।

गोप्य सूचनाको आधारमा इलाका प्रहरी मस्टाका असईको नेतृत्वमा खटेको टोलीले गत बुधबार दिउँसो सदरमुकाम चैनपुरतर्फ ल्याउँदै गरेको अवस्थामा चरेससहित शिक्षिका र विद्यार्थीलाई बीचबाटोबाटै प्रकाउ गरेको हो। शिक्षिका र विद्यार्थीले प्रहरीलाई देखेपछि भाग्न खोज्दा प्रहरीले समातेको हो। दुवैबाट ९-९ किलो लागूऔषध चरेस बरामत गरेको डीएसपी प्रवीणन धितालले बताउनुभएको छ।

प्रकाउ पर्नेमा मस्टा गाउँपालिका-२ खिकाला गाउँ बस्ने १८ वर्षका दीपक बोहरा र मस्टा गाउँपालिका-१ घर भएकी ३९ वर्षकी हस्ता पुरी प्रकाउ परेकी छन्। पक्राउ परेकी शिक्षिका मस्टा गाउँपालिका-२ मा रहेको गौरीशंकर प्राविमा शिक्षण गर्दै आएकी र विद्यार्थी गाउँकै माविमा अध्ययनरत रहेको डीएसपी धितालले जानकारी दिनुभएको छ। प्रकाउ परेका दुवैलाई लागूऔषधसम्बन्धी कानुनबमोजिम जिल्ला सरकारी वकिल कार्यालयमा मुद्दा चलाइने भएको बताउनुभएको छ।

चरेसको खेती जिल्लाका ग्रामीण क्षेत्रका मस्टा गाउपालिका, छबीसपाथीभेरा गाउँपालिका, केदारस्युँ गाउँपालिका, बुङ्गल नगरपालिका, जयपृथ्वी नगरपालिका, दुर्गाथली गाउँपालिका, चिरबिरथड गाउँपालिकाका विभिन्न वडाहरूमा सो गाउँका स्थानीय बासिन्दाको वर्षभरिको आर्थिक आम्दानीको स्रोत जुटाउनका लागि खेती गरिरहेका हुन्छन्।

चरेस खेतीबाटै आफ्नो परिवारको घरखर्चसमेत चलाउँदै आएका छन्। यो चरेस बझाङबाट निर्यात भई कैलालीको धनगढी र कञ्चनपुरको महेन्द्रनगरदेखि भारत लैजाने गर्दछन्। ग्रामीण क्षेत्रमा यसको मूल्य प्रतिकेजी १० हजारदेखि १८ हजारसम्म पाउने गर्दछन्। यसको नियन्त्रणका लागि गाउँ-गाउँमा गएर जनचेतनामूलक कार्यक्रम गरी ग्रामीणस्तरका बासिन्दाको आर्थिक आम्दानीको स्रोत व्यवस्थापन गर्न सके लागूऔषध चरेस नियन्त्रण गर्न सकिने देखिन्छ र यसप्रति सबै सरोकारवाला निकायको ध्यान जान आवश्यक छ।

## गाउँपालिका अध्यक्षले पारिश्रमिकबाट एम्बुलेन्स खरिद गर्ने

कालिकोट, (नेस)



पलाँता गाउँपालिका अध्यक्ष लक्ष्मणबहादुर बमले आफ्नो हालसम्मको सेवा-सुविधाबाट एम्बुलेन्स खरिद गर्ने भएका छन्।

गाउँपालिका अध्यक्ष बमले स्थानीय नागरिकको पीरमर्कालाई मध्यनजर गर्दै निर्वाचित भएदेखिको भत्ता, पारिश्रामिक, दशैं पेस्की सबैबाट स्थानीय पालिकाका लागि एम्बुलेन्स खरिद गर्ने संविधान दिवसको अवसरमा बुधबार घोषणा गरेका हुन्। अध्यक्ष बमले सामाजिक सञ्जाल फेसबुकमार्फत संविधान दिवसको सुवर्ण अवसरमा संविधानको उपजको नाताले जनता र पलाँताबासीलाई चिनोस्वरूप व्यक्तिगततर्फबाट एम्बुलेन्स दिने घोषणा गरेका हुन्।

उनले हालसम्म विभिन्न सरकारी, गैरसरकारी संघ-संस्थाबाट आएको बैठक, भ्रमणलगायतका भत्ता ३ लाख ७८ हजार ७ सय, नेपाल सरकारले तोकेको मासिक पारिश्रमिक १६ महिनाको ४ लाख ८० हजार गरी जम्मा ८ लाख ५८ हजार ७ सय रुपिया एम्बुलेन्स खरिदका लागि उपलब्ध गराउने जानकारी गराएका छन्।

समयमा अस्पताल पुग्न नपाएर बिरामीले बाटोमा अकालमै ज्यान गुमाउनुपर्ने अवस्थामा रहेका विकट पालाँताका स्थानीय नागरिकले गाउँपालिका अध्यक्षको यो घोषणामा खुसी व्यक्त गरे।

अध्यक्ष बमले संविधान दिवसकै अवसरमा गरिब तथा निम्न आयस्तर भएका पलाँता गाउँपालिकाका नागरिकलाई एक-एक बोरा चामल वितरण गरेका छन्।


### नागरिक आवाजको भवन निर्माण सम्बन्धि बोलपत्र आवह्रानको सुचना

मिति २०७५/०६/०५

यस नागरिक आवाज संस्थालाई नवलपुर जिल्ला मध्यपुर नगरपालीका वडा नं २, शेहरीमा भवन निर्माण कार्य गर्नुपर्ने भएको र उक्त कार्यलाई ठेक्का पट्टाबाट गराउनु पर्ने भएकोले यो सुचना प्रकाशन भएको मितिले १५ औ दिन भित्र नेपाल सरकारबाट इजाजत पत्र प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुकोमा रहि रीतपुवर्क शिलवन्दी बोलपत्र आवह्रान गरिन्छ।

- यो सुचना प्रकाशित भएको मितीले १५ औ दिनको ५:०० बजे भित्र प्रचलित दर भाउ कायम गरी नागरिक आवाजको पोष्ट वक्स नं ९०४१ काठमाण्डौमा बोलपत्र दर्ता गराउन सकिनेछ।
- दर्ता भएको बोलपत्र १६ औ दिनमा नागरिक आवाजका कार्यकारिणी समिती र हिताधिकारी समितिको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ।
- बोलपत्र स्विकृत गर्ने या नगर्ने अधिकार यस कार्यलयमा सुरक्षित रहनेछ।

नागरिक आवाज
पोष्ट वक्स नं ९०४१
काठमाण्डौ, नेपाल



नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
क्षेत्रीय कृषि अनुसन्धान केन्द्र,
तरहरा, सुनसरी

### शिलवन्दी बोलपत्र आह्वान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७५।०६।०५

यस केन्द्रको स्वीकृत कार्यक्रम अनुसार आ.व. २०७५।०७६ मा निम्नानुसारको निर्माण कार्य सिलवन्दी बोलपत्र माध्यमबाट गराउनु पर्ने भएको हुदा नेपाल सरकारबाट ईजाजत प्राप्त निर्माण व्यवसायीहरु बाट निम्न शर्तहरुकाअधिनमा रही रितपुर्वकको सिलवन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ।

१. यो सूचना प्रथम पटक प्रकाशित मितिले सिलवन्दी बोलपत्र ३० (तीस दिन) सम्म कार्यालय समय भित्र यस केन्द्रमा चालु आ.व. को लागि नविकरण भएको इजाजतपत्र, आयकर एवं मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०७४।०७५ को कर चुक्ताको प्रमाणित प्रतिलिपी र खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको र पेशा वा व्यवसाय सम्वन्धी कसुरमा सजाय नभएको भनि लिखित रुपमा घोषणापत्र संलग्न राखी बोलपत्र यस केन्द्रबाट खरिद गर्न सकिने छ।
२. खरिद भएको बोलपत्र फारममा भर्नुपर्ने सबै पानाहरुमा स्पष्टसंग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सही छाप गरी यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ एकतीसौं दिन दिनको १२ बजे भित्र यस केन्द्रको नाममा सम्बोधन गरी ठेक्का नम्बर, कामको विवरण, निर्माण स्थल, बोलपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खुलाई सिलवन्दी लाहा छाप गरी बोलपत्र यस केन्द्रमा दर्ता गरिसक्नु पर्नेछ।
३. प्राप्त भएका बोलपत्र यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ (एकतीस औं) दिन दिनको ३.०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस केन्द्रमा खोलिने छ बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगतै कार्यालय खुलेको दिन सोही समयमा हुने छ।
५. सिलवन्दी बोलपत्रको साथ बोलपत्र जमानत बापतको रकम रा.बा. बैंक इनरुवा सुनसरीमा रहेको खाता नम्बर ख ३ धरौटी २२२०२०३००००० मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट सम्वन्धित कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिमा ९० दिन म्याद भएको विडबण्ड पेश गर्नुपर्नेछ। जुन फर्मको नामबाट बोलपत्र खरिद भएको हो सोही फर्मको नामबाट बोलपत्र दाखिला गर्नुपर्नेछ। एक फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाइने छैन। यस्तो बोलपत्र दाखिला भएको देखिएमा स्वत: रद्द हुने छ।
६. बोलपत्र शर्तरहित हुनु पर्नेछ, कार्यालयले उपलब्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्नेछ। समयभित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरीत भएको बोलपत्र माथि कारवाही हुने छैन।
७. प्राप्त हुन आएका बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहने छ।
८. अन्य कुराको हकमा नेपाल कृषि अनुसन्धान परिषद् आर्थिक प्रशासन विनियम २०४९, नेपाल सरकारको सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधनसहित) तथा अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ।
९. यस सम्वन्धी अन्य कुराको जानकारी आवश्यक परेमा कार्यालय समयभित्र यस केन्द्रको आर्थिक प्रशासन शाखामा सम्पर्कराख्न सकिने छ।

तपसिल

| S N | Contract Identification No. 2-2076/76 | Brief Description of Work/Site | Estimated Amount (Without VAT and Contingencies) | Bid Security Amount | Bid document Amount |
|---|---|---|---|---|---|
| 1 | RARS/NCB/ Works 01/2075/76 | Modern poultryshed const | 3004185.55 | 80000 | 3000 |

# विश्व

## अग्नि चक्रवात

क्यानाडाको ब्रिटिस कोलम्बियामा भीषण आगलागी भइरहेको इलाकामा देखिएको 'अग्नि चक्रवात'। उक्त अग्नि चक्रवातले एउटा अग्निसमन यन्त्रलाई पगाल्नु अगाडि १ सय फिटमाथिसम्म पुऱ्याएको अधिकारीहरुले बताए।



## ढुवानी

यांगसान बन्दरगाहबाट सांघाईतर्फ गइरहेको कन्टेनर ढुवानी जहाज। हालै अमेरिकाले नयाँ कर लगाएपछि उक्त शुल्क लागू हुनु अगाडि अमेरिकीहरु चिनियाँ सामान किन्न दौडधुप गरिरहेका छन्।



2018, SEP
Friday
21

विश्व २ मिनेट

### सोमालिया

## सैनिक पक्राउ

मोगादिसु, (एजेन्सी)

सोमालियाको राजधानी मोगादिसुमा एकजना नौ वर्षीय छात्रको गोली लागेर मृत्यु भएको विषयलाई लिएर चारजना सैनिकलाई गिरफ्तार गरिएको प्रहरीले बिहीबार जनाएको छ। एम्नेस्टि इन्टरनेसनलका अनुसार स्कुलको बस ट्राफिक जाममा फसेको बेला चलेको गोली लागेर देका दाहिर नामक ती बालकको ज्यान जानुका साथै अर्की एक बालिका घाइते भएकी थिइन्। एम्नेस्टि इन्टरनेसनलले आफ्नो गाडीका लागि बाटो खोल्न सेनाले जथाभावी गोली चलाएको बताएको छ। यस घटनालाई लिएर व्यापक जनआक्रोश बढिरहेको बेला सोमालियाका राष्ट्रपतिले दाहिरको परिवारलाई भेटेका छन्।

### स्पेन

## पर्खाल बनाउने प्रस्ताव

म्याड्रिड, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प युरोपको आप्रवासी समस्या समाधानका लागि सहारा मरुभूमिवरपर पर्खाल निर्माण गर्न आह्वान गरेको स्पेनका विदेशमन्त्रीले बिहीबार बताएका छन्। तर युरोपेली संसद्का पूर्वअध्यक्षसमेत रहेका विदेशमन्त्री जोसेप बोर्रेलले यस नीतिप्रति असहमति जनाएका छन्। एल पाइस नामक अखबारले जुन महिनाको अन्त्यमा बोर्रेल अमेरिकी भ्रमणमा गएकोबेला ट्रम्पले यस्तो प्रस्ताव राखेको जनाएको छ। चुनाव प्रचारप्रसारको दौरान ट्रम्पले अमेरिका र मेक्सिको ३ हजार १ सय ४५ किमी लामो सिमानामा पर्खाल बनाउने प्रतिवद्धता जाहेर गरेको थियो।

### पोल्याण्ड

## सैन्य परियोजनामा लगानी

वार्सा, (एजेन्सी)

पोल्यान्डका राष्ट्रपति आन्ड्रेज डुदाले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग पोल्यान्डमा एक सैन्य अड्डा स्थापित गर्न आग्रह गरेका छन्। पोल्यान्ड उक्त परियोजनामा २ अर्ब डलर लगानी गर्न तयार रहेको पनि उनले बताए। वासिङ्टनमा अमेरिकी राष्ट्रपतिसँगको भेटवार्तापछि। उक्त परियोजनाका विषयमा डुँदाले आफूले पहिले नै त्यसको नाम 'फोर्ट ट्रम्प' तय गरेको उनले बताए। उक्त सैन्यअड्डा स्थापित हुने निश्चित नभए पनि यदि त्यस्तो भएमा नेटो र रुसबीच अर्को सैन्य दौड शुरू हुनसक्छ। -नेटो युरोपेली देश र अमेरिकाको एक सैन्यसंगठन हो जुन सोभियत संघ रहेको बेलाको हो।

### जापान

## आबे पुनः नेता

टोकियो, (एजेन्सी)

जापानका प्रधानमन्त्री सिन्जो आबे बिहीबार पुनः सत्तारुढ दलका नेतामा चुनिएका छन्। योसँगै अब उनी देशमा सबैभन्दा लामो समयसम्म कार्यकाल रहने प्रधानमन्त्री बन्नेछन्। यसले संविधान संशोधन गर्ने आफ्नो योजनालाई पनि पूरा गर्न सक्नेछ। जापानमा पार्टी चुनाव अत्यन्त महत्त्वपूर्ण मानिएको थियो। लिबरल डेमोक्र्याटिक पार्टीका नेता पदका लागि भएका द्विपक्षीय चुनावमा ६३ वर्षीय रुढिवादी आबेले ६ सय ६३ मत हासिल गरेका थिए। उनका प्रतिद्वन्द्वी तथा पूर्वरक्षामन्त्री सिगेरु इसिबाले २ सय ६४ मत प्राप्त गरे। चुनाव जितेपछि आबेले थप तीन वर्षको कार्यकाल पाएका छन्।

# अमेरिका पुनः उत्तर कोरियासँग वार्ताका लागि तयार

### सन् २०२१ सम्ममा पूर्णनिशस्त्रीकरणको प्रयास

वासिंगटन, (एजेन्सी)



अमेरिकी विदेशमन्त्री माइक पोम्पियोले बिहीबार आगामी सन् २०२१ सम्ममा उत्तर कोरियालाई निशस्त्रीकरण गर्ने लक्ष्यसहित प्योङयाङसंग अर्को चरणको वार्ता शुरू गर्न आफू तयार रहेको बताएका छन्।

यसै वर्षको शुरूमा सिंगापुरमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली नेता किम जोङ उनबीच निशस्त्रीकरण सम्बन्धमा ऐतिहासिक वार्ता भएर यता यस विषयमा थप पहल हुन पाएको छैन। तर हालै सम्मपन्न उत्तर र दक्षिण कोरियाबीचको शिखर सम्मेलनको दौरान किम आफ्नो प्रमुख क्षेप्यास्त्र परीक्षण तथा प्रक्षेपण स्थल बन्द गर्न तयार देखिएका छन्।

त्यसैगरी दक्षिण कोरियाका राष्ट्रपति मुन जाय इनले दशौं हजार उत्तर कोरियालीसामु आफ्नो ऐतिहासिक भाषण पनि दिएका छन्। आफ्ना दक्षिण कोरियाली समकक्षी मुनसंगको प्योङयाङमा भएको भेटवार्ताको दौरान किमले कोरियाली प्रायद्विपलाई निशस्त्रीकरणको लक्षमा पुऱ्याउने सहमति व्यक्त गरेका हुन्।

पोम्पियोले यी महत्त्वपूर्ण प्रतिवद्धताहरुको आधारमा नै अमेरिकाले उत्तर कोरियासँग तत्काल वार्ताका लागि तयारी गर्न थालेको प्रतिक्रिया दिएका छन्। एउटा विज्ञप्ति जारी गर्दै पोम्पियोले आगामी साता न्युयोर्कमा भेटवार्ता गर्नका लागि आफूले उत्तर कोरियाली समकक्षी रि योङ होलाई निमन्त्रणा दिइसकेको तथा अस्ट्रियाको भियनामा ट्रम्प र किमबीचको दोस्रो चरणको वार्ताको तयारी भइरहेको जनाएका छन्।

उनले यसबाट आगामी सन् २०२१ को जनवरीसम्ममा निशस्त्रीकरणको प्रक्रियालाई तिव्र गतिमा अघि बढाउन मद्दत पुऱ्याउने आशा व्यक्त गरेका छन्। बिहीबार किम र मुनले कोरियाली किंवदन्तीको प्रमुख स्थल मानिने माउन्ट पाएक्टुको भ्रमण गरेका छन्। यसैबीच अमेरिकी राष्ट्रपति ट्रम्पले दुई कोरियाबीच भएका सहमतिको स्वागत गरेका छन्।

त्यसैगरी मुनले पुर्ण निशस्त्रीकरण कार्यलाई चाँडै सम्पन्न गर्नका लागि किम ट्रम्पसंगको दोश्रो चरणको वार्ताका लागि इच्छुक रहेको बताएका छन्।

# मेरो कोही महान्यायाधिवक्ता छैन : ट्रम्प

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मौजुदा महान्यायाधिवक्ता जेफ सेसनसमाथि अहिलेसम्मकै कडा टिप्पणी गर्दै आफूसँग 'कुनै महान्यायाधिवक्ता' नभएको बताएका छन्।

हिल टीभीसँगको एक साक्षात्कारमा ट्रम्पले सन् २०१६ को अमेरिकी चुनावमा कथित रुसी हस्तक्षेपको जाँचबाट अलगिने सेसन्सको फैसलाको पनि आलोचना गरे। आप्रवासी मुद्दालाई लिएर सेसन्सले जुन नीति लिए, त्यसप्रति आफू असन्तुष्ट रहेको उनले बताए।

ट्रम्पको बयानलाई लिएर सेसन्सको तर्फबाट कुनै प्रतिक्रिया आएको छैन। सत्तारुढ राष्ट्रपतिले आफ्नै महान्यायाधिवक्ताप्रति असन्तुष्टि व्यक्त गरिनुलाई असामान्य मानिन्छ। आलोचकहरुका अनुसार ट्रम्प कानुन व्यवस्थामा हस्तक्षेप गर्ने प्रयास गरिरहेका छन्।

यसअघि सेसन्सले ट्रम्पका बयानहरुको जवाफमा भनेका थिए- 'जबसम्म म महान्यायधिवक्ताको पदमा हुन्छु, न्याय विभागको कुनै पनि कदममा गलत राजनीतिको गलत असर पर्न दिन्नँ।

म उच्च मानकको अपेक्षा गर्छु र यदि त्यो नभएमा म कारबाही थाल्छु' सेसन्सले चेतावनी दिएका थिए। सेसन्स राष्ट्रपति चुनावमा ट्रम्पको अधियानका समर्थकहरुमध्येका एक हुन्। मंगलबार दिएको एक अन्तरवार्तामा ट्रम्पले भने- 'यो दुखको कुरा हो कि मसँग कोही महान्यायाधिवक्ता छैन। जाँचबाट बाहिर बस्ने सेसन्सको फैसलामा उनले भने- 'म अत्यन्तै दुखी छु।' सेसन्सलाई बर्खास्त गर्ने विषयमा विचार भइरहेको छ वा छैन भन्ने प्रश्नको जवाफमा ट्रम्पले भने- 'हामी हेर्छौं, के हुन्छ ? कयौंले मलाई यस्तो गर्न भनिरहेका छन्।'



# फेसबुकलाई युरोपेली आयोगको चेतावनी

लन्डन, (एजेनसी)

युजर डाटालाई के गरिएको भन्ने बारे चित्तबुझ्दो तथ्य प्रकाशमा ल्याउन म्याद तोक्दै युरोपेली आयोगले नत्र प्रतिबन्ध खप्न तयार रहन बिहीबार फेसबुकलाई चेतावनी दिएको छ।

न्याय आयुक्त भेरा जोउरोभाले फेसबकलाई गत फेब्रुअरीमै तत्काल आफ्नो सेवाशर्तलाई अपडेट गर्न गरिएको अनुरोधलाई त्यसले बेवास्ता गरेको बताएकी छिन्। उनले अहिले आफ्नो धेर्यताको बाँध टुटिसकेकाले आफूले सजायँका लागि चेतावनी नै दिनुपरेको स्पष्ट पारेकी छिन्।

फेसबुकले आगामी ३१ डिसेम्बरसम्ममा आफ्नो काम गरिसकुनपर्नेछ। फेसबुकले आफूले केही परिवर्तन गरिसकेको र निरन्तर सहयोग गर्ने जनाएको छ। जोउरोभाले पत्रकारहरुलाई भनेकी छिन- 'यदि हामीले कुनै प्रगति देखेनौं भने प्रतिबन्ध लगाउनेछौं। हामी संधै वार्तामा मात्र अल्झिरहन सक्तैनौं, कुरा स्पष्ट छ। हामी परिणाम हेर्न चाहन्छौं।'

फेसबुक र एयरबीएनबी दुवैलाई युरोपेली आयोगले फेब्रुअरीमा युरोपेली नीतिनियमअनुसार आफ्नो सेवाको स्वरूपलाई ढाल्न अनुरोध गरेको थियो। आयोगले तिनीहरुलाई प्रयोगकर्ताहरु अर्थात युजरहरुको संकलित सम्पूर्ण सूचना के गरियो भन्ने बारे तिनीहरुलाई पूर्ण ज्ञान दिन अनुरोध गरेको थियो।

तर एयरबीएबीले भने जुलाईमा यस विषयमा पुन ताकेता गरिएपछि पूर्ण पारदर्शिताका लागि आवश्यक परिवर्तनका लागि हल गरेको जोउरोभाले बताएकी छिन्। तर त्यसको तुलनामा विश्वभरि चर्चित सामाजिक सञ्जाल फेसबुकले भने थोरै सुधार गरेको बताइएको छ।



### इमरानको पहिलो विदेश भ्रमण

# साउदी अरेबियामाथि कुनै देशबाट आक्रमण हुन दिन्न : खान

रियाद, (एजेन्सी)

पाकिस्तानका नयाँ प्रधानमन्त्री इमरान खानले साउदी अरेबियामाथि कुनै पनि देशलाई आक्रमण गर्न नदिने बताएका छन्।

पहिलो विदेश यात्राका क्रममा साउदी अरेबिया पुगेका प्रधानमन्त्री खानले एक अन्तरवार्तामा उक्त प्रतिबद्धता व्यक्त गरेका हुन्। बुधबार उनले साउदी किंग सलमानसँग भेटवार्ता गरेका थिए। इमरान खान साउदी अरेबियापछि बिहीबार संयुक्त अरब इमिरेट्स पुगेका छन्।

प्रधानमन्त्री बनेपछि इमरान खानले आफू तीन महिनासम्म विदेश यात्रामा नजाने बताएका थिए तर उनी आफ्नो बचन तोडरे साउदी अरेबिया गए।

यस विषयमा इमरान खाने भने- 'मलाई तीन महिनासम्म पाकिस्तानबाट बाहिर जानुहुन्न थियो। साउदी नरेश सलमानले आमन्त्रित गरे, त्यसैले आउनुपऱ्यो। मुसलमान भएकाले मलाई मक्का र मदिना पनि आउनुथियो। त्यसो त पाकिस्तनमा जब कुनै नयाँ प्रधानमन्त्री बन्छन्, तब उनले पहिलो विदेश भ्रमणका लागि साउदी अरेबियालाई नै चयन गर्छन्। सबै मुसलमानको हृदयमा साउदीको विशेष स्थान छ।

इमरानले यस भ्रमणका क्रममा साउदीमाथि कुनै पनि देशलाई आक्रमण गर्न नदिने बताएका थिए। अन्तर्राष्ट्रिय सञ्चार माध्यमलाई दिएको पहिलो अन्तरवार्तामा खानले पाकिस्तान साउदी नरेशको साथमा सधैं उभिने बताए।



साउदी नेतृत्वले यमनमाथि गरिरहेको आक्रमणको विषयमा सोधिएको प्रश्नको जवाफमा इमरान खानले भने- 'पाकिस्तान यसमा मध्यस्थको भूमिका निभाउन चाहन्छ। मुस्लिम देश एकजुट भएर आऊन् भन्ने हामी चाहन्छौं। यदि तपाईं हाम्रो भूमिका चाहनुहुन्छ भने हामी सकारात्मक भूमिका निभाउँछौं ता कि त्यसले संघर्ष अन्त्य गर्न सकोस्।'

मुस्लिम देशहरुलाई एकै ठाउँमा ल्याउन चाहेको र मध्यपूर्वमा शान्ति चाहेको उनले बताए। उनले भने- 'यहाँ जुन युद्ध चलिरहेको छ त्यसमा मुसलमानलाई नै नोक्सान पुगेको छ। तपाईं यो लिबिया, सोमालिया, सिरिया र अफगानिस्तानमा देख्न सक्नुहुन्छ।'

पाकिस्तानमा शासनको विद्यमान दिशालाई परिवर्तन गर्ने बताउँदै पाकिस्तानका नागरिकको मानिसिकतामा परिवर्तन ल्याउने उनले बताए। पाकिस्तानीको जीवनलाई माथि उकास्ने र धनीहरुको विषयमा उनीहरुलाई धनी बनाउने नीति अन्त्य गर्ने उल्लेख गर्दै चीनले पनि त्यस्तै नीति लिएको उनले बताए।

पाकिस्तान विगत १५ वर्षदेखि आतंकवादको लडाइँका कारण समस्याग्रस्त रहेको र आतंकवादविरुद्ध लडाइँ लडिरहेको उनले बताए। पाकिस्तानले आतंकवादलाई कहिल्यै पनि प्रश्रय नदिएको उल्लेख गर्दै सेप्टेम्बर ११ आक्रमण गर्नेहरु पाकिस्तानमा नभएको उनले थपे। उनले भने- 'यसमा कोही पनि पाकिस्तानी सहभागी थिएनन्। अलकायदा अफगानिस्तानमा थिए। यस युद्धमा पाकिस्तान सलंग्न हुनुको कुनै अर्थ छैन र पाकिस्तान यसबाट नराम्रोसँग प्रभावित भएको छ। ८८ हजार पाकिस्तानीले अहिलेसम्म ज्यान गुमाइसकेका छन्।

पाकिस्तानका प्रधानमन्त्री इमरान खानले आफू इरानसँग पनि मिलेर काम गर्ने प्रष्ट पारे। साउदी र इरानको शत्रुता सुन्नी र सियाको विवाद महत्त्वपूर्ण रहेको छ। पाकिस्तानको सिमा इरानसंग जोडिएको छ। पाकिस्तानको आबादीमा सिया कम्तिमा १५ प्रतिशत रहेको छ। यस स्थितिमा पाकिस्तानका लागि साउदीको पक्षमा मात्र बस्नु त्यति सहज र लाभकारी मानिँदैन। इमरानले आफू साउदी अरेबिया र इरानबीच सन्तुलन बनाएर जाने प्रष्ट पारे।

सेनाले काटिएको रुखको बदला १ रुखको सट्टा २५ वटा बिरुवा रोप्ने जनाएको छ। सेनाले चालु आवभित्र ५४ किलोमिटर खण्डमा सवग्रेड फर्मेसन लेभलसम्मको चौडा गर्ने कार्य सम्पन्न गर्ने जनाएको छ।

# डीपीआर बनाउन कोरियन कम्पनी छनोट

नेपाल समाचारपत्र

काठमाडौं

काठमाडौं-तराई द्रूतमार्ग (फास्ट ट्र्याक) को विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) बनाउन कोरियन कम्पनी सुसुङ छनोट भएको नेपाली सेनाले जनाएको छ।

फास्ट ट्र्याक निर्माणको जिम्मा पाएको सेनाले आफ्नो मातहत रहेको काठमाडौं-तराई/मधेश द्रूतमार्ग सडक आयोजनाका अनुसार डीपीआर बनाउन उक्त कम्पनी छनोट भएको हो।

आयोजनाको डीपीआर निर्माणका लागि आह्वान गरिएको इओआईमा आवेदन दिएका १७ कम्पनीमध्येबाट कोरियन सुसुङलाई छनोट गरिएको आयोजना प्रमुख योगेन्द्रबहादुर खाँडले जानकारी दिनुभयो।

बिहीबार सैनिक मुख्यालयमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै आयोजना प्रमुख खाँणले छनोट भएको कोरियन परामर्शदाता सुसुङलाई भाद्र २९ गते सम्झौताका लागि पत्र पठाइएको बताउनुभयो।

कोरियन कम्पनी सुसुङसँग १० करोड १५ लाखको लागतमा डीपीआर तयार पार्ने सम्झौता हुन लागेको उहाँले बताउनुभयो। 'छनोट भएको कम्पनीलाई पत्राचार गरिसकेका छौं,' उहाँले भन्नुभयो- 'आगामी असोज महिनाको पहिलो हप्तामा सम्झौता गरी ४ महिनाभित्र डीपीआर तयार गर्ने लक्ष्य राखेका छौं।'

२०७४ वैशाख २१ गतेको मन्त्रिपरिषद्को निर्णयबाट ४ वर्षमा काम सक्ने गरी फास्ट ट्र्याक निर्माणको जिम्मा पाएको सेनाले तोकिएकै समयावधिमा उक्त सड्कको निर्मण कार्य पुरा हुने दाबी गरेको छ। 'फास्ट ट्र्याक निकै चुनौतीपूर्ण आयोजना हो' आयोजना प्रमुख खाँणले भन्नुभयो- 'तर, हामी तोकिएकै समयमा आयोजना पूरा गर्ने दिशातिर आगाडि बढिरहेका छौं।'

आव २०७४/७५ मा भौतिक प्रगति १०० प्रतिशत र वित्तीय प्रगति ९५ प्रतिशत भएको उहाँले दाबी गर्नुभयो।

चालु आवमा भने २० हजार रुख कटान, ६० लाख १७ हजार घनमिटर, फिलिङ ८ लाख ९ हजार घनमिटर भएको सेनाले जनाएको छ। त्यस्तै १० हजार ५ सय रोपनी जग्गा अधिग्रहण भएको जनाएको छ।

सेनाले काटिएको रुखको बदला १ रुखको सट्टा २५ वटा बिरुवा रोप्ने जनाएको छ। सेनाले चालु आवभित्र ५४ किलोमिटर खण्डमा सवग्रेड फर्मेसन लेभलसम्मको चौडा गर्ने कार्य सम्पन्न गर्ने जनाएको छ।

उच्चस्तरीय प्रविधिको उपयोग गरी स्लोप प्रोटेक्सनको कार्य प्रारम्भ गर्ने ठूला तथा अग्ला पुल र सुरुङमार्ग निर्माणका लागि खरिद सम्झौता गरी प्रारम्भिक चरणको कार्य शुरु गर्ने योजना राखेको छ।

काठमाडौं उपत्यकाबाट करिब १ घण्टामा निजगढ पुग्न सकिने गरी तयार हुन लागेको फास्ट टयाक चार लेनको बन्दै छ। कुल ६७ दशमलव २ किमि लामो उक्त सड्क खण्डमा ३ ओटा टनेल निर्माण हुँदै छन्



तेल लिन फेरि लाइन : ट्यांकर चालकको अवरोधका कारण पेट्रोलियम पदार्थको अभाव शुरु हुन थालेको छ। सुन्धाराको पेट्रोल पम्पमा देखिएको केही झलक। तस्वीर : अनिल आङदेम्बे/नेस

## ग्लोबल हेल्थ वाच पुस्तक विमोचन

काठमाडौं (नेस)

स्वास्थ्यसम्बन्धी विश्व परिदृश्य (ग्लोबल हेल्थ वाच) पुस्तक नेपालमा पनि विमोचन भएको छ। बंगलादेशको ढाकामा जनताको स्वास्थ्य भेलाको तयारीस्वरूप बिहीबार सो पुस्तकको विमोचन गरिएको हो। स्वास्थ्य अभियन्ता डा. शरदराज वन्तले सो पुस्तक विमोचन गर्नुभयो। विभिन्न देशले दिने स्वास्थ्य प्रतिवेदनको वैकल्पिक रूपमा सो प्रतिवेदन जनस्तरबाट अध्ययन गरी प्रकाशन गरिएको वन्तले बताउनुभयो। भेला आगामी कार्तिक २७ देखि मंसिर ३ गतेसम्म ढाकामा आयोजना हुँदै छ। विश्वका विभिन्न देशमा विमोचन गरिएको सो पुस्तक जनताको नजरबाट लेखिएको वन्तले बताउनुभयो। कार्यक्रममा बोल्दै मानवअधिकारवादी गौरी प्रधानले सो पुस्तकले नीतिगत, संस्थागत र कार्ययोजना निगरानी गरेको बताउनुभयो। त्यसैगरी डा. सर्वराज खड्काले जनताको स्वास्थ्यको जिम्मा राज्यले नलिएको र बजारको भरमा छोडेको धारणा राख्नुभयो।

### आदेश...

अदालतको ६ बुँदे परमादेशमा विदेश गएका नेपालीको मताधिकार सुनिश्चित गर्न विदेशस्थित कूटनीतिक नियोगले तयार गर्ने लगतलाई आधिकारिक मान्न, भोटिङका विभिन्न प्रविधि प्रयोग गर्न र आवश्यक परे 'पाइलट टेस्ट' गर्न भनिएको छ।

निर्वाचनका जानकारहरू विदेशमा मतदानको व्यवस्था मिलाउन आवश्यक भए पनि सहज नभएको बताउँछन्। निर्वाचनको सुरक्षा प्रबन्ध, निर्वाचन व्यवस्थापन, अनुगमन, मतदान केन्द्र संख्या निर्धारण, वैदेशिक रोजगारीमा रहेका नेपालीको पहुँच, पारदर्शिता, निष्पक्षताजस्ता विषय चुनौतीरूपमा रहेका छन्।

पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेले मतदाताहरू टाढा टाढा बस्ने, हामीले अपनाएको निर्वाचन प्रणालीजस्ता कारणले देशभित्रको तुलनामा देशबाहिर मतदान खर्च बढ्ने बताउनुभयो।

समानुपातिक र प्रत्यक्षतर्फको अलग-अलग 'ब्यालेट बक्स'को व्यवस्था गर्नुपर्दा लगत बढ्ने र व्यवस्थापन गाह्रो हुने पनि आयुक्तहरू बताउँछन्।

साथै, विदेशमा रहेका नागरिकलाई मतदान गर्नमा हुने समस्या समाधानको बाटोसहित निर्वाचन गराउन लाग्ने खर्च, प्रविधि, समयावधि नागरिकको पहुँच, राजनीतिक दलको आवश्यक तयारी लगायतका पक्षलाई समेत विचार गर्दा देशलाई प्रत्यक्षरूपमा विदेशस्थित कूटनीतिक निकायमा, प्रतिनिधिमार्फत, हुलाकमार्फत वा इलेक्ट्रोनिक भोटिङमध्ये कुन विकल्पको प्रयोग गर्दा उपयुक्त हुन्छ त्यो गर्न भनिएको छ। यसबारे विस्तृत अध्ययन, कानुन निर्माणपछि मात्र आयोगले गर्नुपर्ने कार्य शुरू हुने आयुक्तहरू बताउँछन्।

### वरिष्ठ...

नयाँ प्रधानन्यायाधीशका रूपमा ओमप्रकाश मिश्र आएसँगै पुन: ४१ दिनपछि भदौ २५ गते जोशी सर्वोच्चमा हाजिरी हुनुभएको थियो। सोही दिन जोशीको पेसी नतोकिए पनि प्रधानन्यायाधीश मिश्रले २६ भदौदेखि तोक्नुभएको थियो।

### अख्तियारमा...

राष्ट्रपति कार्यालय शीतल निवासमा बिहीबार बेलुकी आयोजित विशेष समारोहमा राष्ट्रपति विद्यादेवी भण्डारीको उपस्थितिमा नवनियुक्त घिमिरेलाई पद तथा गोपनीयताको शपथ गराइएको हो। घिमिरे गत ०७४ फागुन २ देखि कार्यवाहकका रूपमा कार्यरत हुनुहुन्थ्यो।

## सपथ असंवैधानिक भन्दै परेको रिट खारेज

काठमाडौं, (नेस)

राष्ट्रपति विद्यादेवी भण्डारीले लिनुभएको सपथ असंवैधानिक भन्दै परेको रिट खारेज भएको छ। सर्वोच्च अदालतका न्यायाधीश सपना मल्ल प्रधानको एकल इजलासले बिहीबार उक्त रिट खारेज गरेको हो।

न्यायपरिषद्को सचिवस्तरीय बैठकबाट वर्खास्त गरिएका तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीबाट लिएको सपथ अवैधानिक भन्दै अधिवक्ता हेममणि सुवेदीले सर्वोच्चमा रिट दायर गराउनुभएको थियो। अधिवक्ता सुवेदीले राष्ट्रपति कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सभामुखको कार्यालय, राष्ट्रियसभाको कार्यालय, पूर्वप्रधानन्यायाधीश पराजुलीलाई विपक्षी बनाइ निवेदन दर्ता गराउनुभएको थियो।

राष्ट्रपति भण्डारीले गत २०७४ फागुन ३० गते तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीबाट सपथ लिनुभएको थियो। न्यायाधीश मल्लले तत्कालीन प्रधानन्यायाधीश पराजुली पदमा नरहेको भन्ने जानकारी प्राप्त गर्नुअगावै राष्ट्रपतिको सपथ ग्रहण भइसकेको अवस्थामा सो सपथलाई संविधानविपरीत भनी लिइएको निवेदन जिकीर निराधार एवं तर्कहीन रहेको आदेश जारी गर्नुभएको छ।

## संविधानको सफल कार्यान्वयन मात्र पंगेनीप्रति सच्चा श्रद्धाञ्जलि

नेपाल समाचारपत्र

काठमाडौं

संविधानको सफल कार्यान्वयन भएमा मात्र स्वर्गीय कमलप्रसाद पंगेनीप्रति सच्चा श्रद्धाञ्जलि हुने कांग्रेस नेताहरुले जनाएका छन्।

नेपाली कांग्रेस स्याङ्जाका पार्टी सभापति एवं संविधानसभा सदस्य स्व पंगेनीको ४५ औं पुण्यतिथिका अवसरमा कांग्रेस स्याङ्जा-काठमाडौं सम्पर्क समितिले आयोजना गरेको कार्यक्रममा कांग्रेसका नेताहरुले संविधान निर्माणमा पनि पंगेनीको ठूलो योगदान र पसिना बगेको भन्दै यस्तो बताएका हुन्।

कार्यक्रममा कांग्रेस महामन्त्री डा. शशांक कोइरालाले स्व पंगेनीले कांग्रेस स्याङ्जाको सङठनलाई विस्तार गर्न महत्त्वपूर्ण भूमिका खेलेको बताउँदै पंगेनीको अभावमा पनि स्याङ्जा कांग्रेस पंगेनीले चाहेजस्तै हुनुपर्नेमा जोड दिएका थिए। पंगेनी विकासप्रेमी नेता भएको बताउँदै महामन्त्री कोइरालाले उहाँ आफ्नो क्षेत्रका लागि मात्र नभई सबै क्षेत्र र स्थानीयका लागि उत्तिकै काममा मन्त्रालय धाउने गरेको उल्लेख गरे। कांग्रेस नेता प्रकाशमान सिंहले पार्टी रूपान्तरणका लागि अहोरात्र खट्ने नेता स्व. पंगेनीको निधनले आफू निकै भावुक र स्तब्ध भएको भन्दै उहाँ जनताप्रेमी नेता भएको भन्दै प्रशंसा गर्नुभएको थियो।

अर्का नेता गोपालमान श्रेष्ठले बिपी कोइरालाको संविधानसभाबाट संविधान निर्माण गर्ने सपना पुरा भएको र बताउँदै संविधान कार्यान्वयन भए पंगेनीको सपना पूरा हुने बताउनुभएको थियो।

कार्यक्रममा कांग्रेस नेता धनराज गुरुङ, गगन थापा, प्रदीप पौडेल, संविधानसभा सदस्य तथा पूर्वसांसद राजु थापा, मोहन पाण्डे, सम्पर्क समितिका सभापति देवीप्रसाद अर्याल, कांग्रेस स्याङ्जाका सचिव कुमार रानालगायतले पंगेनीको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै स्याङ्जामा रहेको गुट उपगुटको अन्त्य गर्न सबै लाग्नुपर्नेमा जोड दिएका थिए। दोस्रो संविधानसभाको निर्वाचनमा संविधानसभा सदस्यमा निर्वाचित र २ कार्यकाल जिल्ला सभापति भइसकेका पंगेनीको साउन २० गते स्याङ्जामा हृदयघातका कारण निधन भएको थियो।

## सार्वजनिक यातायात बन्दले सर्वसाधारणलाई सास्ती

बुटवल, (नेस)

कसैको सार्वजनिक आह्वानबिना नै विगत ३ दिनदेखि सार्वजनिक सवारी साधन चलेका छैनन्। प्रदेश ५ को राजधानी बुटवलसहित यस क्षेत्रका विभिन्न बसपार्कबाट सार्वजनिक बस छुटेका छैनन। बस समितिहरुले पनि क्यु प्रकाशित गरेका छैनन।

बन्दको आह्वानबिना नै सडकमा सार्वजनिक सवारी साधन नचलेपछि सर्वसाधारण भने अप्ठेरोमा परेका छन्। बस मात्रै होइन, ट्रकसमेत चलेका छैनन्। सार्वजनिक सवारीका साधन नचल्दा जताततै अस्त व्यस्त भएको छ। ३ दिन बितिसक्दा पनि सरकार मौन रहनु लाजमर्दो विषय भएको छ।

कुनै पार्टी तथा सस्थाले बन्द आह्वान नगरेको अवस्थामा किन सार्वजनिक सवारी चलेनन् भन्ने सम्बन्धमा यस क्षेत्रका बस तथा ट्रक समितिका पदाधिकारीले चालक नआएकाले गाडी नचलेको बताएका छन्।

चालकहरुले पनि औपचारिकरूपमा बन्द गरेको भनेका छैनन्। तर गाडी नचलाउने घोषणा वा आह्वान गर्दा पक्राउ परिने डरले चालकहरु र बस तथा ट्रक समितिहरुले बिनाघोषणा नै गाडी नचलाएको बुझिएको छ।

सरकारले सिन्डिकेट खारेजीको घोषणा गरेर खाता रोक्का गरेपछि सरकारसँग रुष्ट बनेका व्यवसायीलाई अहिले अनौपचारिकरूपमा चालकहरुले समेत साथ दिएका छन्। हालै सवारी ऐन संशोधन भएपछि चालकहरु त्यसको विरोधमा उत्रिएका छन्। संशोधित सवारी ऐनमा सवारी दुर्घटनामा चालकको लापरबाही पाइए कडा कारबाही गर्ने व्यवस्था छ।

पश्चिम नेपाल बस व्यवसायी संघका वरिष्ठ उपाध्यक्ष नारायण घिमिरेले चालक आएर गाडी चलाएमा समितिले काउन्टरबाट क्यु दिने बताउनुभयो।

किन यस्तो भयो भन्ने सम्बन्धमा रूपन्देहीका प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानाले यातायात व्यवसायी समितिले चालकलाई देखाउने गरेको र चालकहरुको संगठन नभएकाले यसका बारेमा अध्ययन गरिरहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'पूर्ण सुरक्षा दिन्छौं चलाउनुस् भनेर आग्रह गरेका छौं। केही दिन हेर्छौं, अध्ययन गर्छौं तर अन्योलमा राखिरहँदैनौं।'

## कञ्चनपुरमा फेरि ७ वर्षीया बालिका बलात्कृत

महेन्द्रनगर, (नेस)

कञ्चनपुरको कृष्णपुर नगरपालिकास्थित एक सामुदायिक विद्यालयमा अध्ययनरत बालिका बलात्कृत भएकी छन्। कृष्णपुर नगरपालिका-१ की ७ वर्षीया बालिका बिहीबार विद्यालयमै बलात्कार भएकी हुन्। कक्षाकोठामै बलात्कार भएको पीडित बालिकाको घर परिवारले जनाएको छ।

छोरीका कपडा खोलेर हेर्दा यौनीबाट रगत बगेको देखेपछि छोरीलाई के भएको भनेर सोधेँ। छोरीले सुभाव भन्ने केटाका दाइले हान्यो र ढलाएर बलात्कार गरेको बताइन्। 'छोरीलाई विद्यालय समयमै कक्षाकोठाभित्रै बलात्कार गरेको रहेछ,' 'आमाले भनिन्- 'तत्काल प्रहरीलाई खबर गरेँ।' बालिकाले घरपरिवार र प्रहरीलाई दिएको बयानअनुसार प्रहरीले बिहीबारै घटनामा संलग्न सोही विद्यालयमा कक्षा ६ मा अध्ययनरत १० वर्षीय अमरसिंह रानालाई पक्राउ गरेको छ। विद्यालयका प्रधानाध्यापक दिपेन्द्र चौधरीले विद्यालयमा घटना घटेको वा नघटेको बारेमा आफूलाई थाहा नभएको बताए। प्रअ. चौधरीले दिउँसो ३ बजेतिर प्रहरीले फोन गरेपछि मात्रै थाहा भएको बताए।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले बालिकाले दिएको बयानअनुसारका व्यक्ति पक्राउ गरिएको जनाएको छ। कञ्चनपुरका प्रहरी प्रमुख कुबेर कडायतले मेडिकल रिर्पोटअनुसार घटनाबारे विस्तृत खुल्ने बताए। सामूहिक वा एकल बलात्कार भएको बारे अहिल्यै भन्न नसकिने बताउँदै उनले घटनाबारे अनुसन्धान भइरहेको बताए।

## गोदाम राखेर अवैध कारोबार

भद्रपुर, (नेस)

कारोबारीले झापाको विर्तामोडलाई अवैध रूपमा निकासी तथा पैठारी गर्ने मुख्य केन्द्रका रूपमा प्रयोग गर्ने गरेको खुलासा भएको छ। सशस्त्र प्रहरीले विर्तामोडको एउटा गोदाममा छापा मारेर करिव २६ लाखको लत्ताकपडा बरामद गरेपछि घटना सतहमा आएको हो।

विर्तामोडमा भण्डारण गरी झापासहित मोरङ, सुनसरीलगायतका जिल्लामा कारोबार गर्न सहज हुने भएकाले भारतबाट भन्सार छलेर गोदाम नै भाडामा लिएर सामग्री राख्ने गरेको घटनाले देखाएको छ। भन्सार छलेर ल्याएको लत्ताकपडा झापाको बिर्तामोड नगरपालिका- ५ स्थित त्रिवेणी चोकमा भण्डार गरी राखिएको गोदाममा सशस्त्र प्रहरीले मङ्गलबार बेलुका छापा मारेपछि विर्तामोडमा सनसनी मच्चिएको थियो।

सशस्त्र प्रहरी बल नेपाल, राजश्व अनुसन्धान गुल्म इटहरीका सशस्त्र प्रहरीका डीएसपी रामकुमार सिंहको नेतृत्वमा आएको टोलीले विशेष सूचनाका आधारमा राजिव जैनले भाडामा दिएको गोदाम घरमा छापा मारेको सशस्त्र प्रहरी बल नेपाल झापा गण नम्बर-२ ले जनाएको छ। राजश्व अनुसन्धान कार्यालय इटहरी, सशस्त्र प्रहरी राजश्व अनुसंन्धान गुल्म इटहरी र काकँडभिट्टाबाट खटिएको सशस्त्र प्रहरीको संयुक्त टोलीले गोदाममा छापा मारेर २६ पोका कपडा बरामद गरेको जनाएको छ। बरामद गरिएको लत्ताकपडाको आवश्यक भन्सार कागजात नभेटाएपछि सामान आवश्यक कारबाहीका लागि लगेको डीएसपी सिंहले जानकारी दिए। गोदाममा सटिङ-सुटिङ, कुर्ता सुरुवाल, सुती साडीलगायत बहुमूल्य सामान रहेको जनाइएको छ।

## सुनसरीमा गोली प्रहार गरी शिक्षकको हत्या

विराटनगर (नेस)

सुनसरीको हरिनगर गाउँपालिका भुटाहामा गोलीप्रहारबाट एक स्थानीय शिक्षकको हत्या भएको छ। भारतबाट आएको हतियारधारी समूहले एक विद्यालयका शिक्षकको हत्या गरेको हो।

मोटरसाइकलमा आएको हतियारधारी समूहले स्थानीय एक विद्यालयका शिक्षक खुर्सित आलममाथि गोली प्रहार गरेको र उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

सुनसरीका प्रमुख जिल्ला अधिकारी प्रेमप्रकाश उप्रेतीका अनुसार हतियारधारी समूहको गोली लागेर २ जना प्रहरी पनि घाइते भएका छन्।

नेपाल भारत सीमा नाका घुस्कीमा चेकजाँचमा बसेका प्रहरी टोलीलाई गोली हानेर उनीहरू भागेका हुन्। फरार हतियारधारी समूहको खोजी भइरहेको प्रहरीले जनाएको छ।

## दुर्घटनामा एकको मृत्यु

भक्तपुर, (नेस)

अरनिको राजमार्गअन्तर्गत मध्यपुर ठिमी नगरपालिका-४ चारदोबाटो चोकमा आज दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ। भक्तपुरबाट काठमाडौंतर्फ जाँदै गरेको बा७०प १६६५ नं को मोटरसाइकलले बाटो काट्दै गरेका स्थानीय ८० वर्षीय जोगभक्त श्रेष्ठलाई ठक्कर दिँदा श्रेष्ठको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

प्रहरीले घाइते श्रेष्ठको मध्यपुर अस्पतालमा उपचारकै क्रममा मृत्यु भएको जानकारी दिएको छ। प्रहरीले मोटरसाइकल र चालक भारत विहार घर भई हाल सूर्यविनायक नगरपालिका बालकोट बस्ने ३० वर्षीय शम्लेशकुमार सिंहलाई पक्राउ गरी अनुसन्धान शुरू गरेको जनाएको छ।

## संविधान दिवसमा वृक्षरोपण

काठमाडौं, (नेस)

संविधान दिवसको अवसरमा सशस्त्र प्रहरी बल (विशेष कार्यदल गण)ले बल परिसरमा वृक्षरोपण गरेको छ। सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनालले सो गणको कार्यलय भवनअगाडि सुन्तलाको बिरुवा रोप्दै कार्यक्रमको शुभारम्भ गर्नुभयो।

सुन्तला, बोधिचित्तसहित अलैंचीका १ हजारवटा बिरुवा रोपिएको गणले जनाएको छ। कार्यक्रममा महानिरीक्षक खनालसहित सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरु पुष्पराम केसी र नारायणबाबु थापालगायत सशस्त्र प्रहरी अधिकृत तथा जवानको सहभापगिता रहेको बलले जनाएको छ।

# अर्थ

४ दिनसम्म चल्ने सम्मेलन कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि सुचना तथा सञ्चार केन्द्र र नेपाल कृषि प्रसार समितिको संयुक्त आयोजनामा तथा अन्तर्राष्ट्रिय कृषि प्रसार समिति हैदरावादले सहआयोजना गरेको हो।



# 'निर्माण क्षेत्रको म्याच फिक्सिङ, सिन्डिकेट तथा कार्टेलिङ सबै अन्त्य'

**नेपाल समाचारपत्र**

काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले निर्माण व्यवसायीले समयमा काम गर्न नसक्ने औचित्वपूर्ण अवस्था भएमा सम्झौता अवधि बढाउन सकिने तर क्षमताभन्दा बढी काम ओगटेर काम नगर्ने कम्पनीका लागि पटक-पटक अवधि थप्न नसकिने बताउनुभएको छ। नेपाल निर्माण व्यवसायी महासंघको २०औं साधारणसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले व्यवसायीसँग सहकार्य गरी अघि बढ्न सरकार तयार रहेको जानकारी दिनुभयो।

'व्यवसायीका जायज मागका विषयमा छलफल गर्न सरकार जहिले पनि तयार छ' प्रधानमन्त्री ओलीले भन्नुभयो। व्यवसायीहरूको माग बमोजिम भूकम्प तथा नाकाबन्दीका कारण सम्पन्न हुन नसकेको परियोजनाको म्याद थप्न सरकार तयार रहेको प्रधानमन्त्री ओलीले स्पष्ट पार्नुभयो।

व्यवसायीहरूलाई मर्का पर्ने ऐन कानुनसमेत संशोधनका लागि सरकार तयार रहेको भन्दै प्रधानमन्त्री ओलीले व्यक्तिगत हितभन्दा राष्ट्रको हितका लागि बढी ध्यान दिन व्यवसायीलाई आग्रह गर्नुभयो। सबै क्षेत्रबाट योजनाबद्ध ढंगले विकास निर्माणका कार्य अघि बढाउनु आजको आवश्यकता हो भन्दै प्रधानमन्त्री ओलीले अनुचित ढंगको लाभ नलिन सम्बन्धित् पक्षको ध्यानाकर्षण गराउनुभयो।

'अब निर्माण क्षेत्रमा रहेको म्याच फिक्सिङ, सिन्डिकेट तथा कार्टेलिङ सबै अन्त्य गरिनेछ' प्रधानमन्त्री ओलीले भन्नुभयो। व्यावसायिक एकता कायम गर्दै अघि बढ्न व्यवसायीलाई निर्देशन दिँदै प्रधानमन्त्री ओलीले व्यवसायीलाई सरकारको मात्र नभएर सिंगो संसद्को साथ रहेको बताउनुभयो।

व्यवसायीको हितमा मात्र नभई समग्र जनताको काम गर्न आग्रह गर्दै उहाँले जानी-जानी कम गुणस्तर वा कम मात्राको सामग्री राखेर निर्माण गरी अनुचित लाभ लिन खोजेमा कारवाही हुने दृढता व्यक्त गर्नुभयो। उहाँले आर्थिक अवस्थाअनुसार कम खर्चमा बढी उत्पादन र प्रतिफल हुने गरी काम गर्नुपर्ने भएकाले निर्माण व्यवसायीलाई समयमा गुणस्तरीय काम गरेर आफ्नो छवि राम्रो राख्न पनि आग्रह गर्नुभयो।

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष विष्णुभाइ श्रेष्ठले व्यवसायीमैत्री ऐन कानुनको अभावमा व्यवसायीले गुणस्तरीय काम गर्न नसकेको बताउनुभयो। पूर्वमन्त्री विक्रम पाण्डेले गुणस्तरीय काम नहुनुमा व्यवसायीको मात्र दोष नरहेको स्पष्ट पार्नुभयो। पूर्वमन्त्री बालकृष्ण खाँडले निर्माण व्यवसायीको योगदानबिना समृद्ध राष्ट्रको परिकल्पना बेकार रहेको तर्क गर्नुभयो।

महासंघका मानार्थ सदस्य जीप छिरिङ लामा शेर्पाले कठिन अवस्थामा पनि नेपाली व्यवसायीले उत्कृष्ट काम गरिरहेको दाबी गर्नुभयो। महासंघका वरिष्ठ उपाध्यक्ष लक्ष्मणकुमार राना र महासचिव रामशरण देउजाले व्यवसायीका समस्या र समाधानका बारेमा चर्चा गर्नुभयो। सोही अवसरमा प्रधानमन्त्री ओलीले अग्रज निर्माण व्यवसायी कृष्णभक्त मानन्धरसहित निर्माण क्षेत्रमा योगदान दिने कम्पनीका प्रतिनिधिलाई सम्मान गर्नुभयो। भोलिबाट शुरु हुने निर्वाचन प्रक्रियामार्फत् आगामी तीन वर्षका लागि महासंघको नयाँ नेतृत्व चयन हुनेछ।

निर्वाचनमा एक अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, ७ प्रदेश उपाध्यक्ष, एसोसियएट उपाध्यक्ष, महासचिवसहित पदाधिकारी र सदस्य गरी ५४ पदका लागि निर्वाचन हुने महासंघका प्रवक्ता विष्णु बुढाथोकीले जानकारी दिनुभयो। महासंघको विधानअनुसार पाँच सदस्य भने पछि अध्यक्षद्वारा मनोनयन गरिने बताइएको छ। साधारण सभामा प्रतिनिधि तथा पर्यवेक्षक गरी देशभरका २५ सयभन्दा बढी निर्माण व्यवसायीको सहभागिता रहेको छ।



# ४२ स्थानमा सुपथमूल्य पसल

काठमाडौं, (नेस)

चाडपर्वमा सस्तो मूल्यमा दैनिक उपभोग्य वस्तु उपलब्ध गराउनका निम्ति सरकारले असोज दोस्रो सातादेखि ४२ स्थानमा सुपथमूल्य पसल सञ्चालन गर्ने भएको छ।

सुपथ मूल्य पसलबाट उपभोक्ताले चामल, नून, घिउ, पनिर, चिनी, दाल, गेडागुडी छुटमा सामग्री पाउने व्यवस्था छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार प्रतिकिलो मोटा चामलमा ५ रुपियाँ छुट पाउने छन् भने बासमती चामलमा प्रतिकिलो १०, खसीबोका र च्यांग्रामा प्रतिकिलो १०, नूनमा ३ रुपियाँ छुट पाउने छन्। त्यस्तै डीडीसीको घिउमा ५० र पनिरमा १० रुपियाँ छुट दिने निर्णय भए पनि चिनीमा कति छुट दिने भन्ने टुंगो नलागेको बताइएको छ।

असोज १२ गतेदेखि कात्तिक २७ गतेसम्म सञ्चालन सुपथ मूल्य पसलमा साल्ट ट्रेडिङ कर्पोरेसन, नेपाल खाद्य संस्थान, दुग्ध विकास संस्थान र सहकारी पसलले समेत संयुक्तरूपमा सुपथ मूल्य पसल सञ्चालन गर्नेछन्।

मन्त्रालयका अनुसार संस्थान, कर्पोरेसन, दुग्ध विकास संस्थानले संयुक्तरूपमा कालिमाटी, कोटेश्वर, टेकु, सिंहदरबार (रामशाहपथ), सतुंगल, भक्तपुर र ललितपुरमा एकीकृत सुपथ मूल्य पसल सञ्चालन गर्नेछ। यस्तै कर्पोरेसनले काठमाडौंका नौ स्थानसहित तीनवटा घुम्ती सेवा पसल, त्रिशूली र २२ वटा कार्यालयमार्फत गरी ३६ स्थानमा यस्ता पसल सञ्चालनमा ल्याउने तयारी गरेको छ।

खाद्य संस्थानले सिंहदरबारमा एकीकृत पसलका साथै उपत्यका बाहिर सातै प्रदेशमा गरी ११ स्थानमा सहकारी पसलमार्फत सुपथ मूल्य पसल सञ्चालन गर्ने भएको छ।


## हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९३.८५ | ९२.३५ | ९४.८५ | ९४.३५ | ९०.८५ | ९३.३५ | ९३.१५ | १०२.७२ |
| बीरगंज | ९१.९५ | ९०.४५ | ९२.९४ | ९२.४५ | ८८.९५ | ९१.४४ | ९१.२५ | १००.९२ |
| विराटनगर | ९२.४५ | ९०.९५ | ९३.४४ | ९२.९५ | ८९.४५ | ९१.९४ | ९१.७५ | १०१.५२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।



RHINO 500 D

बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु | राइनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम. | १०-१० एम.एम. | १६ एम.एम. | १८-३२ एम.एम. |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ९८।०० | ९७।०० | ९८।०० | ९८।०० |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ९६।५० | ९३।५० | ९६।५० | ९६।५० |
| [illegible] | ९९।०० | ९८।०० | ९९।०० | ९९।०० |
| [illegible] | ९९।०० | ९८।०० | ९९।०० | ९९।०० |
| [illegible] | ९८।०० | ९७।०० | ९८।०० | ९८।०० |
| पोखरा, स्याङजा | ९८।०० | ९७।०० | ९८।०० | ९८।०० |

नेपालमा पहिलो पटक, नेपालकै लागि


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ असोज ५, सेप्टेम्बर २१, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | ११५।५० | ११५।५० |
| युरो १ को रू. | १३५।४६ | १३५।४६ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १५३।०१ | १५३।०१ |
| स्विस फ्रन्क १ को रू. | ११९।७० | ११९।७० |
| अस्ट्रेलियन डलर १ को रू. | ८४।०१ | ८४।०१ |
| क्यानाडियन डलर १ को रू. | ८९।४६ | ८९।४६ |
| सिङ्गापुर डलर १ को रू. | ८४।५० | ८४।५० |
| जापानी यन १० को रू. | १०।२९ | १०।२९ |
| चिनियाँ युआन १ को रू. | १६।८६ | १६।८६ |
| साउदी अरब रियाल १ को रू. | ३०।८० | ३०।८० |
| कतारी रियाल १ को रू. | ३१।७२ | ३१।७२ |
| थाई भाट १ को रू. | ३।५७ | ३।५७ |
| सं. अरब इमिरट दिराम १ को रू. | ३१।४५ | ३१।४५ |
| मलसियन रिङ्गिट १ को रू. | २७।९२ | २७।९२ |
| दक्षिण कारियन वन १०० को रू. | १०।३१ | १०।३१ |

**खरिद दर**

| | |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | ११५।५० |
| डेनिस क्रानर १ का रू. | १३५।४६ |
| हङकङ डलर १ का रू. | १५३।०१ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# बालाजु क्षेत्रमा दिनभर बिजुली जाने

काठमाडौं, (नेस)

सडक विस्तारका कारण बालाजु क्षेत्रमा शुक्रबार दिनभर बिजुली जाने भएको छ।

नेपाल विद्युत प्राधिकरणको बालाजु वितरण केन्द्रका अनुसार शुक्रबार बिहान ८ बजेदेखि दिउँसो ३ बजेसम्म (आवश्यकता अनुसार) बिजुली जानेछ। वनस्थली चोकदेखि बालाजु प्रहरी चौकीसम्म सडक विस्तारका लागि बालाजु सबस्टेशनबाट आपूर्ति हुने क्षेत्रमा बत्ती जाने केन्द्र प्रमुख सुरज रेग्मीले जानकारी दिनुभयो।

बालाजु-धर्मस्थली फिडरअन्तर्गत पुरानो गुहेश्वरी, फुलबारी गेट, मुड्खु, बतासे डाँडा, धितालथोक, तिनपिप्ले, जरंखु, नेपालटार, मनमैजु, फुटुङ, जितपुर हुँदै छत्रेदेउरालीमा बत्ती जाने छ। त्यस्तै बालाजु-नागार्जुन फिडरबाट आपूर्ति हुने एमटीसी पर्खाल, जनजागृती, रोटरी क्लब, टौडोल, शितला स्कुल, रानीवन, बुद्धचोक, राधाकृष्ण हुँदै एकलटार क्षेत्रमा विद्युत् जाने प्राधिकरणले जनाएको छ।

# सार्कका कृषकको आय दोब्बर गर्न काठमाडौंमा सम्मेलन

काठमाडौं, (नेस)

प्रधानमन्त्री केपी शर्मा ओलीले कृषिलाई आधुनिकीकरण र व्यवसायीकरणमार्फत दिगो कृषि विकास रणनीति कार्यान्वयनमा ल्याइने बताउनुभएको छ।

'सार्क क्षेत्रको कृषकको आय दोब्बर गर्न कृषि प्रसार रणनीति तथा अवधारणा' मुल नाराका बिहीबारदेखि काठमाडौंमा शुरु भएको सम्मेलनको उद्घाटन गर्नुहुँदै प्रधानमन्त्री ओलीले कृषि क्षेत्रको विकासमा सरकार संवेदनशील रहेको बताउनु भएको हो।

कृषि उपजको उत्पादनमा मुलुक आत्मनिर्भर भई निर्यात गर्ने वातावरण बनाउन सकेमात्र मुलुकको समृद्धि र आर्थिक विकास हुनसक्ने उहाँको भनाइ थियो। 'भू उपयोग नीतिलाई कडाईका साथ लागू गर्न सरकार कटिबद्ध छ। २० वर्षे कषि विकास रणनीति र प्रधानमन्त्री कृषि आधुनीकिकरण परियोजनाबाट विभिन्न क्षेत्रलाई जोन, सुपरजोन बनाइएका छन्। त्यसैलाई औद्योगिकीकरण गर्न सकिन्छ।' सम्मेलनमा बोल्दै ओलीले भन्नुभयो।

सोही कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्री चक्रपाणि खनालले सार्क राष्ट्रको साझा दायित्वका आधारमा कृषिको समस्या समाधानका लागि पहल गरिनपर्ने धारणा राख्नुभयो। 'कृषिलाई मर्यादित पेसा बनाउन र भूमिको उचित व्यवस्थापन गर्दै कृषिका माध्यमबाट युवा उद्यमीलाई रोजगारीका अवसर सिर्जना गर्न सरकार केन्द्रित भएको छ। तत्काल नतिजा नदेखिएपनि दीर्घकालीन रूपमा कृषि क्षेत्रमा यसले ठूलो महत्त्व राख्छ।'-खनालले भन्नुभयो।


## सेती गणेश बचत तथा ऋण सहकारी संस्था लि.

**दर्ता नं. (३०५/०६७-६८) सीतापाईला १ बाफल काठमाडौंको लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित सदस्यले तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षण बापत धितो राखी विविध शीर्षकमा व्यक्तिगत प्रयोजनको लागि लानु भएको कर्जा (ऋण) यस सहकारी संस्थासँग गरेको सम्झौता बमोजिम तोकिएको भाखा तथा समय सम्झौता [illegible] ... भएकोमा मिति २०७५/०४/१५ को नेपाल समाचारपत्र दैनिक पत्रिकामा कर्जा (ऋण) चुक्ता भुक्तान गर्ने ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गर्दा समेत [illegible] ... संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । [illegible] ... गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको ठेगाना तथा तीनपुस्ते विवरण | ऋणीको फोटो | धितोको विवरण | ऋण (कर्जा) रकमको विवरण |
|---|---|---|---|
| टिकाराम कोइरालाको नाति भीम प्रसाद कोइरालाको छोरा बागमती अञ्चल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १५ बालाजु बस्ने वर्ष ४४ को रामोदर कोइराला |  | ऋणीको नाममा मा.पी.का धादिङ जिल्लामा दर्ता भएको धा.जि. केवलपुर ३/क कि.नं. ८९ क्षे.फ. १-१३-२-२, ऐ.ऐ. वडा नं. ३/क कि.नं. २०५ को क्षे.फ. २-९-३-१, ऐ.ऐ. वडा नं. ३/क कि.नं. २०८ को क्षे.फ. ०-१५-३-० र ऐ.ऐ. वडा नं. ३/क कि.नं. २१३ को क्षे.फ. ४-३-०-० | साँवा रु :- [illegible]<br>ब्याज रु :- [illegible]<br>अन्य लेना रकम :- [illegible]<br>प्रथम पटक प्रकाशित सूचना खर्च:- [illegible]<br>जम्मा:- [illegible] |

**शर्त तथा बन्देजहरु:**

१) माथि उल्लेखित सम्पूर्ण सम्पतिहरु जे जस्तो अवस्था र परिमाणमा छ सोहि अवस्था र परिमाणका लागि बेग्ला बेग्लै मूल्य तोक्नु पर्नेछ।
२) आफूले कबोल गरेको अंकमा कम्तीमा १० प्रतिशत रकम यस संस्थाको कार्यालय, सितापाइला गा.वि.स. वडा नं. १ को परिवर्तित नागार्जुन न.पा. वडा नं. ४ बाफल वा संस्थाले तोकेको बैंक तथा वित्तिय संस्थामा जम्मा गरी सो को भौचर पेश गर्नु पर्नेछ।
३) लिलाम सकार गरेको मितिले १५ (पन्ध्र) दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी गराई लिनुपर्नेछ। सो म्याद भित्र रकम जम्मा नगरेमा लिलाम सकार गर्दा जम्मा गरेको धरौटी बापतको रकम स्वतः जफत हुनेछ।
४) कारण खुलाई वा नखुलाई लिलाम सदर बदर गर्ने सम्पूर्ण अधिकार यस संस्थामा नै सुरक्षित रहनेछ।
५) लिलाम बिक्री प्रकृयाको लागि लाग्ने सम्पूर्ण खर्च समेत लिलाम सकार गर्ने व्यक्तिबाट असुल उपर गरिनेछ।
६) लिलाम बिक्रि गर्ने भनिएको उल्लेखित सम्पत्ति कसैले सकार नगरेमा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी यस संस्था आफैले सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रकृयामा लैजान सक्नेछ।

**अन्तिम लिलाम बिक्रि हुने मिति : कार्तिक ०८ गते**
**समय : दिनको १० बजे देखि ४:०० बजे सम्म**
**स्थान : संस्थाको कार्यालय, बाफल, चकपथ ।**

**अन्य जानकारीको लागि सम्पर्क फोन नं. ४३०१५५५**





२०७५, असोज
शुक्रबार
५

समग्र परिसूचकमा गिरावट भएको दिन ग्लोबल आइएमई समन्नु स्किम-१ का लगानीकर्ता तथा एनआईसी एसिया बैंकका लगानीकर्ताले कमाएका छन्। त्यस्तै सबैभन्दा धेरै गुमाउनेमा सिनर्जी पावर कम्पनीका लगानीकर्ता रहेका छन्।

अर्थ

# SHARE MARKET

## 20 SEPTEMBER THURSDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 9880.00 | 364.00 | 352.00 | 359.00 | 0.00 |
| 2 | Api Power Company Ltd. | 16887.00 | 282.00 | 257.00 | 268.00 | 1.00 |
| 3 | Arambha Microfinance Bittiya Sanstha Ltd. | 730.00 | 930.00 | 905.00 | 905.00 | -6.00 |
| 4 | Arun Kabeli Power Ltd. | 9717.00 | 275.00 | 260.00 | 266.00 | -2.00 |
| 5 | Arun Valley Hydropower DevCo. Ltd. | 9622.00 | 137.00 | 131.00 | 133.00 | -6.00 |
| 6 | Asian Life Insurance Co. Limited | 2169.00 | 615.00 | 609.00 | 615.00 | 3.00 |
| 7 | Asian Life Ins Co. Ltd Promoter Share | 32760.00 | 350.00 | 350.00 | 350.00 | 0.00 |
| 8 | Bank of Kathmandu Ltd. | 13058.00 | 322.00 | 318.00 | 319.00 | -3.00 |
| 9 | Barun Hydropower Co. Ltd. | 156.00 | 129.00 | 127.00 | 129.00 | 1.00 |
| 10 | Best Finance Company Ltd. | 1100.00 | 102.00 | 100.00 | 100.00 | -2.00 |
| 11 | Bhargav Bikash Bank Ltd. | 7796.00 | 171.00 | 152.00 | 161.00 | -4.00 |
| 12 | Bishal Bazar Company Limited | 20.00 | 1660.00 | 1660.00 | 1660.00 | 0.00 |
| 13 | Butwal Power Company Limited | 17024.00 | 482.00 | 464.00 | 475.00 | 11.00 |
| 14 | Capital Merchant Bank & Fin Co. Ltd. | 186941.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 15 | Central Finance Co. Ltd. | 2560.00 | 123.00 | 119.00 | 123.00 | 4.00 |
| 16 | Century Commercial Bank Ltd. | 24318.00 | 188.00 | 184.00 | 186.00 | 1.00 |
| 17 | Chhimek Laghubitta Bikas Bank Limited | 3273.00 | 960.00 | 950.00 | 955.00 | 1.00 |
| 18 | Chhyangdi Hydropower Ltd. | 403.00 | 124.00 | 120.00 | 124.00 | 4.00 |
| 19 | Chilime Hydropower Company Limited | 10621.00 | 734.00 | 720.00 | 730.00 | -4.00 |
| 20 | Citizen Bank International Limited | 9618.00 | 257.00 | 250.00 | 252.00 | -4.00 |
| 21 | Citizen Investment Trust | 826.00 | 2390.00 | 2381.00 | 2381.00 | -19.00 |
| 22 | City Express Finance Co. Limited | 1250.00 | 104.00 | 100.00 | 104.00 | 1.00 |
| 23 | Civil Bank Ltd | 57627.00 | 171.00 | 165.00 | 170.00 | 3.00 |
| 24 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 167.00 | 709.00 | 696.00 | 696.00 | -14.00 |
| 25 | Corporate Development Bank Limited | 150.00 | 102.00 | 100.00 | 100.00 | -3.00 |
| 26 | Deprosc Laghubitta Bittiya Sanstha Ltd | 2862.00 | 686.00 | 667.00 | 683.00 | 3.00 |
| 27 | Deva Bikas Bank Limited | 102124.00 | 148.00 | 137.00 | 141.00 | 5.00 |
| 28 | Everest Bank Limited | 9109.00 | 660.00 | 651.00 | 651.00 | -9.00 |
| 29 | Everest Insurance Co. Ltd. | 510.00 | 1260.00 | 1241.00 | 1246.00 | -19.00 |
| 30 | Excel Development Bank Ltd. | 2670.00 | 294.00 | 287.00 | 289.00 | 0.00 |
| 31 | First Micro Finance LBS Ltd. | 3728.00 | 415.00 | 409.00 | 410.00 | -2.00 |
| 32 | Forward Community Microe Bittiya S Ltd. | 364.00 | 2180.00 | 2137.00 | 2137.00 | -40.00 |
| 33 | Gandaki Bikas Bank Limited | 4801.00 | 211.00 | 207.00 | 207.00 | -4.00 |
| 34 | Garima Bikas Bank Limited | 9940.00 | 200.00 | 196.00 | 197.00 | -1.00 |
| 35 | Global IME Bank Limited | 14965.00 | 323.00 | 315.00 | 316.00 | -1.00 |
| 36 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 132.00 | 1140.00 | 1120.00 | 1130.00 | -10.00 |
| 37 | Global IME Samunnat Scheme-1 | 26000.00 | 9.02 | 8.30 | 9.02 | 0.82 |
| 38 | Goodwill Finance Co. Ltd. | 99.00 | 125.00 | 125.00 | 125.00 | -2.00 |
| 39 | Grameen Bikas LBS Ltd. | 2680.00 | 560.00 | 550.00 | 552.00 | -8.00 |
| 40 | Green Development Bank Ltd. | 4890.00 | 120.00 | 114.00 | 115.00 | 1.00 |
| 41 | Guheshowori Merchant Bank & Fin Co. Ltd. | 2096.00 | 125.00 | 124.00 | 124.00 | -2.00 |
| 42 | Gurans Life Insurance Company Ltd. | 1287.00 | 828.00 | 811.00 | 812.00 | -13.00 |
| 43 | Gurkhas Finance Ltd. | 1942.00 | 110.00 | 106.00 | 110.00 | 3.00 |
| 44 | Hathway Finance Company Limited | 2180.00 | 120.00 | 118.00 | 120.00 | 2.00 |
| 45 | Himalayan Bank Limited | 3036.00 | 565.00 | 554.00 | 560.00 | -4.00 |
| 46 | Himalayan Distillery Limited | 40.00 | 1363.00 | 1336.00 | 1336.00 | -54.00 |
| 47 | Himalayan General Insurance Co. Ltd | 5189.00 | 446.00 | 432.00 | 436.00 | -7.00 |
| 48 | Himalayan Power Partner Ltd. | 2150.00 | 271.00 | 255.00 | 257.00 | -13.00 |
| 49 | IME General Insurance Ltd. | 775.00 | 854.00 | 818.00 | 818.00 | -21.00 |
| 50 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 6118.00 | 164.00 | 161.00 | 162.00 | -2.00 |
| 51 | Janaki Finance Ltd. | 604.00 | 218.00 | 217.00 | 217.00 | 3.00 |
| 52 | Janata Bank Nepal Ltd. | 50500.00 | 187.00 | 181.00 | 186.00 | 4.00 |
| 53 | Janautthan Samudayic LBB Ltd. | 36.00 | 2900.00 | 2895.00 | 2900.00 | 5.00 |
| 54 | Jebils Finance Ltd. | 270.00 | 100.00 | 100.00 | 100.00 | 0.00 |
| 55 | Jyoti Bikas Bank Limited | 9174.00 | 148.00 | 144.00 | 146.00 | 2.00 |
| 56 | Kabeli Bikas Bank Limited | 1292.00 | 315.00 | 310.00 | 312.00 | -3.00 |
| 57 | Kailash Bikas Bank Ltd. | 3513.00 | 241.00 | 235.00 | 239.00 | 2.00 |
| 58 | Kalika Laghubitta Bittiya Sanstha Ltd. | 10.00 | 1386.00 | 1386.00 | 1386.00 | 18.00 |
| 59 | Kamana Sewa Bikas Bank Limited | 7954.00 | 154.00 | 151.00 | 153.00 | 1.00 |
| 60 | Kanchan Development Bank Limited | 900.00 | 188.00 | 188.00 | 188.00 | -3.00 |
| 61 | Kankai Bikas Bank Ltd. | 4189.00 | 135.00 | 128.00 | 133.00 | 4.00 |
| 62 | Karnali Development Bank Limited | 3363.00 | 108.00 | 105.00 | 105.00 | -1.00 |
| 63 | Khanikhola Hydropower Co. Ltd. | 628.00 | 109.00 | 104.00 | 106.00 | 2.00 |
| 64 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 530.00 | 1709.00 | 1709.00 | 1709.00 | -34.00 |
| 65 | Kumari Bank Limited | 51388.00 | 244.00 | 238.00 | 243.00 | 2.00 |
| 66 | Laxmi Bank Limited | 6700.00 | 257.00 | 254.00 | 257.00 | -1.00 |
| 67 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 864.00 | 1040.00 | 985.00 | 1025.00 | 25.00 |
| 68 | Laxmi Value Fund-1 | 15000.00 | 10.35 | 10.30 | 10.35 | 0.15 |
| 69 | Life Insurance Co. Nepal | 25.00 | 1589.00 | 1589.00 | 1589.00 | -31.00 |
| 70 | Lumbini Bikas Bank Ltd. | 24048.00 | 163.00 | 159.00 | 162.00 | 1.00 |
| 71 | Lumbini General Insurance Co. Ltd. | 10808.00 | 569.00 | 551.00 | 551.00 | -18.00 |
| 72 | Machhapuchhre Bank Limited | 24684.00 | 228.00 | 222.00 | 225.00 | 0.00 |
| 73 | Mahalaxmi Bikas Bank Ltd. | 13112.00 | 198.00 | 193.00 | 198.00 | 3.00 |
| 74 | Mahila Sahayatra Micro Bittiya Sanstha Ltd. | 147.00 | 665.00 | 645.00 | 645.00 | -25.00 |
| 75 | Mahuli Samudayik LBS Ltd. | 100.00 | 2497.00 | 2430.00 | 2430.00 | 24.00 |
| 76 | Manjushree Finance Ltd. | 2428.00 | 127.00 | 126.00 | 127.00 | -1.00 |
| 77 | Mega Bank Nepal Ltd. | 44191.00 | 194.00 | 190.00 | 193.00 | 1.00 |
| 78 | Mero Microfinance Bittiya Sanstha Ltd. | 6406.00 | 1250.00 | 1189.00 | 1244.00 | 33.00 |
| 79 | Mirmire LaghuBitta Bittiya Sanstha Limited | 105.00 | 1535.00 | 1530.00 | 1530.00 | 0.00 |
| 80 | Miteri Development Bank Limited | 9362.00 | 312.00 | 300.00 | 303.00 | 6.00 |
| 81 | Mithila LaghuBitta Bittiya Sanstha Limited | 90.00 | 930.00 | 912.00 | 912.00 | -8.00 |
| 82 | Muktinath Bikas Bank Ltd. | 5659.00 | 409.00 | 405.00 | 406.00 | -1.00 |
| 83 | Nabil Bank Limited | 6516.00 | 970.00 | 960.00 | 962.00 | -6.00 |
| 84 | NABIL Bank Limited Promotor Share | 8968.00 | 754.00 | 743.00 | 743.00 | -3.00 |
| 85 | Nabil Equity Fund | 1407.00 | 9.55 | 9.36 | 9.36 | 0.00 |
| 86 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 271.00 | 1040.00 | 1019.00 | 1040.00 | 6.00 |
| 87 | National Hydro Power Company Limited | 9180.00 | 84.00 | 82.00 | 83.00 | -1.00 |
| 88 | National Life Insurance Co. Ltd. | 2770.00 | 726.00 | 714.00 | 714.00 | -19.00 |
| 89 | National Microfinance Bittiya Sanstha Ltd. | 379.00 | 2250.00 | 2190.00 | 2220.00 | -5.00 |
| 90 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 30.00 | 676.00 | 675.00 | 675.00 | -13.00 |
| 91 | Neco Insurance Co. Ltd. | 13352.00 | 577.00 | 560.00 | 560.00 | -12.00 |
| 92 | Nepal Bangladesh Bank Limited | 21789.00 | 216.00 | 212.00 | 213.00 | -2.00 |
| 93 | Nepal Bank Limited | 53221.00 | 315.00 | 307.00 | 311.00 | 4.00 |
| 94 | Nepal Community Development Bank Ltd. | 376.00 | 126.00 | 123.00 | 126.00 | 2.00 |
| 95 | Nepal Credit And Commercial Bank Ltd | 22285.00 | 212.00 | 206.00 | 209.00 | 2.00 |
| 96 | Nepal Doorsanchar Comapany Limited | 1100.00 | 794.00 | 780.00 | 794.00 | 5.00 |
| 97 | Nepal Hydro Developers Ltd. | 150.00 | 152.00 | 150.00 | 150.00 | -2.00 |
| 98 | Nepal Insurance Co. Ltd. | 20033.00 | 583.00 | 566.00 | 566.00 | -14.00 |
| 99 | Nepal Investment Bank Limited | 17889.00 | 652.00 | 647.00 | 650.00 | 0.00 |
| 100 | Nepal Investment Bank Ltd. Promoter Share | 5260.00 | 589.00 | 575.00 | 575.00 | -3.00 |
| 101 | Nepal Life Insurance Co. Ltd. | 7283.00 | 935.00 | 921.00 | 927.00 | -5.00 |
| 102 | Nepal SBI Bank Limited | 4445.00 | 506.00 | 500.00 | 501.00 | -6.00 |
| 103 | Nerude Laghubita Bikas Bank Limited | 3125.00 | 604.00 | 592.00 | 597.00 | -3.00 |
| 104 | Ngadi Group Power Ltd. | 1092.00 | 151.00 | 140.00 | 148.00 | 1.00 |
| 105 | NIBL Pragati Fund | 2021.00 | 8.00 | 7.84 | 7.84 | -0.16 |
| 106 | NIC Asia Bank Ltd. | 112030.00 | 423.00 | 407.00 | 423.00 | 16.00 |
| 107 | NIC Asia Growth Fund | 300.00 | 9.70 | 9.70 | 9.70 | 0.00 |
| 108 | Nirdhan Utthan LBS Limited | 426.00 | 1006.00 | 1000.00 | 1005.00 | 2.00 |
| 109 | NLG Insurance Company Ltd. | 844.00 | 890.00 | 871.00 | 871.00 | -24.00 |
| 110 | NMB Microfinance Bittiya Sanstha Ltd. | 355.00 | 1535.00 | 1529.00 | 1530.00 | -30.00 |
| 111 | NMB Bank Limited | 106780.00 | 363.00 | 356.00 | 361.00 | 3.00 |
| 112 | NMB Hybrid Fund L-1 | 6341.00 | 9.76 | 9.66 | 9.66 | -0.10 |
| 113 | NMB Sulav Investment Fund-1 | 120000.00 | 13.10 | 13.02 | 13.02 | -0.05 |
| 114 | Oriental Hotels Limited | 2552.00 | 535.00 | 524.00 | 524.00 | -1.00 |
| 115 | Pokhara Finance Ltd. | 1559.00 | 150.00 | 148.00 | 150.00 | 0.00 |
| 116 | Prabhu Bank Limited | 85446.00 | 222.00 | 215.00 | 217.00 | 0.00 |
| 117 | Prabhu Insurance Ltd. | 4797.00 | 528.00 | 514.00 | 514.00 | -13.00 |
| 118 | Premier Insurance Co. Ltd. | 9321.00 | 1169.00 | 1147.00 | 1151.00 | -7.00 |
| 119 | Prime Commercial Bank Ltd. | 25217.00 | 335.00 | 328.00 | 328.00 | -4.00 |
| 120 | Prime Life Insurance Company Limited | 5329.00 | 545.00 | 528.00 | 529.00 | -13.00 |
| 121 | ProgressiveFinance Limited | 360.00 | 103.00 | 102.00 | 103.00 | 2.00 |
| 122 | Prudential Insurance Co. Ltd. | 1621.00 | 805.00 | 785.00 | 800.00 | -15.00 |
| 123 | Purnima Bikas Bank Ltd. | 1800.00 | 183.00 | 180.00 | 180.00 | -3.00 |
| 124 | Radhi Bidyut Company Ltd | 260.00 | 220.00 | 214.00 | 220.00 | -4.00 |
| 125 | Rairang Hydropower Dev Company Ltd. | 790.00 | 143.00 | 140.00 | 142.00 | -2.00 |
| 126 | Rastriya Beema Company Limited | 190.00 | 10200.00 | 10050.00 | 10200.00 | -155.00 |
| 127 | Rastriya Beema Com Ltd Promoter Share | 320.00 | 9200.00 | 9001.00 | 9001.00 | -299.00 |
| 128 | Reliance Finance Ltd. | 3819.00 | 125.00 | 123.00 | 125.00 | 1.00 |
| 129 | Ridi Hydropower Development ComLtd. | 8285.00 | 123.00 | 120.00 | 121.00 | -1.00 |
| 130 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 1616.00 | 660.00 | 650.00 | 651.00 | -9.00 |
| 131 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 594.00 | 495.00 | 492.00 | 494.00 | -2.00 |
| 132 | Sagarmatha Insurance Co. Ltd. | 720.00 | 1480.00 | 1426.00 | 1440.00 | -18.00 |
| 133 | Sahayogi Bikas Bank Limited | 3563.00 | 231.00 | 227.00 | 227.00 | -5.00 |
| 134 | Samata Microfinance Bittiya Sanstha Ltd. | 172.00 | 1160.00 | 1137.00 | 1137.00 | -23.00 |
| 135 | Sana Kisan Bikas Bank Ltd | 761.00 | 1161.00 | 1147.00 | 1147.00 | -14.00 |
| 136 | Sanima Bank Limited | 13511.00 | 345.00 | 337.00 | 339.00 | -2.00 |
| 137 | Sanima Equity Fund | 1000.00 | 9.80 | 9.60 | 9.60 | -0.40 |
| 138 | Sanima Mai Hydropower Ltd. | 246708.00 | 326.00 | 300.00 | 314.00 | -6.00 |
| 139 | Saptakoshi Development Bank Ltd. | 4916.00 | 128.00 | 124.00 | 124.00 | 0.00 |
| 140 | Shangrila Development Bank Ltd. | 6099.00 | 157.00 | 151.00 | 154.00 | 2.00 |
| 141 | Shikhar Insurance Co. Ltd. | 2135.00 | 965.00 | 945.00 | 945.00 | -20.00 |
| 142 | Shine Resunga Development Bank Ltd. | 1178.00 | 293.00 | 288.00 | 293.00 | 2.00 |

Total Amount Rs. 555,061,502 Total Quantity 2,015,829 Total No of Transactions 5,966

# राजधानीमा एक सातालाई पुग्ने इन्धन मौज्दात

काठमाडौं, (नेस)

पेट्रोलियम पदार्थ ढुवानी गर्ने ट्यांकरका चालकले गरेको हड्तालका कारण पेट्रोलियम ढुवानी ठप्प भएको छ। मुलुककी संहिताको विरोध गर्दै देशभरका चालकले हड्ताल गर्दा सार्वजनिक सेवा तथा अतिआवश्यकीय पेट्रोलियम पर्दाथको समेत ढुवानी अवरुद्ध हुँदा राजधानीको इन्धन आपूर्तिमा समस्या भएको छ।

मुलुकी संहितामा दुर्घटना भएमा सवारी चालकलाई तीन वर्षदेखि १० वर्षसम्म कैद र ३० हजार जरिवाना हुने व्यवस्थाको विरोध स्वरूपनै चालकले हड्ताल गरेको पेट्रोलियम डिलर एसोसिएसन बाग्मतीका अध्यक्ष अचुतबहादुर खड्काले बताउनुभयो।

नेपाल आयल निगमले सूचना गर्दै ट्याकंर चालकलाई सहज आपूर्ति सुचारु गर्न कडा निर्देशन दिएको छ। निर्देशन अवज्ञा गरी पेट्रोलियम पदार्थ ढुवानी नगर्ने चालकलाई हटाउने चेतावनी दिएको निगमका निमित्त प्रमुख सुशील भट्टराईले बताउनुभयो।

निगमको थानकोट डिपोका प्रमुख भरत रेग्मीका अनुसार करिब एक सातालाई उपत्यकाको माग धान्न इन्धनको मौज्दात रहेको छ। उपत्यकाको माग पेट्रोलको ६ लाख किलोलिटर रहेको छ। रेग्मीले बिहीबार साढे पाँच लाख पेट्रोल बजारमा पठाइएको जानकारी दिँदै भन्नुभयो-'उपभ्कोताले बन्द हुने त्रासका कारण आवश्यकताभन्दा बढी भण्डारण गरेका कारण पम्पमा लाइन लामो भएको रेग्मीको भनाइ छ। भोलिदेखि कम हुने रेग्मीले भन्दै अनावश्यक तेल मौज्दात राख्ने गरी तेल नभर्न समेत आग्रह गर्नुभयो।

बजारको मागलाई सहज होस् भनेर थानकोट डिपोले साझा पम्पका ट्यांकर मगाएर २ लाख किलोलिटर र सशस्त्र प्रहरीका ट्यांकरमार्फत पेट्रोल बिहान साढे ८ बजेबाट नै उपत्यकामा इन्धन आपूर्ति गरेको रेग्मीले बताउनुभयो। पूर्वी र मध्य तराईमा सवारी साधन सहज नभएपछि थानकोट डिपोले १ लाख किलोलिटर पेट्रोल नेपालगन्ज नाकाबाट मगाएको छ।

# झिनो अंकले नेप्सेमा गिरावट

काठमाडौं, (नेस)

साताको अन्तिम कारोबारमा नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक घटेर बन्द भएको छ। बिहीबार नेप्से ३ दशमलव ७४ अंकले घटेर १२५५ दशमलव शून्य ७ अंकको बिन्दूमा झरेको छ। यस दिन कुल ५५ करोड ५० लाख ६१ हजार ५०२ रुपियाँको कारोबार भएको छ।

यस दिन कारोबारमा आएका तीन वटा समूहबाहेक अन्य सबै समूहमा गिरावट आएको छ। जसमध्ये सबैभन्दा धेरै होटल समूह २० दशमलव ५७ अंकले बढेको छ भने विकास बैंक समूह र अन्य समूह क्रमशः ४ दशमलव ६९ अंक र १ दशमलव ८३ अंकले बढेका छन्।

त्यस्तै सबैभन्दा धेरै निर्जीवन समूह १०७ दशमलव ४८ अंकले घटेको छ। साथै जीवन बीमा समूहमा पनि करिब ८० अंकको गिरावट भएको छ। बिहीबार 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पनि शून्य दशमलव ५१ अंकले घटेर २६६ दशमलव शून्य ९ को बिन्दूमा झरेको छ।

समग्र परिसूचकमा गिरावट भएको दिन ग्लोबल आइएमई समन्नु स्किम-१ का लगानीकर्ता तथा एनआईसी एसिया बैंकका लगानीकर्ताले कमाएका छन्। त्यस्तै सबैभन्दा धेरै गुमाउनेमा सिनर्जी पावर कम्पनीका लगानीकर्ता रहेका छन्। बिहीबार सबैभन्दा धेरै सानिमा माई पावर कम्पनीको शेयर कारोबार भएको छ।

## PRESS RELEASE

### रियल स्कुल अफ नेपाल मध्यमाञ्चल अडिसन सम्पन्न



काठमाडौं, (नेस)

रियल स्कुल अफ नेपाल २०१८ अन्तर्गत ११औं क्षेत्रीय फाइनल मध्यमाञ्चलको ललितपुरमा सम्पन्न भएको। यस प्रतियोगिताबाट विजयी विद्यालय जेम्स स्कुल घोषित भएको छ। विजयी विद्यालयका सहभागी विद्यार्थीहरूमा पुस्पिका थापा, आस्था क्षेत्री, दिभश डंगोल, सुरेश महर्जन, कृषा बज्रचार्य र आदित्य थापा रहेका छन्।

विजयी विद्यार्थीले काठमाडौंमा सम्पन्न हुने रियल स्कुल अफ नेपाल २०१८ को अन्तिम चरणको प्रतियोगितामा अन्य विजयी विद्यालयका विद्यार्थीसँग प्रतिस्पर्धा गर्नेछन्।

### नबिल बैंकको वैदेशिक यात्रा स्वास्थ्य बीमा योजना

काठमाडौं, (नेस)

नबिल बैंकले वैदेशिक भ्रमणमा जाने ग्राहकको सुविधालाई मध्य नजर गर्दै आफ्ना नियमित सेवाका साथ वैदेशिक यात्रा स्वास्थ्य बीमा योजना तुरुन्त जारी गर्ने भएको छ। बैंकले आफ्नो काउन्टरबाट भिसा इन्टरनेसनल प्रिपेड कार्ड, बैंक ड्राफ र विदेशी मुद्रा सटही जस्ता सेवाका लागि ग्राहकलाई वैदेशिक यात्रा (ट्राभल) बीमा योजना सेवा पनि उपलब्ध गराउनेछ। यो पूर्ण नवीन अवधारणालाई नबिल बैंकले पहिलोपटक बजारमा ल्याएको दाबी गरेको छ। यो सेवाको लागि नबिल बैंकले प्रभु इन्सुरेन्ससँग साझेदारी गरेको छ। अब नबिल बैंकबाट सेवा लिन आउनुहुने ग्राहकले बिना झन्झट बैंकका काउन्टरबाट बैदेशिक यात्रा (ट्राभल) स्वास्थ्य बीमा तुरुन्त खरिद गर्न सक्नेछन्।

विदेश यात्रा गर्ने यात्रीलाई स्वास्थ्य बीमा निकै नै उपयोगी हुनेछ किनकी यसले अचानक र अनपेछित बिरामी, विदेश बसाइको क्रममा हुने दुर्घटना र जाँच गरी हराएका ब्यागेज र राहदानी, यात्रामा ढिलाई, अपहरण जस्ता घटनाबाट हुने क्षतिको भरण गर्दछ। 'मलाई विश्वास छ, ट्राभल बीमा सेवाको हाम्रा बैंकका सेवासँग समायोजनबाट ग्राहकको सम्पूर्ण यात्रा आवश्यकतालाई एकद्वार प्रणालीबाट समाधान दिन सक्षम हुनेछौं। साथै यसले विदेश यात्रा गर्ने व्यक्तिलाई सुरक्षित र सुविधाजनक यात्राको लागि बीमाको महत्वबारे सजग गराउन पनि मद्दत गर्नेछ। बैंकिङ सेवाका साथ विदेश यात्राको लागि ग्राहकहरूका सुविधामा कटिबद्ध हुँदै आएका हामी, अब बीमा सेवाको साथमा हाम्रा ग्राहकको सुरक्षामा पनि कटिबद्ध हुनेछौं। यो सेवाको लागि हामी प्रभु इन्स्योरेन्ससँग सहकार्य गर्न पाउदा ज्यादै हर्सित छौ।' नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत अनिलकेशरी शाहले भन्नुभयो।

### एनसेलका दोस्रो साताका विजेतालाई पुरस्कार



काठमाडौं, (नेस)

एनसेलले चाडपर्वको अवसरमा ल्याएको आकर्षक 'रिचार्ज एन्ड विन' अफर अन्तर्गत दोस्रो हप्ताका विजेतालाई नगद पुरस्कार हस्तान्तरण गरेको छ।

'रिचार्ज एन्ड विन' १० हप्ता सम्ममा सञ्चालनमा रहने अफर हो। दोस्रो हप्ताका विजेता छानिएका हुन्। दोस्रो हप्ताका १० विजेता ग्राहकमध्ये दुई जनाले जनही नगद एक लाख पुरस्कार प्राप्त गरेका छन्। दोस्रो हप्ताका अन्य आठ विजेताको पहिचान तथा प्रमाणित गर्ने काम भई रहेको कम्पनीले जनाएको छ।

एनसेलका चिफ स्ट्राटिजी अफिसर इरविन एम युसुफले काठमाडौंमा आयोजित एक कार्यक्रमका बीच दोस्रो हप्ताका दुई विजयी नुवाकोटका कृष्णा कुमारी थापा र तनहुँका अर्जुन परियारलाई बिहीबार जनही एक लाख नगद पुरस्कार प्रदान गरेका हुन्। सोही कार्यक्रममा युसुफले पहिलो हप्ताका अन्य तीनजना विजयी ग्राहकलाई पनि नगद पुरस्कार प्रदान गरेका छन्। धादिङका रामहरी अर्याल, चितवनका राजकुमार गुरुङ र कुशल गुरुङले पहिलो हप्ताअन्तर्गत जनही एक लाख जितेका थिए।



नेपाल समाचारपत्र

जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ